सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३ फागुन २०८२, आइतबार (15 Feb 2026, Sunday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २९७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

टिकट नपाएका प्रमुख पार्टीका पदाधिकारी र पूर्वपदाधिकारी के गर्दै छन् ?

पार्टी नेतृत्वको बेवास्तामा परेर टिकट र ठोस जिम्मेवारी नपाएका नेताहरू कोही स्वतःस्फूर्त चुनावी अभियानमा छन् भने कोही मौन छन्

■ कांग्रेस वरिष्ठ नेताहरू 'साइडलाइन'मा



निवर्तमान सभापति शेरबहादुर देउवा, पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्का, पूर्वमहामन्त्रीहरू कृष्णप्रसाद सिटौला, प्रकाशमान सिंह र डा. शशांक कोइराला चुनावी अभियानमा देखिएका छैनन् । टिकट नपाएका नेताहरू धनराज गुरुङ, बालकृष्ण खाण, दीपक खड्का र मोहन बस्नेतले आ-आफ्नो क्षेत्रमा प्रचारप्रसार गरिरहेका छन् ।



देवराज चालिसे
प्रवक्ता, कांग्रेस

विशेष महाधिवेशन र नियमित महाधिवेशनको विषयलाई लिएर अलिकति तुष बाँकी छ । तर, सबैलाई मिलाएर निर्वाचनमा कांग्रेसलाई जिताउन लैजानेछौं । प्रचारप्रसारमा नआउनुभएका नेताहरूलाई कुनै न कुनै रूपमा ल्याउनेछौं । अघिल्लो कार्यसमिति र वर्तमान कार्यसमितिको दोस्रो तहका नेताहरूबिच छलफल भइरहेको छ ।

■ टिकट नपाएका एमाले नेतालाई चुनावी जिम्मेवारीमा पनि उपेक्षा



पूर्वउपाध्यक्षहरू युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य, सुरेन्द्र पाण्डे तथा बहालवाला उपाध्यक्ष रघुजी पन्त र उपमहासचिव योगेश भट्टराई उम्मेदवार छैनन् । पूर्वसचिव छविलाल विश्वकर्मा र पूर्वसञ्चारमन्त्री गोकुल बाँस्कोटाले पनि यसपटक टिकट पाएनन् । टिकट नपाएका यी नेतालाई एमालेले चुनावी प्रचारमा पनि खटाएको छैन ।



योगेश भट्टराई
उपमहासचिव, एमाले

चुनावमा मलाई जिम्मेवारी दिइएको छैन । तर, आफैंले जानेर, बुझेर चुनावकेन्द्रित काम गरिरहेको छु, जुन-जुन जिल्लाबाट बोलाइयो, ती जिल्लामा गएर भेटघाट गरेर भोट मान्न सहभागी भएको छु । पार्टी र उम्मेदवारलाई जिताउन आह्वान गर्दै सहभागी भएर फर्किएको छु, परिस्थितिबारे सुझाव पनि दिने गरेको छु ।

■ नेकपाका नेता असन्तुष्टि 'लुकाएर' चुनावी अभियानमा



निर्वाचन नलडेका नेकपाका नेताहरू चुनावी अभियानमा होमिएका छन् । वरिष्ठ नेता झलनाथ खनाल, वामदेव गौतम, राजेन्द्र श्रेष्ठ, अग्नि सापकोटा, पम्फा भुसाल, प्रकाश ज्वाला, देव गुरुङ, बेदुराम भुसाल, प्रमेश हमाल, जगन्नाथ खतिवडालगायत नेताहरू उम्मेदवार नबने पनि पार्टीलाई जिताउन अभियानमा होमिएका छन् ।



माधव नेपाल
सहसंयोजक, नेकपा

सिंगो पार्टीपंक्ति उत्साहका साथ चुनावमा परिचालन भएको छ । निर्वाचनमा उम्मेदवार नहुनुभएका नेतृत्व तहका कमरेडहरू केन्द्रीय निर्वाचन परिचालन सचिवालयमा रहेर काम गरिरहनुभएको छ । देशभरका तारावाहक उम्मेदवार जिताउन परिचालित हुनुभएको छ । सबै कमरेडहरू एकढिक्का भएर चुनाव अभियानमा खटिनुभएको छ ।

शुरोजंग पाण्डे, प्रेम गौतम

२१ फागुनको प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा टिकट नपाएका प्रमुख दलका प्रभावशाली पदाधिकारी र पूर्वपदाधिकारी चुनाव परिचालनको औपचारिक जिम्मेवारीमा छैनन् । नेतृत्वसँग असन्तुष्टि, कानुनी विवाद र आन्तरिक शक्ति-सन्तुलनबिच उनीहरूमध्ये कोही स्वतःस्फूर्त चुनावी अभियानमा छन् भने कोही मौन छन् ।

कांग्रेस निवर्तमान सभापति शेरबहादुर देउवासहित प्रमुख पार्टीबाट उम्मेदवार नरहेका करिब दुई दर्जन नेता चुनाव परिचालनको जिम्मेवारीबाटै वञ्चित छन् । पार्टी नेतृत्वको बेवास्तामा परेर टिकट र ठोस जिम्मेवारी नपाएका उनीहरू अपेक्षाकृत सक्रिय छैनन् ।

निष्क्रिय बस्दा कार्यकर्ताले नै प्रश्न उठाउन सक्ने दबाबमा परेपछि यी नेताहरू आ-आफ्नो तरिकाले चुनावी प्रचारमा छन् । र, पार्टीभित्र कतिपयको मत छ- टिकट नपाएका नेताहरूलाई पनि चुनावी दौडाहामा परिचालन गरेर एकताको सन्देश दिनुपर्छ र उनीहरूको क्षमताको पनि उपयोग गर्नुपर्छ ।

विशेष महाधिवेशनबाट सभापति भएपछि गगन थापाले पूर्वसभापति देउवा र उनीनिकट धेरै प्रभावशाली नेताहरूको टिकट रोकेका छन् । अर्कोतर्फ एमालेमा अध्यक्ष केपी ओलीले पनि सुरेन्द्र पाण्डे, योगेश भट्टराई, छविलाल विश्वकर्मा र गोकुल बाँस्कोटाजस्ता नेतालाई टिकट र चुनावी जिम्मेवारीबाट रोकेका छन् ।

नेकपाभित्र पनि उम्मेदवार नरहेका वरिष्ठ नेता झलनाथ खनालसहित केही शीर्ष तहका नेता चुनावसम्बन्धी परिभाषित जिम्मेवारीबाट वञ्चित नै छन् । नेकपामा धेरै युवाले टिकट पाउँदा पाका नेताहरू किनारामा परेका छन् ।

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

शिवरात्रिमा धपक्क पशुपति



शब्द/तस्बिर : **दिपेन्द्र ढुंगाना**

शिवरात्रिका लागि सिँगारिएको पाशुपत क्षेत्र शनिबार राति ड्रोनबाट यस्तो देखियो । दर्शनका लागि आइतबार बिहान २ बजेदेखि नै पशुपतिनाथ मन्दिरका चारवटै ढोका खोलिएको छ । आठ लाख दर्शनार्थीले पशुपतिको दर्शन गर्ने अनुमान गरिएको छ । नेपालका विभिन्न ठाउँ र भारतबाट समेत साधुसन्त र नागाबाबाहरू पशुपति आइसकेका छन् । शनिबार वनकाली क्षेत्रमा धुनी लगाएका अवस्थामा उनीहरू भेटिए ।

पशुपति क्षेत्र विकास कोषले यसपटक मन्दिर दर्शनका लागि कुनै पनि पासको व्यवस्था गरेको छैन । बत्तीसपुतली, मैतीदेवी, पुरानो बानेश्वरतर्फबाट आउने दर्शनार्थी दक्षिण ढोकाबाट प्रवेश गरी ६४ शिवलिंगमार्ग हुँदै मन्दिर प्रांगण प्रवेश गर्न सक्नेछन् । विमानस्थल, तिलगंगा क्षेत्रबाट आउने दर्शनार्थी मन्दिरको पूर्वी ढोकाबाट प्रवेश गर्न सक्नेछन् । चाबहिलतर्फबाट आउने भक्तजनले उत्तर ढोकाबाट दर्शन गर्न सक्नेछन् भने सिफलबाट आउने दर्शनार्थीले भुवनेश्वरीको सानो ढोकाबाट दर्शन गर्न सक्ने कोषले जनाएको छ । कोषले दर्शनार्थीलाई बहुमूल्य गरगहना लगाएर नजान अनुरोध गरेको छ ।

शिवरात्रिमा 'निर्वाचन प्रहरी' पनि सुरक्षामा

निर्वाचन प्रहरीसहित चार हजार सुरक्षाकर्मी परिचालन

परिचालित सुरक्षाकर्मी तीन सिफ्टमा खटिनेछन् । दर्शनार्थीको लाइन व्यवस्थापन गर्नेदेखि आपराधिक गतिविधि नियन्त्रणसम्मका कार्य गर्नेछन् । लुटपाट नियन्त्रणका लागि ठुलो संख्यामा सादा पोसाकका प्रहरी परिचालन गरिएका छन् । प्रहरीका अनुसार पर्वभर सिसिक्यामेरा र ड्रोनबाट समेत सुरक्षा निगरानी गरिनेछ । ५० भन्दा धेरै सिसिक्यामेरा र दर्जनभन्दा धरै ड्रोन क्यामेरा सञ्चालनमा ल्याइनेछ ।

■ राप्रपाको संकल्पपत्र सार्वजनिक

पूर्वराजासहितको सर्वपक्षीय सहमतिमा पुनः जोड

नयाँ पत्रिका

राप्रपाले २१ फागुनको निर्वाचनका लागि संकल्पपत्र शनिबार सार्वजनिक गरेको छ । पार्टी अध्यक्ष राजेन्द्र लिङ्देनले संकल्पपत्र सार्वजनिक गर्दै पूर्वराजासहितको सर्वपक्षीय सहमतिमा पुनः जोड दिएका छन् । उनले आफ्नो मुद्दा स्थापित गर्ने आन्दोनलका रूपमा चुनावलाई उपयोग गर्ने निर्णयअनुसार निर्वाचनमा राप्रपा सहभागी भएको पनि प्रस्टीकरण दिएका छन् ।

'वर्तमान संविधान र यस संविधानअन्तर्गतको निर्वाचन प्रणालीमा हुने निर्वाचन विद्यमान समस्याको समाधान नभई समस्यालाई अलि पर धकेल्ने र अझ जटिल बनाउने कार्य मात्र

» पृष्ठ २ मा क्रमशः

■ चुनावी संकल्पपत्रका मुख्य बुँदा



तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

- प्रदेशको खारेजी, केन्द्र र बलियो स्थानीय तह भएको दुई तहको शासकीय संरचनामा जोड
- भ्रष्टाचारसम्बन्धी सूचना दिनेलाई संरक्षण तथा प्रोत्साहन गर्न सूचक संरक्षण ऐन बनाई लागू गरिने
- सबै प्रकारका असमान सन्धि, सम्झौता खारेज गरिने, आर्थिक कूटनीतिलाई जोड दिइने, नेपाल शान्ति क्षेत्रको प्रस्तावलाई पुनर्जीवित गरिने
- शिक्षा क्षेत्रमा देखिएको राजनीतीकरण, दलीय भागबन्डा, अराजकता र विसंगति अन्त्य गर्ने
- महेन्द्र राजमार्गलाई तीन वर्षभित्र अन्तर्राष्ट्रिय हाइवेको मापदण्डमा स्तरोन्नति गर्ने
- खेलकुद र खेलाडीको प्रशिक्षणलाई उच्च प्राथमिकता दिन, नेपाललाई साहसिक खेल गन्तव्यका रूपमा विकास गरिने
- गरिबीको रेखामुनि रहेका नागरिक तथा परिवारलाई आधारभूत खाद्यान्न पुऱ्याउन हरेक पालिकामा रासन कार्ड वितरण केन्द्रहरू सञ्चालन गरिने
- संगठित र योजनाबद्ध धर्म परिवर्तनलाई नियन्त्रण र निरुत्साहित गरिने



कर्नर किक

● रवि मिश्र



हृदयाघातले लिँदै छ युवाहरूकै ज्यान

हृदयाघातबाट दैनिक १६ देखि १८ जनासम्मको मृत्यु हुने गरेकोमा ४० प्रतिशत ४५ वर्षमुनिका रहने गरेको स्वास्थ्य मन्त्रालयको तथ्यांक, पहिला पाको उमेरका व्यक्तिमा बढी देखिने गरेको भए पनि अहिले युवाहरूमै समस्या

शिवहरि घिमिरे/नयाँ पत्रिका

वरिष्ठ कलाकार सुनील थापा शनिबार बिहान मृत अवस्थामा भेटिए । चिकित्सकले थापालाई झुक्याउने किसिमको हृदयाघात भएको बताए । उनी ६८ वर्षका थिए । पोस्टमार्टम रिपोर्टले उनलाई 'साइलेन्ट हार्टअट्याक' भएको पुष्टि गऱ्यो । 'साइलेन्ट हार्टअट्याक'मा बिस्तारै ब्लकेज बढ्दै जान्छ र अन्तिममा मृत्यु हुन्छ ।

यस्तै, २७ पुसमा हृदयाघातकै कारण गायक तथा अभिनेता प्रशान्त तामाङको पनि ज्यान गएको थियो । दिल्लीस्थित आफ्नै निवासमा मृत्यु भएको उनलाई पनि 'साइलेन्ट हार्टअट्याक' भएको चिकित्सकहरूले बताए । उनी ४३ वर्षका थिए । पछिल्ला केही दिनको फरकमा दुई चर्चित कलाकारको मृत्युवरणको कारण बनेको हृदयाघातबाट दैनिक कैयौंले ज्यान गुमाएका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्यांकअनुसार दैनिक हृदयाघात भएर १५ देखि २० जनालाई सरकारी अस्पताल ल्याउने गरिन्छ । त्यसमध्ये दैनिक १० देखि १२ जनाको मृत्यु हुन्छ । मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीका अनुसार हृदयाघात भएर निजी अस्पतालमा पुगेकामध्ये करिब पाँचदेखि

» पृष्ठ २ मा क्रमशः



जसले मुटुलाई ख्याल नगरी खानेकुरा खान्छ, निद्रा पुऱ्याउँदैन र भड्किलो जीवनशैली जिउँछ, त्यस्तालाई बढी हृदयाघातको डर हुन्छ

मुटुरोगबाट कसरी जोगिने ?

● मनमोहन कार्डियोथोरासिक भास्कुलर एन्ड ट्रान्सप्लान्ट सेन्टरका कार्यकारी निर्देशक प्राडा रत्नमणि गजुरेल भन्छन्-



मुटुरोग विश्वव्यापी रूपमा बढ्दो महामारीजन्य समस्या बनिरहेको छ, जसमा हृदयाघातको दर विशेषगरी तीव्र रूपमा बढिरहेको छ । समयमै सतर्कता अपनाए धेरै हदसम्म यसबाट जोगिन सकिन्छ । मुटुरोगको जोखिम कम गर्न नियमित स्वास्थ्य परीक्षण अत्यावश्यक छ । विशेषगरी परिवारमा मुटुरोगको इतिहास भएमा समय-समयमा जाँच गरिरहनु भन् महत्वपूर्ण हुन्छ । सन्तुलित र पोषिलो आहार, नुन र बोसोको सीमित प्रयोग, नियमित शारीरिक व्यायाम तथा सक्रिय जीवनशैलीले मुटुलाई स्वस्थ राख्न मद्दत गर्छ ।

दीर्घकालीन रोग- जस्तै, उच्च रक्तचाप, मधुमेह र कोलेस्ट्रोल नियन्त्रणमा राख्नु अनिवार्य छ । धूम्रपान र मद्यपान मुटुरोगका प्रमुख जोखिम कारक छन् । अध्ययनअनुसार धूम्रपान र अत्यधिक मद्यपान गर्ने व्यक्तिमा मुटुरोगको जोखिम करिब ३० प्रतिशतसम्म बढी हुन्छ । जन्मजात वा वंशाणुगत मुटुरोग भएमा अझ बढी सचेतता आवश्यक छ । स्वस्थ जीवनशैली, नियमित जाँच र समयमै उपचार नै मुटुलाई सुरक्षित राख्ने मुख्य आधार हुन् ।

फरहदवा विस्फोटका पीडित श्रीनाराण न्याय माग्दै फेरि काठमाडौंमा

सिंहको प्रश्न छ-

विस्फोटमा परी नमरेको भए मेरो छोरा कहाँ छ ? ओसी अख्तरसहित अन्य युवाको पनि अदालतले नै ठेगाना बताइदिनुपऱ्यो । रुक्साना खातुनको हत्या किन गरियो ? यसको पनि कारण खुलाइदिनुपऱ्यो ।



टेकराज थामी/नयाँ पत्रिका

आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनले रौतहटमा पनि चहलपहल बढेको छ । उम्मेदवार मत माग्न मतदाताका घरघर पुगिरहेका छन् । तर, उमुनामाई नगरपालिकाको सरुअठाका ८५ वर्षीय श्रीनारायण सिंहलाई निर्वाचनले छोएको छैन ।

हरेक निर्वाचनले उनलाई फरहदवा विस्फोट सम्झाउँछन् । १७ वर्षअघिको विस्फोटमा सिंहले नवजवान छोरा त्रिलोकप्रताप सिंह 'पिन्टु' गुमाएका थिए । साह यतिवेला काठमाडौंमा छन् । आनामगरमा शनिबार पत्रकारमाझ भेटिएका सिंहले भने, 'प्रत्येकपटकको निर्वाचन मेरा लागि पीडादायी हुन्छ । निर्वाचनकै दौरान मैले

» पृष्ठ २ मा क्रमशः

शिवरात्रिमा 'निर्वाचन प्रहरी' पनि सुरक्षामा

निर्वाचन प्रहरीसहित चार हजार सुरक्षाकर्मी परिचालन

नयाँ पत्रिका

महाशिवरात्रिका अवसरमा पशुपतिनाथ मन्दिर दर्शन गर्न आउने दशनार्थीलाई 'निर्वाचन प्रहरी'ले पनि सुरक्षा दिँदै छ। चार हजार सुरक्षाकर्मी परिचालन गरिएकामा पाँच सय 'निर्वाचन प्रहरी' छन्। आइतबार शिवरात्रिका लागि शनिबारदेखि नै सुरक्षा व्यवस्था गरिएको छ।

जिल्ला प्रहरी परिसर काठमाडौंका अनुसार परिचालित सुरक्षाकर्मी तीन सिफ्टमा खटिनेछन्। दर्शनार्थीको लाइन व्यवस्थापन गर्नेदेखि आपराधिक गतिविधि नियन्त्रणसम्मका कार्य गर्नेछन्। विशेषगरी यस्ता पर्वमा दर्शनार्थी लुटिने सम्भावना अधिक हुन्छ। लुटपाट नियन्त्रणका लागि ठुलो संख्यामा सादा पोसाकका प्रहरी परिचालन गरिएका छन्। जिल्ला प्रहरी परिसर काठमाडौंका डिएसपी कौशल बुढाथोकीले महाशिवरात्रिमा पशुपतिनाथ मन्दिर दर्शनका लागि आउनेको सुरक्षाका लागि आवश्यक सबै तयारी पूरा भएको र यसका लागि निर्वाचन प्रहरीसहित झन्डै चार हजार सुरक्षाकर्मी परिचालन गरिएको बताए।

'महाशिवरात्रिका लागि आवश्यक सुरक्षाका सबै प्रबन्ध पूरा भएका छन्। यस क्रममा काठमाडौं परिसरको तीन हजार दुई सय, निर्वाचन प्रहरी पाँच सय र बाँकी ट्राफिक प्रहरी खटिँदै छन्। कुल चार हजारहाराहारीमा सुरक्षाकर्मी परिचालनमा तीन हजार दुई सय प्रहरी, पाँच



शिवरात्रिको अघिल्लो दिन शनिबार साँझ पशुपतिनाथ मन्दिर र शिवरात्रिका लागि आएका बाबाहरू। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

सय निर्वाचन प्रहरी र बाँकी ट्राफिक प्रहरी तैनाथ हुँदै छन्,' उनले भने।

प्रहरीका अनुसार पर्वभर सिसिक्यामेरा र ड्रोनबाट समेत सुरक्षा निगरानी गरिनेछ। ५० भन्दा धेरै सिसिक्यामेरा र दर्जनभन्दा धेरै ड्रोन क्यामेरा सञ्चालनमा ल्याइनेछ। यसका लागि प्राविधिक व्यवस्थापन भइसकेको डिएसपी बुढाथोकीले बताए। उनले भने, 'शिवरात्रि पर्व अवधिभर ड्रोनबाट पनि गस्ती गरिनेछ।

सिसिक्यामेराबाट पनि भिडको निगरानी गरिनेछ। शंकास्पद गतिविधिमाथि प्रहरी सक्रिय हुनेछ। शंकास्पद व्यक्तिलाई पक्राउ गरिनेछ। यसका लागि आवश्यक सबै तयारी पूरा भएका छन्।'

प्रहरीले पर्वभर गाँजा र भाङजस्ता लागुपदार्थ बिक्री-वितरण र सेवनलाई पनि निगरानी गर्नेछ। धार्मिक उद्देश्यबाहेक अन्य तवरले प्रयोग गरिएका गाँजा र भाङ नियन्त्रण गरिने प्रहरीले जनाएको छ।

६६ जिल्लाका १४२ निर्वाचन क्षेत्रका १ करोड ८२ लाखभन्दा बढी मतपत्र छपाइ

काठमाडौं/ आगामी फागुन २१ गते तय गरिएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ६६ जिल्लाका १४२ निर्वाचन क्षेत्रमा आवश्यक मतपत्र छपाइ कार्य सम्पन्न भएको निर्वाचन आयोगले जनाएको छ।

आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीका अनुसार हालसम्म एक करोड ८२ लाख ३० हजार मतपत्र छापिसकिएको छ। शुक्रबारसम्म ६३ जिल्लाको काम सकिएको थियो भने आज थप तीन जिल्लाको छपाइ पूरा भएको हो। अब काठमाडौं उपत्यकाआसपासका ११ जिल्लाको मात्र मतपत्र छाप्न बाँकी रहेको बताइएको छ। आयोगले आगामी दुई दिनभित्र सम्पूर्ण छपाइ सक्ने अनुमान गरेको छ। छपाइ सम्पन्न भएका जिल्लाका मतपत्रहरू प्याकिङसमेत गरिसकिएको छ। अहिलेसम्म १६ हजार ४९४ बाकस मतपत्र प्याकिङ भइसकेको जानकारी दिइएको छ। दैनिक करिब एक हजार बाकस प्याकिङ र ११ देखि १५ लाखसम्म मतपत्र छपाइ भइरहेको आयोगले जनाएको छ।

प्रतिनिधिसभा निर्वाचनका लागि समानुपातिक तथा प्रत्यक्ष दुवै प्रणालीअन्तर्गतका मतपत्र जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमीमा गत पुस २२ गतेदेखि छाप्न थालिएको हो। प्रारम्भिक चरणमा १० लाख ९८ हजार २०० नमुना मतपत्र छापेर सम्बन्धित जिल्लामा पठाइसकिएको छ। समानुपातिक प्रणालीतर्फ पुस २६ गतेबाट छपाइ सुरु भई माघ १३ गतेसम्म दुई करोड आठ लाख ३० हजार मतपत्र छापेर ढुवानीका लागि तयारी अवस्थामा राखिएको आयोगले जनाएको छ। प्रत्यक्ष निर्वाचन प्रणालीतर्फ भने दुई करोड तीन लाख २३ हजार मतपत्र आवश्यक पर्ने बताइएको छ। यसअन्तर्गतको छपाइ माघ १६ गते बिहानदेखि सुरु गरिएको हो।

यसैबिच, कर्णाली प्रदेशका १० जिल्लाका १२ निर्वाचन क्षेत्रमा मतपत्र पठाउन थालिएको छ। आज सल्यान, रुकुम पश्चिम, डोल्पा, मुगु, हुम्ला, कालीकोट, जुम्ला, जाजरकोट, दैलेख र सुर्खेत जिल्लामा मतपत्र ढुवानी गरिएको आयोगले जनाएको छ।

टिकट नपाएका...

पृष्ठ १ बाट क्रमशः

कांग्रेस वरिष्ठ नेताहरू 'साइडलाइन'मा

प्रतिनिधिसभा निर्वाचनमा कांग्रेस पूर्वसभापति शेरबहादुर देउवासहित प्रभावशाली नेता औपचारिक चुनावी कमान्डबाट बाहिर छन्। सभापतिमा निर्वाचित भएपछि गगन थापाले देउवानिकट धेरै नेताहरूलाई टिकट नदिएपछि पार्टीभित्र असन्तुष्टि छ।

कांग्रेसले उपसभापति विश्वप्रकाश शर्माको नेतृत्वमा केन्द्रीय निर्वाचन परिचालन समिति गठन गरेको छ। शर्मा स्वयं उम्मेदवार नभए पनि चुनावी कमान्ड सम्हालेर देशव्यापी दौडधुपमा छन्। तर, निवर्तमान सभापति देउवा, पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्का, पूर्वमहामन्त्रीहरू कृष्णप्रसाद सिटौला, प्रकाशमान सिंह र डा. शशांक कोइराला चुनावी अभियानमा देखिएका छैनन्। सिटौला राष्ट्रिय सभा सांसद हुन् यद्यपि, टिकट नपाएका पूर्वउपसभापति धनराज गुरुङ, बालकृष्ण खाण, दीपक खड्का र मोहन बस्नेतले आ-आफ्नो क्षेत्रमा संगठनात्मक समन्वय र प्रचारप्रसार गरिरहेका छन्।

पार्टी प्रवक्ता देवराज चालिसेले आन्तरिक मतभेदका अवशेष बाँकी भए पनि सबैलाई मिलाएर चुनाव जिताउने प्रयास भइरहेको बताए। 'विशेष महाधिवेशन र नियमित महाधिवेशनको विषयलाई लिएर अलिकति तुष बाँकी छ। तर, सबैलाई मिलाएर निर्वाचनमा कांग्रेसलाई जिताउन लैजानेछौँ,' प्रवक्ता चालिसेले बुधबार पत्रकारहरूसँग भने, 'प्रचारप्रसारमा नआउनुभएका नेताहरूलाई कुनै न कुनै रूपमा ल्याउनेछौँ। अघिल्लो कार्यसमिति र वर्तमान कार्यसमितिको दोस्रो तहका नेताहरूबिच छलफल भइरहेको छ।'

तर, देउवापक्षीय नेताहरू विशेष महाधिवेशनको वैधतासम्बन्धी मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेकाले केही नेताहरू 'प्राविधिक असहजता'मा रहेको नेता मीन विश्वकर्माको भनाइ छ। 'मुद्दाका कारण १४औं महाधिवेशनबाट निर्वाचित पदाधिकारीहरू र नेताहरूलाई अलिकति प्राविधिक रूपमा कठिनाइ भएको छ। तर, हामी सबैलाई मिलाउन प्रयत्नरत छौँ,' विश्वकर्माले भने। विशेष महाधिवेशनपछि निर्वाचित नेतृत्वलाई मान्यता दिने निर्वाचन आयोगको निर्णयविरुद्ध देउवा पक्ष सर्वोच्च अदालतमा गएको छ। मुद्दा सर्वोच्चमा विचाराधीन छ।

निर्वाचन आयोगमा वर्तमान नेतृत्वको विपक्षमा पुगेका नेताहरू डा. शेखर कोइराला, विमलेन्द्र निधि, डा. प्रकाशशरण महत, महेन्द्र यादवलगायत अहिले प्रतिनिधिसभा उम्मेदवार छन्। उनीहरूले पार्टी निर्णयअनुसार सभापति थापालाई प्रधानमन्त्री बनाउनेबारे बोलेका छैनन्। यीमध्ये डा. शेखर र यादवले मात्रै गगनलाई पार्टी सभापतिका रूपमा सार्वजनिक रूपमा स्वीकार गरेका छन्।

यसैबिच देउवाले कांग्रेस कमजोर भए लोकतन्त्र कमजोर हुने भन्दै उम्मेदवार जिताउन सक्रिय हुन आग्रह गरेका छन्। सुदूरपश्चिमका मुख्यमन्त्री कमल शाहसँगको भेटमा उनले चुनावको वातावरण आफैँले बनाएको स्मरण गराउँदै अब पार्टी जिताउन लाग्नुपर्ने बताएका थिए।

'परिस्थिति जे भयो, भयो। देश निर्वाचनमा गयो। देशलाई निर्वाचनमा जाने वातावरण मैले नै बनाएको हुँ। राष्ट्रपति र प्रधानमन्त्रीसँग शीर्ष नेताहरूको बैठक गरेपछि चुनावको वातावरण बनेको हो,' देउवालाई उद्धृत गर्दै मुख्यमन्त्री शाहले नयाँ पत्रिकासँग भने, 'अब साथीहरूलाई चुनाव जिताउन लाग्नुस्। मैले अन्य साथीहरूलाई पनि यही भनेको छु।' संस्थापन पक्षले देउवाबाट औपचारिक सन्देश जारी गराउने प्रयास भइरहेको जनाएको छ। प्रवक्ता चालिसेले देउवालाई चुनावमा कांग्रेसका उम्मेदवारलाई सहयोग गर्न सन्देश जारी गराउने प्रयास भइरहेको बताए। यद्यपि, देउवानिकट नेताहरूले यो प्रयास नभएको जिकिर गरे।

टिकट नपाएका एमाले नेतालाई चुनावी जिम्मेवारीमा पनि उपेक्षा

एमालेमा टिकट नपाएका पदाधिकारीहरू औपचारिक जिम्मेवारीविना चुनावी अभियानमा छन्। अध्यक्ष केपी ओलीसहित १९ सदस्यीय पदाधिकारीमध्ये ६ जना प्रत्यक्षतर्फ उम्मेदवार छैनन्।

१४ पदाधिकारी प्रत्यक्षतर्फ उम्मेदवार छन्। पूर्ववरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल र पूर्वउपमहासचिव प्रदीप ज्ञवाली पनि प्रत्यक्षतर्फका उम्मेदवार छन्। तर, पूर्व उपाध्यक्षहरू सुरेन्द्र पाण्डे, युवराज ज्ञवाली र अष्टलक्ष्मी शाक्य उम्मेदवार छैनन्। उपाध्यक्ष रघुजी पन्त, उपमहासचिव योगेश भट्टराई तथा सचिवहरू खगराज अधिकारी, यमलाल कँडेल, छविलाल विश्वकर्मा र हिक्मत कार्कीमध्ये केही प्रदेश सरकार वा प्रदेश संगठनमा सक्रिय छन् भने केही स्वतःस्फूर्त प्रचारमा खटिएका छन्। उनीहरूमध्ये अधिकारी प्रदेश सांसद, कँडेल र कार्की मुख्यमन्त्री छन्। उपाध्यक्ष रामबहादुर थापा'बादल' र सचिव पद्मा अर्याल समानुपातिकतर्फबाट उम्मेदवार छन्।

गण्डकी प्रदेश सांसद रहेका सचिव अधिकारी प्रदेश इन्चार्जका रूपमा कास्की र आसपासका जिल्लामा पार्टीलाई जिताउन खटिएका छन्। अर्का सचिव कार्की कोशी प्रदेशको मुख्यमन्त्रीको जिम्मेवारीमा छन्। सरकारको कामबाहेक उनले अधिकांश समय झापा र त्यसमा पनि अध्यक्ष केपी शर्मा ओलीको ५ नम्बर क्षेत्रलाई दिएका छन्। अर्का सचिव तथा मुख्यमन्त्री कँडेल सुर्खेतसहित कर्णाली प्रदेश संयोजकका रूपमा पार्टीलाई जिताउन सक्रिय छन्।

बहालवाला सांसद पनि नरहेका र उम्मेदवार पनि नभएका उपाध्यक्ष पन्त र उपमहासचिव भट्टराईलाई चुनावकेन्द्रित कुनै ठोस परिभाषित जिम्मेवारी तोकिएको छैन। यद्यपि, पन्त र भट्टराई दुवै व्यक्तिगत रूपमा पार्टीलाई जिताउन चुनावमा खटिएका छन्।

उपमहासचिव भट्टराईलाई अध्यक्ष ओलीले चुनाव परिचालनसम्बन्धी कुनै औपचारिक जिम्मेवारी नदिए पनि सामर्थ्यले भ्याएसम्म पार्टी र उम्मेदवार जिताउने काममा सक्रिय भइरहेको बताए। भट्टराई यसबिचमै जिल्लाको आमन्त्रणमा नवलपरासी, चितवन, बारा, पर्सा, सुनसरी, मोरङलगायतका जिल्लामा पुगेर काठमाडौं फर्किएका छन्। परिस्थितिले साथ दिए देशका विभिन्न जिल्लामा पनि पुगेर पार्टीलाई जिताउने काममा सक्रिय बन्ने उनको योजना छ।

'चुनाव परिचालनका विषयमा मलाई जिम्मेवारी दिइएको छैन। तर, आफैँले जानेर, बुझेर चुनावकेन्द्रित काम गरिरहेको छु, जुन-जुन जिल्लाबाट बोलाइयो, ती जिल्लामा गएर भेटघाट गरेर भोट माग्न सहभागी भएको छु,' उनले भने, 'पार्टी र उम्मेदवारलाई जिताउन आह्वान गर्दै सहभागी भएर फर्किएको छु, परिस्थितिबारे जानकारी लिएर सुझाव पनि दिने गरेको छु।'

उता, पार्टीभित्र प्रभावशाली नेताका रूपमा स्थापित पूर्वउपाध्यक्ष पाण्डे पनि यसपटक प्रत्यक्षको उम्मेदवार छैनन्। यसपटक उनलाई चितवन १ बाट टिकट दिइएन। तथापि उनी उम्मेदवारको मनोनयनदेखि नै चितवनमा पार्टीलाई जिताउन सक्रिय उनी आफ्नै तरिकाले काममा खटेका छन्। 'पार्टी नेतृत्वसँग औपचारिक सम्पर्क छैन, तर आफ्नै ढंगले पार्टीलाई जिताउन लागिरहेको छु,' उनले भने, 'चितवनका तीनवटै क्षेत्रमा चुनावी गतिविधिमा सहभागी भएर काठमाडौं फर्किएको छु। साथीहरूले बोलाएका जिल्लाहरूमा जाने सोच बनाएको छु।'

पूर्वउपाध्यक्ष ज्ञवाली र शाक्यलाई पनि पार्टीले निर्वाचन परिचालनमा कतै खटाएको छैन। ज्ञवाली जिम्मेवारी नतोकिएकाले कतै नखटिएको बताउँछन् भने नेतृ शाक्य भने कहिलेकाहीँ आफू बसोबास गरिरहेको ८ नम्बर क्षेत्रमा खटिने गरेकी छिन्। 'कुनै जिम्मेवारी तोकिएको छैन, त्यसैले म अहिले चुनाव परिचालनमा खटिहालेको अवस्था होइन, तर पार्टीलाई जिताउने काममा आफ्नो ढंगले योगदान गर्ने सोच छ,' ज्ञवालीले भने।

एमाले प्रचार संयोजक मीनबहादुर शाही भने यसबारे आफू अनभिज्ञ रहेको बताउँछन्। 'निर्वाचन परिचालनका विषयमा सयोजक रामबहादुर थापाले शनिबार अध्यक्षसग भेटेर कुरा गर्नुभएको छ। त्यसक्रममा उम्मेद्वार नहुनुभएका पदाधिकारी तहको नेताको जिम्मेवारीका बारेमा पनि केही कुरा भएको हुनसक्छ। अरु कुरा के कसो छ मलाई विस्तृत जानकारी छैन। पार्टी केन्द्रले योजना बनाउँछ होला,' उनले भने।

नेकपाका नेता असन्तुष्टि 'लुकाएर' चुनावी अभियानमा

निर्वाचन नलडेका नेकपाका नेताहरू चुनावी अभियानमा होमिएका छन्। वरिष्ठ नेता झलनाथ खनाल, वामदेव गौतम, राजेन्द्र श्रेष्ठ, अग्नि सापकोटा, पम्फा भुसाल, बेदुराम भुसाल, प्रमेश हमाल, देव गुरुङ, जगन्नाथ खतिवडा, प्रकाश ज्वालालगायतका नेताहरू उम्मेदवार नबने पनि पार्टीलाई जिताउन अभियानमा होमिएका छन्।

वरिष्ठ नेता खनाल जेन-जी आन्दोलनको क्रममा अज्ञात समूहले घरमा आगजनी गर्दा जलेर गम्भीर घाइते भएकी पत्नी रविलक्ष्मी चित्रकारको उपचारकै क्रममा छन्। त्यसैले, उनी उपत्यकाबाहिरको कार्यक्रममा भौतिक रूपमा उपस्थित हुन सकेका छैनन्। काठमाडौंको क्षेत्र नम्बर ८ का कार्यक्रमहरूमा भने उनी सहभागी हुँदै आएका छन्। चुनावी प्रतिबद्धता सार्वजनिक कार्यक्रममा पनि उनी सहभागी भएका थिए। 'परिवारको उपचारको क्रममा ठुलो धनराशि खर्च भयो, ऋणको भारी थपियो। अहिले पनि म्याडमको उपचार जारी छ। त्यही कारणले देशव्यापी रूपमा अभियानमा हिँड्न पाएको छैन,' उनले भने, 'तर, काठमाडौंमै बसेर भए पनि देशव्यापी चुनावी अभियानमा उम्मेदवार, पार्टीका नेता तथा कार्यकर्ताको हौसला बढाइरहेको छु। चुनावी रणनीतिबारे सल्लाह, सुझाव दिइरहेको छु।'

अर्का वरिष्ठ नेता गौतम पनि काठमाडौंमै छन्। उनी पनि काठमाडौंमै बसेर चुनावी अभियानलाई सहयोग गरिरहेको बताउँछन्। 'साथीहरूलाई आवश्यक सल्लाह, सुझाव दिइरहेको छु। मेरो तर्फबाट सक्दो पहल गरिरहेको छु।' मंगलबार चुनावी प्रतिबद्धता-पत्र सार्वजनिक कार्यक्रममा पार्टी कार्यालयमा उपस्थित गौतमले भने। उनले पार्टीले ठोस जिम्मेवारी भने नदिएको गुनासो गरे।

अर्का नेता राजेन्द्र श्रेष्ठ पनि चुनावी अभियानमा सक्रिय भएका छन्। काठमाडौंका चुनावी अभियानमा सक्रिय भएका श्रेष्ठ काभ्रेको चुनावी अभियानमा समेत पुगेका छन्। अर्का नेता अग्नि सापकोटाले प्रचार संयन्त्रको जिम्मेवारी सम्हालेका छन्। नेकपाले सापकोटालाई चुनावी प्रचार संयन्त्रको संयोजक बनाएको छ। सापकोटाका साथै, अर्का नेता जगन्नाथ खतिवडाले प्रचार सहसंयोजकको रूपमा प्रचार रणनीति बनाइरहेका छन्।

नेतृ पम्फा भुसाल ललितपुरका साथै देशका अन्य भागका चुनावी कार्यक्रममा पनि सक्रियपूर्वक सहभागी भएकी छिन्। मंगलबार मात्र उनी कास्की, पर्वत र म्याग्दीमा आयोजित चुनावी कार्यक्रममा सहभागी भएकी छिन्। बेदुराम भुसाल, प्रमेश हमाल र देव गुरुङ पनि विभिन्न क्षेत्रका चुनावी अभियानमा सहभागी भएका छन्। उनीहरूले चुनावी प्रतिबद्धतापत्र निर्माणमा पनि योगदान गरेका छन्। अर्का नेता प्रकाश ज्वाला भने जिल्लाकेन्द्रित भएका छन्।

पूर्वराजासहितको...

पृष्ठ १ बाट क्रमशः

हो,' राप्रपाले संकल्पपत्रमा भनेको छ, 'मुलुकको अहिलेको विद्यमान समस्या समाधानको एक मात्र मार्ग कसैले नहार्ने देशले जित्ने सर्वपक्षीय सहमति हो। तथापि मुलुक निर्वाचनतर्फ अगाडि बढिसकेको सन्दर्भमा प्रजातान्त्रिक दल हुनाको नाताले यो संसदीय निर्वाचनलाई राष्ट्रिय प्रजातन्त्र पार्टीले आफ्नो मुद्दा स्थापना गर्ने आन्दोलनकै रूपमा उपयोग गर्ने निर्णय गरेर आफ्ना मुद्दाहरूसहित निर्वाचनमा सहभागी हुन गइरहेको छ।'

राप्रपाले निरन्तरतासहितको परिवर्तनमा आधारित संवर्द्धनवाद नै सहमति र सम्झौताको साझा र मध्यमार्गी वैचारिक बाटो भएको भन्दै सर्वपक्षीय सहमतिमा पुनः जोड दिएको छ। राप्रपाले नेपाल एकीकरणका नेतृत्वकर्ता राजा पृथ्वीनारायण शाहले कल्पना गरेको नेपालको परराष्ट्र नीति र नेपालको भूराजनीतिक संवेदनशीलताको यथार्थ विश्लेषणलाई आफ्नो मूल मान्यता बनाएको छ। राप्रपाले पृथ्वीनारायण शाहलाई आदर्श पुरुष तथा उनको दिव्योपदेश (पृथ्वीपथ)लाई मार्गदर्शक सिद्धान्तका रूपमा अघि सारेको छ।

राप्रपाले ०८७ सम्म नेपाललाई मध्यम आयस्तर भएको मुलुकका रूपमा अघि बढाउने भनेको छ। उसले सबल, समृद्ध, र समुन्नत नेपालमा जोड दिएको छ।

'राष्ट्रिय स्वतन्त्रता, अखण्डता, एकता, सार्वभौमिकता, प्राकृतिक, धार्मिक र सांस्कृतिक सम्पदाहरूको संरक्षण र संवर्द्धनको निमित्त राष्ट्रिय सुरक्षा मूल नीति बनाइनेछ,' राप्रपाले भनेको छ। समृद्धिका लागि राप्रपाले जलस्रोत/विद्युत्, पर्यटन, कृषि, सूचना प्रविधि र सुशासन, विदेशमा बस्ने नेपालीको सिप र पुँजी तथा निजी क्षेत्रलाई प्रमुख आधारस्तम्भका रूपमा अघि सारेको छ।

राप्रपाले राष्ट्रप्रमुखका रूपमा अभिभावकीय संस्थाका रूपमा राजसंस्था, अहिलेको निर्वाचन प्रणालीमा व्यापक परिवर्तन, प्रदेशको खारेजी, केन्द्र र बलियो स्थानीय तह भएको दुई तहको शासकीय संरचनामा जोड दिएको छ। राप्रपाको संकल्पपत्रमा सर्वधर्म समभाव पूर्ण धार्मिक स्वतन्त्रतासहितको वैदिक सनातन धर्मसापेक्ष हिन्दु राष्ट्र बनाउने उल्लेख छ। राप्रपाले गैरदलीय स्थानीय तहमा जोड दिएको छ। राप्रपाले सुशासनबारे भनेको छ, 'बरु नष्ट हुन्छौँ, भ्रष्ट हुँदैनौँ !'

राप्रपाले उच्चस्तरीय नागरिक आयोग गठन गरी ०४६ पछिका उच्चपदस्थ नेता तथा कर्मचारीको सम्पत्ति छानबिन गरी अवैध सम्पत्ति जफत गर्ने कानुनी व्यवस्था मिलाइने प्रतिबद्धता जनाएको छ। 'भ्रष्टाचारसम्बन्धी सूचना दिनेलाई संरक्षण तथा प्रोत्साहन गर्न सूचक संरक्षण ऐन बनाई लागू गरिनेछ,' राप्रपाले भनेको छ, 'राजनीतिक हस्तक्षेपमुक्त संवैधानिक नियुक्तिको व्यवस्था गरिनेछ। न्यायपालिकामा देखिएको विकृति र विसंगति अन्त्य गर्न गुमेको विश्वसनीयता पुनर्स्थापित गर्न र पूर्ण न्यायिक बनाउन न्यायपालिकामा पुनर्संरचना/पुनर्नियुक्तिको व्यवस्था गरिनेछ।'

राप्रपाले राष्ट्रिय सुरक्षाको अन्तिम किल्ला रहेको नेपाली सेनाको परम्परागत गौरवलाई अक्षुण्ण राख्दै आवश्यक सुधार गर्ने भनेको छ। 'नेपाली सेनाको सिप विकास र दक्षता अभिवृद्धिलाई प्रमुख प्राथमिकता दिइनेछ,' संकल्पपत्रमा भनिएको छ, 'नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागलाई अझ सबल, प्रभावकारी र उच्च मनोबलयुक्त बनाउँदै राजनीतिक हस्तक्षेपमुक्त संस्थाका रूपमा विकसित गर्न ठोस कदम चालिनेछ।'

राप्रपाले सबैको मित्रता स्वीकार्य, हस्तक्षेप अस्वीकार्य भन्दै नेपाल प्रथम, नेपाली प्रथममा आधारित परराष्ट्र नीतिमा जोड दिएको छ। 'संयुक्त राष्ट्रसंघको बडापत्र, असंलग्नता र पञ्चशीलको सिद्धान्त, भाइचारा, आपसी सहयोगको आधारमा विश्व समुदायसँग सम्बन्धको विकास र विस्तार गरिनेछ,' राप्रपाले भनेको छ, 'नेपालको भूभाग कसैको विरुद्ध प्रयोग हुन दिइनेछैन। सबै प्रकारका असमान सन्धि, सम्झौता खारेज गरिनेछ। आर्थिक कूटनीतिलाई जोड दिइनेछ। नेपाल शान्ति क्षेत्रको प्रस्तावलाई पुनर्जीवित गरिनेछ।'

राप्रपाले पाँच वर्षभित्र देशको आर्थिक वृद्धिदर सात प्रतिशतभन्दा बढी पुर्‍याउने लक्ष्य राखेको छ। 'प्रत्यक्ष वैदेशिक लगानीकर्तालाई लगानीमैत्री वातावरणमा विश्वस्त तुल्याउन लगानीमैत्री कानुनहरूको निर्माण गरिनेछ,' राप्रपाले भनेको छ।

विश्व व्यापार संगठन, साफ्टा, विमस्टेकलगायत बहुपक्षीय व्यापार अभिवृद्धिका लागि आवश्यक कानुनी सुधार गर्ने, द्विपक्षीय व्यापार तथा पारवहन सन्धि कार्यान्वयनमा देखिएका समस्या समाधानका लागि सन्धि पुनरावलोकन गर्ने पनि राप्रपाले भनेको छ। 'नेपाललाई ग्रे लिस्टबाट मुक्त गर्न वित्तीय पारदर्शिता, मनी लाउन्डरिङ नियन्त्रण, अन्तर्राष्ट्रिय मापदण्डअनुरूप नियामक सुधार तथा प्रभावकारी कार्यान्वयन सुनिश्चित गरिनेछ,' राप्रपाको संकल्पपत्रमा भनिएको छ।

राप्रपाले सहकारी तथा लघुवित्त क्षेत्रमा देखिएको संगठित ठगी, विकृति, विसंगतिहरूको नियन्त्रण र बचतकर्ताको बचतलाई सुरक्षित गरी उत्पादनमूलक र रोजगारी सिर्जना गर्ने कार्यमा लगाइने पनि भनेको छ। 'संगठित ठगीबाट पीडित भएका सर्वसाधारणको निक्षेप रकम उठाउने, भराउने र राहत प्रदान गर्ने कार्य गरिनेछ,' राप्रपाको भनाइ छ।

राप्रपाले शिक्षा क्षेत्रमा देखिएको राजनीतीकरण, दलीय भागबन्डा, अराजकता र विसंगतिलाई कानुनी रूपमा अन्त्य गर्ने प्रतिबद्धता जनाएको छ। त्रिभुवन विश्वविद्यालयलाई राष्ट्रिय विश्वविद्यालय बनाइने, सबै विश्वविद्यालयमा प्रधानमन्त्री कुलपति र शिक्षामन्त्री सहकुलपति हुने व्यवस्थालाई अन्त्य गर्ने राप्रपाको प्रतिबद्धता छ। 'विश्वविद्यालयहरूमा वर्षौंदेखि भइआएको राजनीतिक हस्तक्षेप अन्त्य गर्न संरक्षक समितिको व्यवस्था गरी कुलपति, सहकुलपति र उपकुलपति चयन गर्ने व्यवस्था गरिनेछ,' राप्रपाले भनेको छ, 'सबै विद्यालय कलेज/क्याम्पस/विश्वविद्यालयमा सबै प्रकारका ट्रेड युनियन खारेज गरिनेछ।'

सबै सरकारी विद्यालयमा १२ कक्षासम्म पूर्ण रूपमा निःशुल्क गरिने, काठमाडौंको बुढानीलकण्ठ स्कुललाई सातै प्रदेशमा नमुना विद्यालयका रूपमा विस्तार गरिने, गुरुकुललगायतका धार्मिक विद्यालयको विकास निर्माण, सुधार र संरक्षणका कार्यहरू गरिने पनि राप्रपाले जनाएको छ। राप्रपाले आधारभूत स्वास्थ्य उपचार सेवा सबै नागरिकलाई निःशुल्क तथा अनिवार्य गर्ने संकल्प गरेको छ।

राप्रपाले यातायात सञ्जाललाई आधुनिक र व्यवस्थित बनाउने संकल्प गरेको छ। 'मेट्रो, पड वे, अकासे पुल, अन्डरपास, ओभरपास, रिङरोड विस्तार तथा वैकल्पिक मार्ग निर्माणमार्फत ट्राफिक जाम अन्त्य गरी आवागमनलाई सहज बनाइनेछ,' राप्रपाले भनेको छ, 'स्मार्ट ट्राफिक प्रणाली, पार्किङ सुविधा, इलेक्ट्रिक बस र रेलको प्रयोगलाई प्रोत्साहन दिइनेछ। ग्रामीण तथा सहरी क्षेत्रमा समान पहुँच सुनिश्चित गरी सुरक्षित, सहज र समय बचत हुने यातायात सेवा उपलब्ध गराइनेछ।' राप्रपाले पाँच वर्षभित्र सम्पूर्ण उपत्यकालाई मेट्रो रेल/पड वेलगायत यातायातमार्फत यातायात सञ्जालमा जोड्ने, राष्ट्रिय रणनीतिक सडक सञ्जाललाई बाह्रै महिना सुचारु गर्न विशेष व्यवस्था गर्ने, मेचीदेखि महाकालीसम्मको महेन्द्र राजमार्गलाई तीन वर्षभित्र अन्तर्राष्ट्रिय हाइवेको मापदण्डमा स्तरोन्नति गर्ने प्रतिबद्धता जनाएको छ।

यसैगरी राप्रपाले खेलकुद र खेलाडीको प्रशिक्षणलाई उच्च प्राथमिकता दिने, प्रमुख खेलका लागि अन्तर्राष्ट्रियस्तरको रंगशाला बनाउने, झापाको कचनकवल र जुम्लामा खेलाडीलाई प्रशिक्षण दिन खेलमैदानसहितको इनडोर तथा आउटडोर प्रशिक्षण केन्द्र निर्माण गर्ने भनेको छ। 'नेपाललाई साहसिक खेल गन्तव्यका रूपमा विकास गरिनेछ,' संकल्पपत्रमा भनिएको छ।

राप्रपाले प्रवासमा रहेका नेपाली नागरिकको मतदानको अधिकारलाई आगामी निर्वाचनमा नै सुनिश्चित गर्ने र हरेक पालिकाबाट रासन कार्ड वितरण गर्ने भनेको छ। 'गरिबीको रेखामुनि रहेका नागरिक तथा परिवारलाई आधारभूत खाद्यान्न पुर्‍याउन हरेक पालिकामा रासन कार्ड वितरण केन्द्रहरू सञ्चालन गरिनेछ। खाद्य तथा व्यापार कम्पनी लिमिटेडमार्फत नेपाली उत्पादनको सहुलियत 'नेपाल मार्ट'हरू स्थापना गरिनेछ,' राप्रपाले भनेको छ। राप्रपाले बढ्दो धर्मान्तरणको वेगलाई निस्तेज पार्न संविधान र कानुनमा भएको व्यवस्थालाई कडाइको साथ कार्यान्वयन गर्ने भनेको छ। 'संगठित र योजनाबद्ध धर्म परिवर्तनलाई नियन्त्रण र निरुत्साहित गरिनेछ,' राप्रपाले भनेको छ।

हृदयाघातले...

पृष्ठ १ बाट क्रमशः

६ जनाको पनि दैनिक मृत्यु हुन्छ।

यसरी सरकारी र निजी अस्पतालमा हृदयाघातबाट मृत्यु हुनेको तथ्यांक जोड्दा दैनिक १६ देखि १८ जनासम्मको मृत्यु हुन्छ। यसबाहेक कतिपय हृदयाघातका मृत्यु अस्पताललाई नै थाहा नहुने हुँदा यसको यकिन तथ्यांक अस्पतालको तथ्यांकले मात्रै नपुग्ने प्रवक्ता बुढाथोकीले बताए।

'हृदयाघातको एकीकृत तथ्यांक छैन। निजी अस्पतालहरूले सही रूपमा मन्त्रालयलाई रिपोर्टिङ नगर्दा ठ्याक्कै तथ्यांक यकिन गर्न कठिन भएको छ,' प्रवक्ता बुढाथोकीले भने। नेपालमा मुटु तथा हृदयाघातका बढी बिरामी सहिद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्रमा आउँछन्। तर, केन्द्रले यहाँ आउनेमध्ये कतिलाई हृदयाघात हुन्छ तथ्यांक राखेको छैन। केन्द्रका कार्यकारी निर्देशक डा. रविसिंह मल्लले आफूसँग हृदयाघातको तथ्यांक नभएको बताए। 'दैनिक पाँचदेखि आठ सयसम्म ओपिडीमा आउँछन्। त्यसमा विभिन्न किसिमका मुटुसम्बन्धी समस्या भएका बिरामी हुन्छन्। इमर्जेन्सीमा पनि सयजना हाराहारी बिरामी आउँछन्। तर, हृदयाघात कतिमा हुन्छ भनेर तथ्यांक भन्न सक्दिनँ,' उनले भने।

वरिष्ठ मुटुरोग विशेषज्ञ डा. प्रकाशराज रेग्मीका अनुसार अहिले हृदयाघात बढिरहेको छ र पहिला पाको उमेरका व्यक्तिमा बढी देखिने गरेको भए पनि अहिले युवाहरूमा बढी छ। उनले हृदयाघात हुनेमध्ये ४० प्रतिशत ४५ वर्षमुनिका हुने बताए। 'युवाहरूमा आकस्मिक र झुक्याउने हृदयाघात हुन्छ,' उनले भने, 'समग्र आकस्मिक मृत्युको कारणमध्ये ७० प्रतिशत कारण हृदयाघात नै हो।'

वरिष्ठ मुटुरोग विशेषज्ञ डा. रेग्मीले जीवनशैली नै आकस्मिक र झुक्याउने हृदयाघात कारण हुने बताए। 'पछिल्लो समय युवाहरूको जीवनशैली बिग्रिएको छ,' उनले भने, 'उनीहरूमा जंकफुड र धूम्रपान बढी भयो। मानसिक तनाव थपियो। उपचारमा पनि ध्यान नदिने बानी छ। यसले हृदयाघात बढ्यो,' उनले भने।

स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. बुढाथोकीका अनुसार भागदौडको जीवनशैली अपनाउने सेलेब्रिटी होस् वा राजनीतिज्ञ, स्वास्थ्यमा ध्यान नदिने युवा होस् वा पाको उनीहरूमा हृदयाघातको सम्भावना बढी हुने बताउँछन्।

'मूलतः जीवनशैली नमिल्नु तथा समयमै स्वास्थ्य परीक्षण नगर्नुलगायत कारणले हृदयाघात निम्त्याउने गर्छ। हामीले सेलेब्रिटी भन्छौँ, तर उहाँहरूको जीवनशैली झन् अस्तव्यस्त हुन्छ, त्यसकारण पनि हृदयाघात बढी हुन्छ,' उनले भने, 'त्यस्तै, राजनीतिज्ञलाई पनि हृदयाघातको सम्भावना बढी हुन्छ, त्यो भनेको जीवनशैलीका कारण हो। जसले मुटुलाई ख्याल नगरी खानेकुरा खान्छ, निद्रा पुर्‍याउँदैन र भड्किलो जीवनशैली जिउँछ, त्यस्तालाई बढी हृदयाघातको डर हुन्छ।'

विश्व स्वास्थ्य संगठनको २०२५ को तथ्यांकअनुसार नेपालमा हृदयाघातबाट वार्षिक ३० हजार दुई सयको मृत्यु हुन्छ। उक्त अध्ययनले पनि ४० प्रतिशत युवालाई हृदयाघात हुने देखाएको वरिष्ठ मुटुरोग विशेषज्ञ डा. रेग्मीले बताए।

मनमोहन कार्डियोथोरासिक भास्कुलर एन्ड ट्रान्सप्लान्ट सेन्टरका कार्यकारी निर्देशक तथा वरिष्ठ मुटुरोग विशेषज्ञ प्रा. डा. रत्नमणि गजुरेलका अनुसार आधुनिक जीवनशैलीका कारण युवामा मुटुरोग उल्लेख्य रूपमा बढिरहेको छ। 'नयाँ पुस्तामा असन्तुलित खानपानको प्रवृत्ति बढेको छ। जंकफुडको अत्यधिक सेवन, पोषिलो आहारप्रति बेवास्ता र शारीरिक निष्क्रियताले नसर्ने रोगको जोखिम बढाएको छ, जसको प्रत्यक्ष असर मुटुमा परेको छ। पछिल्ला वर्षहरूमा कम उमेरमै हृदयघात हुनेको संख्या बढ्दै जानु गम्भीर चिन्ताको विषय बनेको छ,' उनले भने, 'निकोटिनजन्य पदार्थको प्रयोग, धूम्रपान तथा अत्यधिक मद्यपानले मुटुको रक्तनलीमा प्रतिकूल असर पार्छ। त्यस्तै, उच्च रक्तचाप, मधुमेह र उच्च कोलेस्ट्रोलजस्ता दीर्घकालीन रोगले पनि मुटुरोगको जोखिम थप बढाउँछन्।'

फरहदवा...

पृष्ठ १ बाट क्रमशः

छोरा गुमाएँ। कानुनी लडाइँ लड्दा जीवनको ऊर्जा गुमाएँ। यसका बाबजुद पनि न्याय पाउँन सकिनँ। यसले मलाई हीनताबोध हुन्छ। त्यही भएर म काठमाडौं आएको हुँ।'

२८ चैत ०६४ मा भएको संविधानसभा निर्वाचनले रौतहटका प्रत्येक गाउँलाई छोएको थियो। चुनावी प्रचारका लागि गाउँका युवा तान्न उम्मेदवारको प्रतिस्पर्धा थियो। यही वेला कजेल बिदा लिएर पिन्टु भर्खर मात्रै गाउँ पुगेका थिए। रौतहट २ का कांग्रेस उम्मेदवार अफ्ताव आलमका भाइ महताव उनलाई लिन घरमै आइपुगे। पिन्टु गाडीमा चढेर आलमसँगै राजपुर लागे। तर, उनी त्यहाँबाट फर्केनन्। वृद्ध उमेरका सिंह १७ वर्षअघिको पीडादायी घटना सम्झन्छन्।

'मलाई अझै पनि छोरा आउँछ कि जस्तो लाग्छ। तर, मृत्यु सत्य हो। छोराकै पिरले मेरी श्रीमतीको देहान्त भयो। कानुनी लडाइँ लड्दालड्दै म बुढो भएँ। सबै खर्च रित्तिए। सँगै राज्यप्रतिको भरोसा पनि रित्तियो। निर्वाचनका वेला नेता-कार्यकर्ता भोट माग्दै घर आउँछन्। मलाई भने दिक्क लाग्छ,' उनले दुःखेसो पोखे।

त्यतिखेर अफ्तावको पृष्ठभूमिबारे सिंह जानकार थिए। उनी पिन्टुलाई चुनावी प्रचारमा पठाउन चाहँदैनथे। तर, उनलाई पत्तै नदिई महतावले पिन्टुलाई राजपुर लिएर गएका थिए। छोरालाई फिर्ता लिन सिंह आफैँ राजपुर पुगेका थिए। त्यस वेला आलमका सहयोगीले पिन्टु चुनाव सकेपछि फिर्ता हुने भन्दै सिंहलाई घर पठाएका थिए। तर, पिन्टुसहितका युवा फरहवास्थित शेख इद्रिसको गाईगोठमा भएको बम विस्फोटमा परे। घाइते उनीसहित २० भन्दा धेरै युवालाई इँटाभट्टामा जिउँदै जलाएर नष्ट गरियो।

अनेक दबाबपछि प्रहरीले घटनामा संलग्न अफ्तावसहितका अभियुक्तलाई घटना भएको १२ वर्षपछि पक्राउ गर्‍यो। त्यसको चार वर्षपछि जिल्ला अदालत रौतहटले घटना प्रमाणित गर्‍यो। र, दोषीलाई जेल सजाय तोक्यो। तर, उच्च अदालत वीरगन्जले गत १४ जेठमा जिल्लाको फैसलालाई उल्ट्यायो।

पिन्टुका बुबा सिंह अदालतसमक्ष यही विषयमा प्रश्न गर्छन्, 'विस्फोटमा परी नमरेको भए मेरो छोरा कहाँ छ त ? ओसी अख्तरसहित अन्य युवाको पनि अदालतले नै ठेगाना बताइदिनुपर्‍यो। रुक्साना खातुनको हत्या किन गरियो ? यसको पनि कारण खुलाइदिनुपर्‍यो।'

वीरगन्ज इजलासका न्यायाधीश खुसीप्रसाद थारू र अर्जुन महर्जनको संयुक्त इजलासले गत १४ जेठमा हत्याका मुख्य अभियुक्त अफ्ताव आलम, महताव आलम, शेष सेराज र बद्री सहनीलाई सफाइ दिने फैसला गरेको थियो। सोही फैसलाविरुद्ध सिंहले गत असारमै न्यायपरिषद्मा उजुरी दिएका थिए। त्यसलगत्तै परिषद्ले घटनाको छानबिन गर्न समिति बनायो। समितिले गत भदौमै प्रतिवेदन न्याय परिषद्मा पेस गरेको छ। तर, प्रतिवेदन हालसम्म न सार्वजनिक भएको छ, न कार्यान्वयन नै। काठमाडौं आएलगत्तै सिंह बिहीबार बिहान न्यायपरिषद् पुगे। प्रतिवेदनबारे सोधपुछ गरे। तर, चित्तबुझ्दो जवाफ पाउन सकेका छैनन्।

'म काठमाडौं आउने अब यत्ति नै हो। तपाईँहरूले न्याय दिए दिनुहोस्, नदिए नदिनुहोस्। मलाई भगवान्ले न्याय दिइसकेको छ,' उनले भने।

विस्फोटपछि आलमविरुद्ध जाहेरी दिनेमध्येकी एक थिइन्, रौतहट सरुअठा- ९ की रुक्साना खातुन। उनी मृतक ओसीकी आमा थिइन्। मुद्दा फिर्ता लिन उनलाई आलमका मान्छेले अनेक प्रलोभन दिएका थिए। ०६७ को मंसिरमा उनलाई घरमै गोली हानियो। त्यसवेला बालबाल बचिन्। तर, ९ माघ ०६७ को गोली प्रहारमा उनी बच्न सकिनन्। उनको कन्चटमा दुई राउन्ड गोली हानिएको थियो। उनको घटनास्थलमा नै मृत्यु भयो। सोही हविगत सिंहको पनि हुने भनियो। तर, सिंह गलेनन्।

न्यायको लडाइँमा १७ वर्षदेखि अनवरत लागेका उनले यसबिच चार बिघा जमिन बेचेका छन्। छोराको शोकले श्रीमती गुमाए। तर, उनको हातबाट न्याय झन्-झन् दूर हुँदै गएको छ। रुक्सानाको मृत्युपछि ओसीकी श्रीमती अमना खातुनले बयान फेरेकी छिन्। ओसीका ससुरा समसुल मियाँले पनि बकपत्र बदलेका छन्। घटनाका अन्य साक्षीको हालत पनि त्यस्तै छ। ८४ वर्षका सिंह यतिवेला न्यायको लडाइँमा एक्लो सिपाही बनेका छन्। 'यो मुद्दामा लड्ने म एक्लो हुँ। सबैले बयान फेरे। समसुलले त बयान फेर्न पाँच लाख रुपैयाँ लियो रे ! अफर त मलाई पनि एक करोडकै आएको हो। मैले त्यस वेला 'मेरो छोरा बिक्री हुने खसिबोका होइन' भन्दै हप्काएर पठाएँ। परिषद्मा उजुरी दिइएको छ,' उनले भने, 'अब अदालतले न्याय देला नदेला आफ्नो ठाउँ छ। तर, घटनामा संलग्नलाई भगवान्को अदालतले सजाय दिन्छ। आलमको मृत्यु भइसक्यो।'

कञ्चनपुरका तीनै क्षेत्रमा चारपक्षीय भिडन्त

ग्रासरुटमा आफ्नो संगठन बलियो भएको विश्वासमा कांग्रेस, एमाले र नेकपा, तर यसपटक मतदाताको मत आफूतिर आकर्षित भएको रास्वपाको दाबी

कञ्चनपुरमा **मोहन विष्ट**

आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनका लागि कञ्चनपुरमा चुनावी सरगर्मी ह्वात्तै बढेको छ। तीन निर्वाचन क्षेत्र रहेको कञ्चनपुरमा कांग्रेस, एमाले र नेकपा आफ्नो बिरासत कायमै राख्ने प्रयासमा छन्। तर, जेन-जी विद्रोहसँगै पुराना दलप्रति मतदाता अझै खुल्न सकेका छैनन्। जसकारण राष्ट्रिय स्वतन्त्र पार्टीले यसको प्रत्यक्ष फाइदा लिने देखिएको छ। सोही कारण अहिले जिल्लामा चारपक्षीय भिडन्तको आकलन गरिएको छ।

यसपटकको निर्वाचनमा मुख्य चार दलले नै जित्ने दाबी गरेका छन्। कांग्रेस, एमाले र नेकपालाई रास्वपा चुनौती दिने देखिएको छ। जेन-जी आन्दोलनले मतदाताको मत आफूतिर आकर्षित भएको उसको दाबी छ। तर, कांग्रेस, एमाले र नेकपा भने ग्रासरुटमा आफ्नो संगठन बलियो भएकाले जित्ने दाबी गरिरहेका छन्।

कञ्चनपुरका तीन निर्वाचन क्षेत्रमा १९ दलसहित ११ स्वतन्त्र गरेर ५५ उम्मेदवार चुनावी मैदानमा होमिएका छन्। जिल्ला, क्षेत्र, पालिका, वडादेखि बुथकेन्द्रसम्मै प्रचारप्रसार समिति बनाएर उम्मेदवारहरू जनताको घरदैलोमा पुगेर मत मागिरहेका छन्। ०७९ को निर्वाचनमा कांग्रेस, एमाले, नेकपा (तत्कालीन माओवादी) बिच प्रतिस्पर्धा भएको थियो। चौथोमा रास्वपा थियो। अहिले रास्वपाप्रति मतदातामा आकर्षण देखिएको छ। अघिल्लो निर्वाचनमा कांग्रेस र तत्कालीन माओवादीबिच चुनावी गठबन्धन भएको थियो। क्षेत्र नम्बर ३ मा एमाले र राप्रपा गठबन्धन थियो। अहिले सबै दल एक्लाएक्लै चुनावी मैदानमा होमिएका छन्।

०४८ मा कञ्चनपुर दुईवटा निर्वाचन क्षेत्र थियो। १ बाट कांग्रेसका वासुदेव भट्ट र २ बाट तारणीदत्त चटौत निर्वाचित भएका थिए। ०५१ मा तीन क्षेत्र रहेका वेला तीनै क्षेत्रमा एमालेका क्रमशः १ बाट रामकुमार ज्ञवाली, २ भोजराज जोशी र ३ बाट उर्वादत्त पन्तले चुनाव जितेका थिए। ०५६ को निर्वाचनमा १ बाट कांग्रेसकै एनपी साउद र २ बाट तारिणीदत्त चटौत र ३ बाट रमेश लेखक निर्वाचित भएका थिए।

०६४ को पहिलो संविधानसभा सदस्य निर्वाचनमा चारवटा क्षेत्र बनाइयो। १ बाट तत्कालीन माओवादीका पुरन राना, २ मा देवीलाल चौधरी, ३ टीकेन्द्रप्रसाद भट्ट र ४ मा कांग्रेसका शेरहादुर देउवा निर्वाचित भएका थिए। ०६५ को उपनिर्वाचनमा ४ बाट माओवादीका हरिश ठकुल्लाले जितेका थिए।

०७० मा भएको दोस्रो संविधानसभा सदस्य निर्वाचनमा चारै क्षेत्रमा कांग्रेसका क्रमशः दिवानसिंह विष्ट, एनपी साउद, बहादुर थापा र रमेश लेखक विजयी भए। ०७४ को निर्वाचनमा एमाले र माओवादी गठबन्धनबाट १ मा तत्कालीन माओवादीकी विना मगर, २ मा एमालेका नरबहादुर धामी र ३ मा एमालेकै डा. दीपकप्रकाश भट्ट विजयी बनेका थिए।

०७९ को निर्वाचनमा १ बाट एमालेका तारा लामा, २ मा कांग्रेसका एनपी साउद र ३ मा कांग्रेसकै रमेश लेखकले जितेका थिए। त्यसवेला कांग्रेस र माओवादीबिच गठबन्धन भएको थियो। अहिले सबै दल एक्लाएक्लै चुनावी मैदानमा होमिएका छन्।

गत निर्वाचन कञ्चनपुरमा एक लाख ४६ हजार ८४६ पुरुष र एक लाख ५५ हजार ६६२ महिला गरी कुल तीन लाख दुई हजार ५०९ मतदाता थिए। जसमध्ये एक लाख ८६ हजार ३२२ ले मतदान गरेका थिए। अघिल्लो चुनावको तुलनामा अहिले ११ हजार ९७६ मतदाता छन्। ०८२ मा एक लाख ६० हजार ३१६ महिला र एक लाख ५४ हजार ६८ पुरुष छन्।

■ कञ्चनपुर १	■ कञ्चनपुर २		■ कञ्चनपुर ३
मतदाता : १,०१,७२४	मतदाता : १,०९,५७४	मतदानस्थल : ४३	मतदाता : १,०३,०८७
महिला : ५१,५८८	महिला : ५६,१२८	मतदान केन्द्र : १२३	महिला : ५२,६००
पुरुष : ५०,१३६	पुरुष : ५३,४४५	उम्मेदवार : १९	पुरुष : ५०,४७८
मतदानस्थल : ५२	अन्य : १		मतदानस्थल : ३७
मतदान केन्द्र : १२२			मतदान केन्द्र : ११५
उम्मेदवार : १९			उम्मेदवार : १७

■ कञ्चनपुर १ मा एमालेको बिरासत खोस्ने दाउमा कांग्रेस र रास्वपा

कञ्चनपुर १ मा १५ दल र चार स्वतन्त्रसहित १९ उम्मेदवार चुनावी मैदानमा होमिएका छन्। एमालेबाट तारा लामा, कांग्रेसबाट गोपीप्रसाद उपाध्याय, नेकपाबाट विना मगर, रास्वपाबाट जनक धामी छन्। अघिल्लो निर्वाचनमा लामा विजयी भएका थिए। एमालेले उनलाई दोहोऱ्याएको हो। लामासँग पराजित तत्कालीन माओवादी उम्मेदवार मगरलाई नेकपाले फेरि टिकट दिएको छ।

राप्रपाबाट दिल्लीबहादुर शाही, नेमकिपाबाट कटकबहादुर शाही, राष्ट्रिय जनमोर्चाबाट राजाराम डगौरा चौधरी, प्रलोपाबाट देवेन्द्रबहादुर शाही, मंगोल नेसनल अर्गनाइजेसनबाट हुमबहादुर गुरुङ र संयुक्त नागरिक पार्टीबाट दानियल विक उम्मेदवार छन्। त्यस्तै, मितेरी पार्टीबाट सियाराम राना, उज्यालो नेपाल पार्टीबाट माइकल तामाङ, नाउपाबाट कृष्णबहादुर चौधरी, आजपाबाट सीता बिक चुनावी मैदान छन्।

■ कञ्चनपुर २ मा प्रमुख चार दलबिच कडा प्रतिस्पर्धा

कञ्चनपुर २ मा पनि १५ दल र चार स्वतन्त्र गरेर १९ उम्मेदवार चुनावी मैदानमा छन्। डेढ दर्जन उम्मेदवार चुनावी मैदानमा होमिए पनि यहाँ कांग्रेस, एमाले, नेकपा र रास्वपाबिच नै प्रतिस्पर्धा हुने देखिएको छ। ०५६, ०७०, ०७९ तीनपटक जितेका कांग्रेसका एनपी साउद चौथोपटक सांसदका लागि चुनावी मैदानमा होमिएका छन्। अघिल्लो निर्वाचनमा यो क्षेत्रमा माओवादी-कांग्रेस गठबन्धनबाट पूर्वमन्त्रीसमेत कांग्रेसका एनपी साउद २८ हजार मतसहित विजयी भएका थिए। एमालेका नरबहादुर धामीले २१ हजार ६४५ रास्वपा उम्मेदवार झंकर जोशीले चार हजार ९३१ मत ल्याएका थिए।

चौथोपटक चुनावी मैदानमा होमिएका साउदलाई पहिलोपटक उम्मेदवार बनेका एमालेका वचनबहादुर सिंह, नेकपाका माधव पन्त र रास्वपाका दीपक बोहराले कडा चुनौती दिएका छन्। ३० वडा रहेको



०७९ मा दलले पाएको समानुपातिक मत

■ कञ्चनपुर १

एमाले : १७,९५४
कांग्रेस : १४,८०६
नेकपा : १०,१५७ (तत्कालीन माओवादी र एकीकृत समाजवादी)
नागरिक उन्मुक्ति : ७,४३०
रास्वपा : ४,२३६
राप्रपा : ३,३८५

■ कञ्चनपुर २

कांग्रेस : १७,७०३
एमाले : १५,७०९
नेकपा : १०,२८२ (तत्कालीन माओवादी र एकीकृत समाजवादी)
रास्वपा : ५,२८८
नागरिक उन्मुक्ति : ४,८८०
राप्रपा : ३,५३४

■ कञ्चनपुर ३

कांग्रेस : २०,५७१
एमाले : ११,८१६
नेकपा : ८,३९५ (तत्कालीन माओवादी र एकीकृत समाजवादी)
राप्रपा : ६,०२६
रास्वपा : ४,९००

क्षेत्र एक लाख नौ हजार ५७४ मतदाता छन्।

यो क्षेत्रमा राप्रपाबाट तीर्थराज चटौत, जनमत पार्टीबाट रामचन्द्र भट्ट, नेमकिपाबाट सीताराम राना, जनमोर्चाबाट रामबहादुर कार्की, प्रलोपाबाट धर्मानन्द जोशी, संयुक्त नागरिक पार्टीबाट खडक ताम्राकार, मितेरी पार्टीबाट तेजबहादुर बडवाल, नेकपा (माओवादी) लोकेन्द्रबहादुर बिक, उनेपाबाट योगेन्द्रबहादुर साउद, नाउपाबाट प्रेमवती राना, आजपाबाट जग्गु चौधरी उम्मेदवार छन्।

■ कञ्चनपुर ३ मा कांग्रेसको बिरासत खोस्ने प्रयासमा एमाले र रास्वपा

कञ्चनपुर ३ मा १४ दल र तीन स्वतन्त्र गरेर १७ उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन्। यो क्षेत्रमा कांग्रेस, एमाले र तत्कालीन माओवादीदे चुनाव जित्दै आएका छन्। कांग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवाले समेत एकपटक चुनाव जितेको यो क्षेत्रमा कांग्रेसकै रमेश लेखक विभिन्नपटक गरी तीनपटक निर्वाचन भइसकेका छन्। कांग्रेसमा देखिएको विवादका कारण यसपटक लेखकले टिकट पाएनन्। कांग्रेसले यसपटक पूर्वजिल्ला सभापति हरिप्रसाद बोहरालाई उम्मेदवार बनाएको छ। नेकपाले मानबहादुर सुनार, एमालेले पूर्वसांसद डा. दीपकप्रकाश भट्ट र रास्वपाले ज्ञानेन्द्र महतालाई उम्मेदवार बनाएको छ।

अघिल्लो निर्वाचनमा माओवादीसँगको गठबन्धनमा कांग्रेसका लेखक ३० हजार ५२३ ल्याएर विजयी भएका थिए। राप्रपासँगको गठबन्धनमा एमालेकी निरुदेवी पालले १८ हजार ४४८ मत ल्याएकी थिइन्। रास्वपा उम्मेदवार कृष्ण लुहारले दुई हजार २८ मत ल्याएका थिए। ०७४ मा एकअर्काका लागि मत मागेका नेकपाका सुनार र एमालेका भट्ट अहिले मुख्य प्रतिस्पर्धी भएका छन्। ३० वडा रहेको यस क्षेत्रमा ५० हजार ४८७ पुरुष र ५२ हजार ६ सय महिला गरेर एक लाख तीन हजार ८७ मतदाता छन्।

कञ्चनपुर ३ मा राप्रपाबाट पूर्णबहादुर चन्द, नेमकिपाबाट मिनु गिरी, जनमोर्चाबाट लाबहादुर चन्द, नेकपा (संयुक्त) कर्णबहादुर चन्द, श्रम संस्कृति पार्टीबाट गंगादत्त जोशी, मितेरी पार्टीबाट किरन थापा, नेकपा (माओवादी) बाट विष्णुप्रकाश उपाध्याय, उनेपाबाट भीमबहादुर कुमाल, राष्ट्रिय मुक्ति पार्टी नेपालबाट लोकराज भट्ट, आजपाबाट लक्ष्मीकुमारी विष्ट भट्ट चुनावी प्रतिस्पर्धामा छन्।

कांग्रेसले प्रचारभन्दा पनि काममा विश्वास गर्छ

मीनबहादुर सिंह, उपसभापति, कांग्रेस कञ्चनपुर



जिल्ला, क्षेत्र, पालिका, वडा, बुथस्तरमा प्रचार-प्रसार समिति गठनदेखि सम्पर्क कार्यालय सञ्चालनमा ल्याएका छौं। तीनवटै निर्वाचन क्षेत्रका उम्मेदवार क्रमशः गोपीप्रसाद उपाध्याय, एनपी साउद र हरिप्रसाद बोहरा निरन्तर जनताको घरदैलोमा खटिएका छन्। कांग्रेसले ०४८ देखि ०७९ सम्म जित्दै आएको क्षेत्र हो यो। जितेका नेताहरूले सरकारमा गएपछि जनअपेक्षाअनुरूप काम गरेका छन्। कांग्रेसले प्रचारभन्दा पनि काममा विश्वास गर्छ, त्यहीअनुरूप हामी फिल्डमा बलिया छौं।

संगठन बलियो र चुस्त-दुरुस्त भएकाले चुनाव जित्छौं

जनकराज अवस्थी, उपाध्यक्ष, एमाले कञ्चनपुर



वडा सम्पर्क कार्यालय, वडा भेला, टोलटोल, सम्पर्क कार्यालय उद्घाटन गरेर निर्वाचन प्रचार-प्रसार तीव्र बनाएका छौं। विगतमा एमालेले गरेका कामकाजदेखि संगठन पनि बलियो, चुस्त-दुरुस्त भएकाले यसपटक पनि जनताले हामीलाई विश्वास गर्ने विश्वास लिएका छौं। हाम्रा तीनवटै उम्मेदवार तारा लामा तामाङ, वचनबहादुर स्निह र डा. दीपकप्रकाश भट्ट ग्रासरुटमा बलिया छन्। राष्ट्रवादी अडानका कारण जनताले एमालेलाई भोट दिनेछन्।

पार्टीको एजेन्डामा मुलुक अघि बढेका परिणाम हाम्रो पक्षमा आउँछ


खेमराज पाण्डेय, संयोजक, नेकपा कञ्चनपुर



जिल्लाका तीनै क्षेत्रमा जिम्मेवारी बाँडफाँट गरेर नेता कार्यकर्ताहरू खटिएका छन्। सुशासन र दिगो विकासको एजेन्डा लिएर हाम्रा उम्मेदवार घरदैलोमा पुगिरहेका छन्। पार्टीले अघि सारेका एजेन्डामै सिंगो मुलुक अघि बढिरहेको छ। पार्टी सरकारमा जाँदा गरेका लोकप्रिय कामले समेत जनतामा नेकपाप्रति आशा जगाएको पाएकाले हाम्रो जित सुनिश्चित छ।

जनलहर हाम्रो पक्षमा भएकाले जित्ने निश्चित छ

पदमबहादुर विष्ट, सभापति, रास्वपा, कञ्चनपुर



देश बनाउने संकल्प लिएर पार्टीका उम्मेदवार जनताको घरदैलोमा पुगेका छन्। विगतमा जनताले अन्य पार्टीलाई मत दिए, तर जनताको अपेक्षाअनुरूप काम गरेनन्। रास्वपा नयाँ सोच विचार अघि बढेको छ। अन्य दलले जनतालाई बोट बैंक बनाए, तर हामी जनतालाई झुटा आश्वासन दिँदैनौं। जनलहर हाम्रो पक्षमा भएकाले जित्ने निश्चित छ।

■ भक्तपुर २ मा चुनावी दौड

जित फर्काउने र गढ जोगाउने प्रतिस्पर्धा

शुरोजंग पाण्डे / नयाँ पत्रिका

काठमाडौं उपत्यकाभित्रको भक्तपुर २ मा उम्मेदवारहरू जित फर्काउने र गढ जोगाउने प्रतिष्ठा बनाएर चुनावी प्रचार र घरदैलोमा सक्रिय भएका छन्। २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनको काउन्ट डाउनसँगै प्रमुख दल कांग्रेस, एमाले, नेकपा, रास्वपासहित साना दल नेमकिपा, उज्यालो नेपाल पार्टीलगायतले आन्तरिक तयारी सकेर चुनावी प्रचार र घरदैलोलाई पनि सक्रियतापूर्वक अगाडि बढाएका छन्। यद्यपि, उनीहरूले चुनावी कार्यक्रमअनुसार अझै प्रचार सुरु नभएकाले तयारी र दौडधुपलाई आचारसंहिता पालना गर्नुपर्ने भएकाले अझै चुनावी प्रचारका रूपमा औपचारिक नामकरण भने गरिसकेका छैनन्।

यस क्षेत्रमा १७ राजनीतिक दल तथा १५ स्वतन्त्र गरी ३२ जनाले उम्मेदवारी दिएका छन्। अघिल्लो निर्वाचनमा झिनो मतान्तरमा कांग्रेसका दुर्लभ थापा विजयी भएको यस क्षेत्रमा उसले कबिर राणालाई उम्मेदवार बनाएको छ। एमालेले पार्टी सचिवसमेत रहेका महेश बस्नेतलाई नै दोहोऱ्याएको छ। पूर्वमन्त्रीसमेत रहेका 'हेभिवेट' बस्नेत ०७४ का विजेता तथा ०७९ मा थापाका प्रतिद्वन्द्वी उम्मेदवार पनि हुन्।

अघिल्लो निर्वाचनमा तेस्रो मत ल्याएको नेमकिपाबाट रमेश वैद्य, चौथो मत ल्याएको रास्वपाबाट राजीव खत्री, पाँचौं मत ल्याएको राप्रपाले विक्रम थापालाई उम्मेदवार बनाएको छ। नेकपाबाट भने केन्द्रीय सदस्य तथा वाइसिएलका पूर्वअध्यक्ष रामप्रसाद सापकोटा उम्मेदवार छन्। एकीकृत समाजवादीसँगको एकतापछि सापकोटा पनि बलियो उम्मेदवारका रूपमा प्रस्तुत भएका छन्। उज्यालो नेपाल पार्टीबाट जितराम लामा, डा. बाबुराम भट्टराई, जनार्दन शर्मालगायत नेता रहेको प्रगतिशील लोकतान्त्रिक पार्टीबाट जन्मदेव जैसी, आम जनता पार्टीकी देवकुमारी साह, नेपाली पार्टीका राजेश बाडे, मंगोल नेसनल अर्गनाइजेसनका पेम्बा घले, श्रम संस्कृति पार्टीका अर्जुन वासु, जसपा नेपालका नवीन श्रेष्ठ, नेकपा (माओवादी)का प्रकाशराज ढुंगेल, त्रिमूल नेपालका राकेश श्रेष्ठ, नेकपा संयुक्तका लोककृष्ण दाहाललगायत उम्मेदवार छन्।

खासगरी एमाले र कांग्रेसले यो क्षेत्रलाई बढी प्रतिष्ठाको विषय बनाएर चुनावी प्रचार तीव्र बनाएका छन्। एमाले उम्मेदवार बस्नेत ०७४ को फराकिलो जित र ०७९ मा थोरै मतान्तरको पराजयमा परिणत भएकाले जित दोहोऱ्याउने योजना बुनेर चुनावी दौडमा सामेल छन्। कांग्रेसले भने ०६४ र ०७४ बाहेक लगातार जित्दै आएको क्षेत्रका रूपमा लिएर परम्परागत गढको संरक्षण गर्ने तयारीसहित राणालाई उतारेको छ। अध्यक्ष केपी ओलीसमेत यही क्षेत्रमा बस्ने भएकाले एमाले प्रतिष्ठाकै कारण पनि जित्नैपर्ने दबाबमा छ।

फराकिलो अन्तरले जित्छु

● **महेश बस्नेत**, एमाले उम्मेदवार



सडक पूर्वाधारको विकासलाई जनताको आर्थिक प्रगति र समृद्धिसँग जोड्ने एजेन्डासहित अघि बढिरहेको छु। म ०५६ स्थानीय निर्वाचनबाट जनप्रतिनिधिमा निर्वाचित भएदेखि नै यस क्षेत्रको विकासमा अनवरत क्रियाशील छु। कहिले जनप्रतिनिधिका रूपमा त कहिले पार्टी नेता-कार्यकर्ताका हिसाबले भक्तपुरको पूर्वाधार विकासदेखि समग्र विकासको क्षेत्रमा निरन्तर क्रियाशील छु, जनताको मुद्दा र समस्या समाधानका लागि लागिरहेको छु। समाजका हरेक वर्ग, समुदाय, युवा, ज्येष्ठ नागरिकदेखि सबैको समस्या सुनेको मात्रै होइन, सम्बोधनका लागि लागिरहेका कारण फराकिलो मतान्तरले जित्ने कुरामा विश्वस्त छु।

पार्टी एकता नै जित्ने आधार

● **कबिर राणा**, कांग्रेस उम्मेदवार



सूर्यविनायकसहित धेरै मठमन्दिर भएकाले सूर्यविनायकलाई धार्मिक पर्टकीय हबका रूपमा विकास गर्ने, प्राणी उद्यानमार्फत पर्यटन प्रवर्द्धन गर्ने मेरो एजेन्डा छ। ०१५ को निर्वाचनदेखि अहिलेसम्म कांग्रेसको गढका रूपमा चिनेको र त्यसयता चारपटकभन्दा बढी जितिसकेको क्षेत्र मात्र होइन, आन्तरिक विग्रह, उपयुक्त स्थानीय उम्मेदवार नहुँदा हार्दा पनि समानुपातिकमा पहिलो मत कांग्रेसकै आएकाले पनि जितको आधार बलियो छ। कांग्रेस भक्तपुरमा अहिले एकमना एकतासहित गढलाई निरन्तरा दिन एकढिक्का छ।

व्यक्तित्व र एजेन्डा नै जित्ने आधार हो


● **रामप्रसाद सापकोटा**, नेकपा उम्मेदवार



ठिमीको इतिहास, कला, ऐतिहासिक तथा सांस्कृतिक सम्पदा र स्थानीयतालाई पर्यटन प्रवर्द्धन गर्नुपर्छ। दर्जनौं स्थानीय जात्रा सञ्चालनका लागि नीतिगत निर्णय गरेर अक्षय कोषको व्यवस्था गर्नुपर्छ। सूर्यविनायकको पानीको समस्या समाधानका लागि मेलम्चीको पाइप जोड्नुपर्छ र यो नगरपालिकालाई धार्मिक पर्यटकीय हबका रूपमा तथा व्यवस्थित सहरका रूपमा विकास गर्नुपर्छ। हामीले बोकेको एजेन्डा नै जितको आधार हो।

किसानको समस्या सम्बोधन गर्छु

● **रमेश वैद्य**, नेमकिपा उम्मेदवार



ख्वप: विश्वविद्यालयको योजनालाई पूर्णता दिएर किसान, निम्न-मध्यमवर्गीय परिवारले पनि उच्च शिक्षा सर्वसुलभ पाउने अवस्था निर्माण गर्ने, कृषि पर्यटन र उद्यमशीलतालाई जोड दिने कुरा प्रस्ट् याइरहेको छु। क्षेत्रलाई कृषिमा आत्मनिर्भर बनाउने र रोजगारी सिर्जना गर्ने मेरो प्रतिबद्धता छ। विगतका शासक दलहरूप्रति सरकारमा भएर पनि काम नगरेकोमा यो क्षेत्रका जनताको आक्रोश छ। हामीले एक सिट जिते पनि अर्को क्षेत्रमा राम्रो काम गरेका छौं।

प्रदेश खारेजीको मागले जित्ने आधार बलियो छ

● **विक्रम थापा**, राप्रपा उम्मेदवार



जेन-जी आन्दोलनले उठाएको प्रदेश खारेजको मागलाई मैले प्रमुखताका साथ उठाएको छु। त्यस्तै, निर्वाचन क्षेत्रमा शिक्षा, स्वास्थ्य निःशुल्क बनाउने र कोटेश्वर-जडीबुटी क्षेत्रको जाम खुलाउने मुख्य एजेन्डा लिएर मत मागिरहेको छु। अघिल्लो निर्वाचनमै हामीले आठ हजार मत ल्याएका थियौं, एक हजार मत भएको राप्रपा नेपालसँग एकतापछि थपिएर नौ हजार पुगेको छ। अहिले प्रदेश खारेजीको मागसहित मत मागेका कारण अरू परिवर्तनकामी शक्तिले समेत मत हाल्ने हुँदा जितको बलियो आधार छ।

मैथिली साहित्य महोत्सवको पाँचौं संस्करण ५ फागुनदेखि

जनकपुरधाम/ जनकपुरधाममा साहित्य, कला तथा अन्तर्राष्ट्रिय नाट्य महोत्सवको ५औं शृंखला ५ फागुनदेखि हुने भएको छ। मैथिली विकास कोषको आयोजना तथा मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्रालय र जनकपुरधाम उपमहानगरपालिकाको सहआयोजनामा हुने महोत्सव ८ फागुनसम्म चल्नेछ। महोत्सवमा मैथिली भाषा, साहित्य, कला र संस्कृतिको प्रवर्द्धन गर्नुका साथै समसामयिक सामाजिक विषयमा गहन विमर्श हुने मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरीले जानकारी दिए। शनिबार आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष चौधरीले भाषा, साहित्य र सांस्कृतिक पहिचानलाई सुदृढ बनाउने महोत्सवको उद्देश्य रहेको बताए। प्रत्येक दुई वर्षमा आयोजना हुने यो महोत्सव सिर्जनात्मक अभिव्यक्तिको मञ्च मात्र नभई सामाजिक न्याय, स्त्रीवाद, दलित विमर्श, शिक्षा र भाषानीतिजस्ता विषयमा गम्भीर छलफलको साझा थलो पनि बन्दै आएको उनले दाबी गरे। चौधरीका अनुसार महोत्सव अवधिभर २० भन्दा बढी शीर्षकमा बहस, विमर्श कार्यक्रम आयोजना गरिनेछन्।

लोकप्रियतावादसँग सचेत रहन एमालेको आह्वान

नयाँ पत्रिका

एमालेले लोकप्रियतावाद केही समयका लागि भ्रममा टिक्ने र त्यसले राष्ट्रिय हितमाथि नै गम्भीर प्रभाव पार्न सक्ने भन्दै सचेत रहन सबैको ध्यानाकर्षण गराएको छ। केन्द्रीय कार्यालयमा शनिबार पत्रकार सम्मेलन आयोजना गरेर एमालेले ध्यानाकर्षण गराएको हो।

'देशको लोकतान्त्रिक अभ्यास र दीर्घकालीन राष्ट्रिय हितमाथि क्षणिक तथा भावनात्मक लोकप्रियताले गम्भीर प्रभाव पार्न सक्ने यथार्थप्रति हामी गम्भीर ध्यानाकर्षण गराउन चाहन्छौं। राजनीतिमा देखापर्ने लोकप्रियतावाद प्रायः भ्रमपूर्ण हुने र यसले नीति, स्थायित्व तथा सुशासनमा नकारात्मक असर पार्ने जोखिम रहन्छ,' एमालेले विज्ञप्तिमा भनेको छ, 'एमाले नेपालका आमजनता, आमाबुबा, दाजुभाइ, दिदीबहिनी, युवा वर्ग, किशोरकिशोरी सबै मतदातासमक्ष लोकप्रियतावादको भ्रमबाट सचेत रहँदै विचार, सिद्धान्त, तथ्य, अनुभव र राष्ट्रिय हितलाई केन्द्रमा राखी विवेकपूर्ण ढंगले आफ्नो मताधिकार प्रयोग नेकपा एमालेको सूर्य चिन्हमा प्रदान गर्न अनुरोध गर्दछौं।'

एमालेले विश्वभरका धेरै र दक्षिण एसियाका केही देश लोकप्रियतावादको गम्भीर समस्या सामना गरिरहेको यथार्थ अगाडि स्पष्ट रहेको भन्दै स्थायित्व, विकास र समृद्धिको दीर्घकालीन मार्ग चयन गर्नु नै राष्ट्र र जनताको हितमा हुनेछ भन्ने पार्टीको दृढ विश्वास रहेको पनि प्रस्ट पारेको छ।

त्यस्तै, पेसाकर्मी नागरिक समाज तथा सामुदायिक अभियन्तासँग लोकतन्त्र र सामाजिक न्यायको सुनिश्चितताका लागि सहकार्य गर्न आह्वान गरेको छ भने विदेशमा रहेका नेपालीहरूलाई आफ्ना परिवारमार्फत र समुदायमार्फत सकारात्मक जनमत निर्माण गर्न निर्वाचनमा सहयोग पुऱ्याउन पनि एमालेले आह्वान गरेको छ।

जाजरकोट आइपुग्यो मतपत्र

जाजरकोट/ आसन्न २१ फागुनको प्रतिनिधिसभा निर्वाचनका लागि प्रत्यक्ष तथा समानुपातिकतर्फका मतपत्र जाजरकोट पुगेको छ। शनिबार निर्वाचन आयोगद्वारा पठाइएका मतपत्र मुख्य निर्वाचन अधिकृतको कार्यालयमा पुगेको हो। केन्द्रीय निर्वाचन आयोगबाट पठाएको मतपत्र सुरक्षित रूपमा आइपुगेको मुख्य निर्वाचन अधिकृत दुर्गाप्रसाद खनालले जानकारी दिए।

उनका अनुसार प्रत्यक्ष निर्वाचन प्रणालीतर्फ एक लाख १५ हजार र समानुपातिक प्रणालीतर्फ एक लाख १८ हजार गरी दुई लाख ३३ हजार मतपत्र जाजरकोट पुऱ्याइएको केन्द्रीय निर्वाचन आयोगका प्रतिनिधि महेन्द्रबहादुर सिंहले बताए। मतपत्र आइपुगेपछि आवश्यक सुरक्षा व्यवस्थासहित सुरक्षित स्थानमा भण्डारण गरिएको जनाइएको छ। जाजरकोटमा एक लाख सात हजार ९१ जना मतदाता छन्। जिल्लाभर ८८ वटा मतदान स्थलमा एक सय ४७ वटा मतदान केन्द्र तोकिएको जिल्ला निर्वाचन कार्यालय जाजरकोटका सूचना अधिकारी नवीन कठायतले बताए। प्रतिनिधिसभा सदस्य पदका लागि ११ दल चुनावी प्रतिस्पर्धामा छन्।



हानि–नोक्सानी कोषबाट क्षतिपूर्ति लिने उपयुक्त मौका

मेलम्ची-इन्द्रावती बाढी पर्वत शृंखलामा भएको एउटा विशिष्ट र उच्च हिमाली क्षेत्रबाट सुरु भएको 'चेन रियाक्सन' पनि हो



● कृष्णा पौडेल

अग्रलेख

जलवायु परिवर्तनको विश्वव्यापी संकटमा नेपाल यस्तो मुलुक बनेको छ, जसको हरितगृह ग्यास उत्सर्जनमा योगदान शून्यप्रायः (०.०२७ प्रतिशत) छ, तर यसको मूल्य भने अर्बौंको क्षति र अमूल्य जीवन गुमाएर चुकाउनुपरिरहेको छ। सिन्धुपाल्चोकको मेलम्ची–इन्द्रवतीको बाढी, थामेको हिमताल विस्फोट, मुस्ताङको कागबेनीको बाढी, रसुवाको बाढी, कञ्चनपुरको भारी वर्षा, इलाम घटना र रोशी खोलाको वितण्डा यसका जीवित उदाहरण हुन्।

यस्तो अवस्थामा विश्व मञ्चमा स्थापित 'हानि-नोक्सानी कोष' (फन्ड फर रेस्पोन्डिङ लस एन्ड ड्यामेज (एफआरएलडी) नेपालका लागि केवल राहत होइन, न्याय प्राप्त गर्ने एउटा बलियो माध्यम बनेको छ। जलवायु परिवर्तनका कारण सिर्जित विपत्, जसलाई अनुकूलन वा न्यूनीकरणमार्फत रोक्न नसकिरहेको अवस्थामा यस्ता विपत्बाट हुने क्षति सम्बोधन गर्न यो कोष स्थापना भएको हो।

हरित जलवायु कोष र अनुकूलन कोषजस्ता विश्वव्यापी जलवायु वित्त संयन्त्रले मुख्यतया उत्सर्जन घटाउने वा भविष्यका जोखिमको तयारी गर्ने विषयमा मात्र ध्यान केन्द्रित गर्छन्। जलवायु परिवर्तनका कारण मानवीय क्षतिसँगै जमिन, स्थानीय संस्कृति, जीवनशैली तथा समग्र जीविकोपार्जनमा असर गरेको अवस्थामा 'अनुकूलन वित्त' मात्र पर्याप्त हुँदैन। पहिल्यै भइसकेका र उल्ट्याउन नसकिने क्षतिलाई सम्बोधन गर्न यी कोष मात्रै पर्याप्त छैनन् भन्ने आवाज सन् १९९१ मै औपचारिक रूपमा उठाइएको हो। यो मागलाई दशकौँदेखि साना टापु राष्ट्र र अल्पविकसित देशले निरन्तर अगाडि बढाए। तीव्र औद्योगीकरणमा अघि बढेका विकसित मुलुकले आफ्नो दायित्वबाट पन्छिन विरोध गरिरहे। तर, जलवायुजन्य विपत्ति बढ्दै जाँदा त्यस्ता घटनाका जलवायु परिवर्तनजन्य वैज्ञानिक प्रमाण बलियो हुँदै गएपछि हानि-नोक्सानीमा समर्पित संयन्त्र निर्माणको बाध्यात्मक अवस्था सिर्जना भयो।

विश्व जलवायु सम्मेलनको २७औँ बैठकमा हानि-नोक्सानी कोष स्थापना गर्ने ऐतिहासिक सहमति भयो। २८औँ बैठकले कोष सञ्चालन विधिलाई अन्तिम रूप दिई सचिवालयसमेतको व्यवस्था गऱ्यो। ३०औँ बैठकले जलवायुजन्य हानि-नोक्सानीको दाबी गर्न प्रारम्भिक चरणका लागि २५ करोड अमेरिकी डलरबराबरको प्रस्ताव आह्वान गरेको छ। यसले नेपालजस्ता जलवायु जोखिममा रहेका देशलाई आफ्ना प्रस्ताव पेस गर्ने बाटो खोलिदिएको छ।



एफआरएलडीको उद्देश्य विकासोन्मुख र जलवायु जोखिममा रहेका मुलुकलाई विपत्पछिको पुनर्निर्माण, जीविकोपार्जनमा सुधार र सांस्कृतिक तथा वातावरणीय क्षतिको शोधभर्नाका लागि वित्तीय सहयोग उपलब्ध गराउनु हो। नेपालका लागि यो कोष अत्यन्तै महत्त्वपूर्ण छ, किनभने यसले अनुकूलनका प्रयासले रोक्न नसकेको र आन्तरिक विपत् व्यवस्थापनमा देखिएको स्रोतको ग्याप पूरणमा सहयोगी भूमिका निर्वाह गर्न सक्छ।

विपत् व्यवस्थापन ऐनले मानवीय क्षति, आवासमा पुगेको क्षति र घाइतेको उपचारलाई प्राथमिकता दिएको छ। मानसिक स्वास्थ्यमा पुगेको असर, नष्ट भएका कृषियोग्य जमिन, पशुचौपाया तथा सामाजिक सांस्कृतिक क्षेत्रमा पुगेको क्षतिलाई हानि-नोक्सानीको दायरामा समावेश नै गरेको छैन। जलवायु परिवर्तन नीति २०१९ ले क्षतिको प्रकार स्पष्ट गरेको छैन। यस्तो अवस्थामा थामे, रसुवा, मेलम्ची, मनाङ, मुस्ताङ, काभ्रेलगायत घटनामा भएको अपूरणीय क्षतिलाई विद्यमान विपत् पुनर्स्थापना ढाँचाले केवल आंशिक आर्थिक राहत मात्र प्रदान गरेका छन्।विपत्का दीर्घकालीन परिणामलाई ती क्षेत्रका समुदायले आफैँ भेल्नुपर्ने बाध्यता छ। एफआरएलडीमा पहुँच राख्ने हो भने नेपालले विपत्बाट पुगेको गैरआर्थिक क्षतिलाई सम्बोधन गर्न सक्छ। यसले प्रभावित समुदायलाई जलवायु न्याय प्रत्याभूति गर्नेछ।

यस कोषबाट रकम प्राप्त गर्न नेपालले केही प्राविधिक र वैज्ञानिक सर्त पूरा गर्नुपर्ने हुन्छ। कुनै पनि विपत्का घटना प्राकृतिक मात्र नभई जलवायु परिवर्तनकै कारण भएको हो भन्ने पुष्टि गर्ने आधार प्रस्तुत गर्नुपर्छ। विपत्बाट भएको आर्थिक र गैरआर्थिक (जस्तै- मानसिक आघात, सांस्कृतिक सम्पदाको नाश) क्षतिको विस्तृत तथ्यांक आवश्यक पर्छ। हामीले अपनाएका पूर्वतयारी र अनुकूलनका उपायले किन काम गरेनन् ? अथवा, किन ती पर्याप्त भएनन् भन्ने तर्कसहित अनुकूलनको सीमा स्पष्ट पार्नुपर्छ। प्रस्ताव स्वीकृत भएको अवस्थामा प्राप्त हुने रकमलाई सुशासन र पारदर्शी ढंगले प्रभावित वा पीडितसम्म पुऱ्याउने विश्वसनीय संयन्त्रको खाका पेस गर्नुपर्छ।

कोषमा प्रस्ताव पेस गर्न नेपाल योग्य भए पनि प्रस्ताव स्वीकृतिका लागि कोषले अघि सारेका मापदण्ड हाम्रा प्रस्ताव खरो उत्रिएको हुनुपर्छ। नेपालमा दर्जनभन्दा बढी 'एग्रिगेटेट' संस्था भए पनि सरकारले तोकेको निकायमार्फत प्रस्ताव पेस गरिनुपर्छ। राष्ट्रिय र स्थानीय सरोकारवालासमेतको सक्रिय संलग्नतामा प्रस्ताव तयार गरिएको हुनुपर्छ।

नेपालका लागि उत्कृष्ट 'केस' ? : राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार सन् २०२५ को मे महिनामा हुम्लाको लिमी उपत्यकाको तिलगाउँमा हिमताल चुहिएर आएको बाढीबाट १८ परिवार प्रभावित भएका छन्। जुलाईमा हिमताल विस्फोटबाट रसुवामा आएको बाढीबाट एक सय मिलियन अमेरिकी डलरबराबरको नोक्सानी भएको छ। त्यसैगरी ४ र ५ अक्टोबरको मनसुनी विपत्मा आठ जिल्लाका २७६ परिवार प्रभावित हुँदा एक सय मिलियन अमेरिकी डलर नोक्सानी भएको छ। त्यसैगरी, सन् २०२४ मा भएका घटनामध्ये ८ जुलाईमा कञ्चनपुरमा भएको भारी वर्षा (एक्ट्रिमरेनफल)बाट ६ हजार तीन सय २२ परिवार प्रभावित हुँदा एक सय मिलियन अमेरिकी डलर, थामेको हिमताल विस्फोटबाट एक सय ३५ परिवार प्रभावित हुँदा ४ दशमलव १३ मिलियन अमेरिकी डलर, सेप्टेम्बरमा पोस्ट मनसुन विपत्बाट २० जिल्लाका ७१ नगरपालिकाका २५ हजार परिवार प्रभावित हुँदा ४६ अर्ब ६८ करोड ४३ लाख १८ हजार पाँच सय पचास रुपैयाँ नोक्सानी भएको छ।

सन् २०२३ मा संखुवासभामा मनसुनी बाढीका कारण पाँच हजार नौ सय ३७ परिवार प्रभावित हुँदा ३ दशमलव ५ मिलियन अमेरिकी डलरको नोक्सानी भएको छ। कागबेनीको बाढीमा ५९ परिवार प्रभावित भएका छन्। यो घटनाको नोक्सानीको तथ्यांक छैन। सन् २०२२ मा सप्तकोशीमा आएको बाढी र दार्चुलाको बाढीको नोक्सानीको तथ्यांक पनि छैन।

सन् २०२१ मा मेलम्ची-इन्द्रावती बाढीमा आठ सय ६२ परिवार प्रभावित हुँदा चार सय ९८ मिलियन अमेरिकी डलरबराबर नोक्सानी भएको छ। सोही वर्ष अक्टोबरमा आएको बाढीबाट इलामलगायत ३१ जिल्ला प्रभावित हुँदा ६ बिलियन अमेरिकी डलरको नोक्सानी भएको छ। मनाङमा भएको अत्यधिक वर्षा र मुस्ताङको हिमपहिरोको क्षतिको विवरण छैन। सन् २०२० को सिन्धुपाल्चोकको जुरेको पहिरो र सन् २०१६ मा हिमताल विस्फोटबाट भोटेकोशीमा आएको बाढीको हानि-नोक्सानीको तथ्यांक पनि छैन।

उल्लिखित घटनामध्ये मेलम्ची-इन्द्रावती बाढीका सम्बन्धमा भने आर्थिक र गैरआर्थिक नोक्सानी तथा संस्कृतिमा भएको नोक्सानी विवरण पनि संकलन गरिएको छ। सरकारले मात्रै नभई धेरै संघसंस्थाले यो बाढीको अध्ययन गरेका छन्। हेलम्बु गाउँपालिका र मेलम्ची नगरपालिकाको प्रारम्भिक अध्ययनले लगभग ६ सय मिलियन अमेरिकी डलर (नेपाली रुपैयाँ लगभग ६० अर्ब) बराबरको क्षति भएको देखाएको छ।

त्यसैगरी, प्रकृति रिसोर्सेस सेन्टरले गरेको अध्ययनले बाढीबाट ५० लाख अमेरिकी डलरबराबरको आर्थिक क्षति भएको र प्रतिपरिवार ६२ लाख नेपाली रुपैयाँ हानि-नोक्सानी भएको देखाएको छ। यो प्रभावित परिवारले गुमाएको घरखेत तथा अन्य विभिन्न आर्थिक हानि-नोक्सानी संकलन गरेर निकालिएको आँकडा हो।

> थामेको हिमताल विस्फोट खुम्बु क्षेत्रमा तापक्रम वृद्धिको प्रत्यक्ष असरको घटना हो। 'ग्लोबल एजेन्डा' बन्न सक्ने स्पष्ट 'क्लाइमेट इभेन्ट' भए पनि यसको आर्थिक तथा गैरआर्थिक हानि-नोक्सानीको तथ्यांक छैन।

मेलम्ची बाढीको सबैभन्दा बेवास्ता गरिएको पक्ष भनेको गैरआर्थिक क्षति हो। प्रकृति रिसोर्सेस सेन्टरले मेलम्ची नगरपालिका र हेलम्बु गाउँपालिकाका एक सय २० घरधुरीमा गरेको अध्ययनअनुसार ८५ प्रतिशत प्रभावितले मनोसामाजिक समस्या भोगिरहेका छन् भने ५८ प्रतिशतमा सांस्कृतिक तथा धार्मिक स्थलको क्षति पुगेको छ। ७० प्रतिशतमा डिप्रेसन र ५७ प्रतिशतमा चिन्तासम्बन्धी लक्षण देखिएका छन्। मठ-मन्दिर, पूजा-पर्व र सामूहिक पहिचानसँग जोडिएका अभ्यासमा आएको अवरोधले समुदायको सामाजिक संरचनामै असर पारेको छ। तर, यस्ता मनोसामाजिक र सांस्कृतिक क्षतिलाई सम्बोधन गर्न राज्यसँग स्पष्ट नीति, बजेट र संस्थागत जिम्मेवारी देखिँदैन।

मेलम्चीको बाढीबाट प्रभावित एक सय २० परिवारमा गरिएको अध्ययनले उनीहरूलाई प्रदान गरिएको आर्थिक सहयोग र क्षतिबिच ठुलो अन्तर छ। औसत प्रतिपरिवार ५२ हजार अमेरिकी डलरबराबरको क्षति हुँदा उनीहरूले जम्मा तीन सय ८० अमेरिकी डलर मात्रै प्राप्त गरेका छन्। मेलम्ची नगरपालिका र हेलम्बु गाउँपालिकाको वार्षिक बजेटबाट प्रभावितले न्यायपूर्ण ढंगले क्षतिपूर्ति प्राप्त गर्ने अवस्था छैन।

राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले प्रभावितलाई वितरण गरेको राहतको विवरणमा अत्यन्तै न्यून संख्यामा रहेका घरपरिवारले मात्रै सरकारले प्रदान गर्ने तीनवटै किस्ता प्राप्त गरेका छन्। ०८२ पुस मसान्तसम्मको प्राधिकरणको तथ्यांकअनुसार मेलम्ची नगरपालिका बाढी प्रभावित दुई सय ८० घर प्रभावितमध्ये एक सय ४४ ले दोस्रो र ६१ परिवारले मात्रै तेस्रो किस्ता लिएर घर निर्माण कार्य सम्पन्न गरेका छन्। त्यसैगरी हेलम्बु गाउँपालिकामा तीन सय २२ घर परिवारमध्ये तीन सय १८ ले पहिलो किस्ता, १०० ले दोस्रो र २३ परिवारले तेस्रो किस्ता लिएर घर निर्माण सम्पन्न गरेका छन्।

पाँचपोखरी थाङपाल गाउँपालिकामा २३ परिवार लाभग्राही कायम भएकामा २३ परिवारले नै पहिलो र १२ परिवारले दोस्रो तथा तेस्रो किस्ता प्राप्त गरेका ११ परिवार मात्रै छन्।

थामेको हिमताल विस्फोट खुम्बु क्षेत्रमा तापक्रम वृद्धिको प्रत्यक्ष असरको घटना हो। यो 'ग्लोबल एजेन्डा' बन्न सक्ने स्पष्ट 'क्लाइमेट इभेन्ट' हो। तर, यो घटनाको आर्थिक तथा गैरआर्थिक हानि-नोक्सानीको तथ्यांक छैन। मुस्ताङ र कागबेनी घटनाले मरुभूमि मानिने क्षेत्रमा भएको भारी वर्षा र बाढीले परिवर्तन हुँदै गरेको मौसमी प्रणालीको पुष्टि गर्छ। तर, यसबाट पुगेको क्षतिको तथ्यांक पनि छैन। रोशी र कैलालीको भारी वर्षा पनि मनसुनको असामान्य प्रकृतिजन्य घटना हो। तुलनात्मक रूपमा हेर्दा हानि-नोक्सानीको परिमाण ठुलो हुनुका साथै आर्थिक तथा गैरआर्थिक हानि-नोक्सानीको तथ्यांकसहित सांस्कृतिक क्षतिको पनि अध्ययन भइसकेकाले मेलम्ची बाढीलाई नै केसको रूपमा एफआरएलडीमा प्रस्तुत गर्न नेपाललाई सजिलो हुने देखिन्छ।

मेलम्ची-इन्द्रावती बाढी पर्वत शृंखलामा भएको एउटा विशिष्ट घटना हो। उच्च हिमाली क्षेत्रबाट सुरु भएको 'चेन रियाक्सन' पनि हो। यसमा जलवायु परिवर्तनको प्रत्यक्ष भूमिका रहेको वैज्ञानिक आधार पुष्टि गर्न सजिलो छ। बाढीले ठुलो पूर्वाधार मेलम्ची खानेपानी आयोजना मात्र नभई एउटा सिंगो सभ्यता र बजार नै ध्वस्त बनाएको छ। मेलम्ची, हेलम्बु र पाँचपोखरीमा देखिएका बाढीपछिका भग्नावशेषको दृश्य र अध्ययन प्रतिवेदनले जलवायुजन्य बाढीले कसरी उल्ट्याउन नसकिने क्षति पुऱ्यायो भन्ने स्पष्ट प्रमाण दिन्छन्। विपत्ले घर, जमिन र जीविकोपार्जन मात्र नष्ट गरेन, बरु मानिसको मनोवैज्ञानिक स्वास्थ्य र सांस्कृतिक सम्पदामा समेत गहिरो चोट पुगेको तथ्यांक भयावह छ।

हरेक विपत्पछि क्षतिको विवरण स्थानीय तहदेखि नै एकीकृत गर्नुपर्छ। इसिमोड, प्रकृति रिसोर्सेस सेन्टरलगायत संघसंस्थाले गरेको अध्ययनलाई सरकारी दस्तावेजका रूपमा प्रयोग गरी ती घटनाको जलवायु सम्बन्धलाई स्थापित गराउनुपर्छ। जलवायु परिवर्तनबाट उत्पन्न विपत्तिले कसरी बहुआयामिक क्षति पुऱ्याउँछ भन्ने उदाहरण विश्वलाई देखाउन मेलम्ची इन्द्रावती बाढी सशक्त घटना हो। एफआरएलडीले यी दस्ताबेजीकृत क्षतिलाई जलवायु न्यायमा रूपान्तरण गर्ने एक अद्वितीय अवसर प्रदान गर्न सक्नेछ।

---

३ प्रश्न

संघीयताविज्ञ **खिमलाल देवकोटा**लाई



स्थानीय तहको कार्य सम्पादन मूल्यांकन कस्तो लाग्यो ?

हामीले विगतमा गाविस, जिविस अस्तित्वमा हुँदा नै विभिन्न सूचक तयार गरी कार्य सम्पादन मूल्यांकन सुरु गरेका थियौँ। त्यतिखेर कार्य सम्पादनमा कमजोर देखिने नगरपालिका/जिविसको ७० प्रतिशतसम्म अनुदान कटौती हुन्थ्यो र सो रकम कार्य सम्पादनमा बलियो देखिएका अन्य नगरपालिका/जिविसमा पठाइन्थ्यो। अहिले पनि त्यस्तै 'फर्मुला' र १२ सूचक तयार गरी कार्य सम्पादन मूल्यांकन गरिन्छ। तर, यसको प्रभाव जम्मा चार प्रतिशत समानीकरण अनुदानमा मात्र पर्छ। यसले तात्त्विक असर पार्दैन। त्यसैले, यो खासै प्रभावकारी पनि छैन। एक हिसाबले हेर्दा यो कर्मकाण्डीजस्तो मात्र देखिन्छ।

देशको संघीय राजधानीसमेत रहेको काठमाडौँ महानगर नै कार्य सम्पादनमा किन कमजोर देखिएको होला ?

कुनै वेला काठमाडौँमा सचिवको दरबन्दी थियो। उनीहरूले कसैलाई टेर्दैनथे। त्यसैले, उनीहरू कार्य सम्पादनलाई कत्ति पनि महत्त्व दिँदैनथे। अनुदान रोकिए पनि के फरक पर्छ र ? हामी आफैँ सक्षम छौँ, अनुदान किन चाहियो ? भन्ने उनीहरूको भनाइ हुन्थ्यो। अहिले त्यस्तो अवस्था त छैन। कार्य सम्पादनलाई अनुदानको 'बिग भोलुम'मा जोड्न नसकुन्जेल अवस्था अहिलेजस्तै रहने हो। तर, यसलाई प्रभावकारी बनाउने हो भने पालिकाको कार्य सम्पादनमा प्रभावकारिता आएर प्रतिस्पर्धा बढ्छ, सेवाप्रवाह चुस्त हुन्छ र सुशासन कायम हुन्छ।

स्थानीय सरकारको कार्य सम्पादनलाई प्रभावकारी बनाउन के गर्नुपर्ला त ?

सबैभन्दा पहिले जिम्मेवार जनप्रतिनिधि र कर्मचारी इमानदार भई काममा लाग्नुपर्छ। कार्य सम्पादन मूल्यांकनका सूचकमा कर्मचारीसित सम्बन्धित सूचक पनि थप्नुपर्छ। कार्य सम्पादनमा राम्रो देखिने पालिकालाई पुरस्कृत गर्ने र कमजोर देखिनेलाई दण्डित गर्ने बलियो व्यवस्था हुनुपर्छ। कार्य सम्पादनमा कमजोर देखिने पालिकाको अनुदान कटौती गरी राम्रा देखिने पालिकामा पठाउने व्यवस्था मिलाउनुपर्छ। साथै, कमजोरी देखिएको सूचक कसको जिम्मेवारीमा पर्ने हो, उसलाई कारबाही गरी जिम्मेवार बनाउन सक्नुपर्छ।

प्रेरक प्रसंग

विद्यार्थीलाई आइन्स्टाइनको जवाफ

महान् वैज्ञानिक अल्बर्ट आइन्स्टाइन एकपटक एउटा कलेजका विद्यार्थीसितको अन्तर्संवादमा थिए। उनी विद्यार्थीका प्रश्नको जवाफ दिँदै थिए। त्यत्तिकैमा एक विद्यार्थीले सोधे- हजुरलाई सबैले महान् वैज्ञानिक भन्छन्। पक्कै पनि हजुर सजिलै महान् वैज्ञानिक बन्न सफल हुनुभएको होइन होला। त्यसो हो भने हजुरको सफलताको रहस्य के हो ? के हामीलाई बताउन मिल्छ ?

विद्यार्थीको प्रश्न सुनेर आइन्स्टाइन केहीबेर मौन रहे, केही गमे र हल्का मुस्कुराउँदै जवाफ दिए- म तपाईंहरूका प्रश्नको जवाफ दिनै यहाँ उपस्थित भएको हुँ। त्यसैले, म सकेसम्म तपाईंहरूका प्रश्नको यथोचित जवाफ दिने प्रयत्न गर्छु। म सफल छु कि छैनँ, त्यो तपाईंहरूले मूल्यांकन गर्ने विषय हो। तपाईंहरू मलाई सफल देख्नुहुन्छ भने मेरो यो सफलताको रहस्य हो- अविचलित हिम्मत।

जीवनमा हिम्मत नहारी आफ्नो लक्ष्यमा लागिपरेको हुनाले नै आज म यहाँ छु। जतिखेर म सानो थिएँ, त्यतिवेला मेरा स्कुले साथीले मलाई बुद्धु भनेर गिज्याउँथे। शिक्षकले गरेको प्रश्नको जवाफ दिन नसक्दा मलाई उनीहरू गोबरगणेश भन्थे। शिक्षकका प्रश्नको जवाफ दिन नसक्दा म बारम्बार बेन्चमाथि उभिन बाध्य हुन्थेँ। सबैले मेरो उपहास गर्थे। गणितका शिक्षकले मलाई पटक-पटक भनेका थिए- तिमीले यो जुनीमा गणित सिक्न सक्दैनौ। त्यतिखेर म मनमनै खुब रुन्थेँ। आफूलाई बुद्धु बनाएकोमा भगवान्‌सित खुब रिसाउँथेँ। म चारैतिर निराशासिवाय केही देख्दिनथेँ। तर, ममा एकप्रकारको अनौठो भोक थियो। त्यो भोक शान्त पार्न म कहिल्यै हिम्मत नहारीकन निरन्तर कर्ममा जुटिरहेँ। परिणाम तपाईंहरूसामु छ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

प्रदेशको औचित्यमाथि प्रश्न

वित्त आयोगको कार्यसम्पादन प्रतिवेदनले प्रदेशहरूको कार्यसम्पादन चिन्ताजनक अवस्थामा रहेको संकेत गरेको रहेछ। देशमा सुशासन र नागरिकमैत्री शासन व्यवस्थाका लागि संघीय प्रणाली अवलम्बन गरिएको छ। तर, प्रदेशहरूकै कार्यसम्पादन यति कमजोर र निराशाजनक भएपछि त्यसको औचित्यमाथि प्रश्न उठ्नु स्वाभाविक हो। प्रदेशहरूको कार्यसम्पादन निराशाजनक हुनुमा प्रदेशले संविधानतः पाउनुपर्ने अधिकार पनि नपाउनु एउटा कारण हुन सक्छ। फेरि प्रदेशमाथि संघको पेलान पनि छ। साथै, प्रदेश नेतृत्व सक्षम नहुनु पनि यसको अर्को कारण हुन सक्छ।

● **सुन्दर चेपाङ**, सल्लाघारी, भक्तपुर

चुनावी घोषणापत्रको सान्दर्भिकता

चुनावी घोषणापत्रको अर्थ र उद्देश्य : चुनावी घोषणापत्र भनेको राजनीतिक दलले निर्वाचनअघि सार्वजनिक गर्ने नीति तथा कार्यक्रमको लिखित प्रतिबद्धता हो। मतदातालाई आफ्नो नीति, योजना र कार्यक्रमबारे जानकारी दिनु, सरकारमा पुगेपछि गर्ने कामको स्पष्ट खाका प्रस्तुत गर्नु, जनताको समर्थन प्राप्त गर्नु, दललाई नैतिक तथा राजनीतिक रूपमा उत्तरदायी बनाउनु यसका मुख्य उद्देश्य हुन्। थप उद्देश्य निम्न छन् :

(क) नीतिमा आधारित राजनीति प्रवर्द्धन : घोषणापत्रले व्यक्तिवादी वा भावनात्मक राजनीतिभन्दा नीतिमा आधारित प्रतिस्पर्धालाई प्राथमिकता दिन मद्दत गर्छ। जब दलहरू स्पष्ट कार्यक्रमसहित जनतासामु आउँछन्, चुनाव बहस र विचारमा केन्द्रित हुन्छ।

(ख) उत्तरदायित्व सुनिश्चितता : घोषणापत्रले दललाई जिम्मेवार बनाउँछ। चुनाव जितेपछि जनताले घोषणापत्रमा उल्लेख गरिएका कार्यक्रम पूरा भए-नभएको मूल्यांकन गर्न सक्छन्। यसले सरकारलाई वाचा पूरा गर्न दबाब सिर्जना गर्छ।

(ग) दीर्घकालीन योजना निर्माण : घोषणापत्रमार्फत दलहरूले देशको दीर्घकालीन विकास दृष्टिकोण प्रस्तुत गर्छन्। शिक्षा, स्वास्थ्य, पूर्वाधार, रोजगारी, कृषि, उद्योग, परराष्ट्र नीति आदि क्षेत्रमा स्पष्ट योजना दिनुपर्छ। यसले नीति निरन्तरतामा सहयोग पुऱ्याउँछ।

नेपालको सन्दर्भमा घोषणापत्र : नेपालमा प्रजातन्त्र पुनर्स्थापनापछि दलहरूले नियमित रूपमा घोषणापत्र सार्वजनिक गर्ने अभ्यास सुरु गरे। विशेषगरी संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनापछि घोषणापत्र भन् विस्तृत र विषयगत बन्न थालेका छन्। ठुला दलहरूले आर्थिक समृद्धि, सुशासन, सामाजिक न्याय, संघीयता सुदृढीकरण, रोजगारी सिर्जना, पूर्वाधार विकासजस्ता विषयलाई प्राथमिकता दिने गरेका छन्। तर, व्यवहारमा घोषणापत्रका धेरै प्रतिबद्धता कार्यान्वयन हुन नसकेको गुनासो पनि सुनिन्छ। यसले घोषणापत्रको विश्वसनीयता र प्रभावकारितामाथि प्रश्न उठाउने अवस्था सिर्जना गरेको छ।

● **भरत भुसाल**
bharatbhusal300@gmail.com

मतदाता शिक्षा प्रभावकारी बनाऊ

निर्वाचन आयोगले मतदाता शिक्षाका नाममा २५ करोड बजेट विनियोजन गरेको रहेछ। हरेक निर्वाचनअघि हुने मतदाता शिक्षा कार्यक्रममा यसअघि पनि यसरी करोडौँ खर्च नगरिएको होइन। तर, तिनको सकारात्मक प्रतिफल भने प्राप्त हुन सकेको देखिन्न। हरेक निर्वाचनमा लाखौँ मत बदर हुने गरेको छ। यसबाट पनि अनुमान लगाउन सकिन्छ कि निर्वाचनअघि चलाइने मतदाता शिक्षा कार्यक्रम प्रभावकारी भएको छैन। त्यसैले, यस वर्ष आगामी २१ फागुनमा हुन लागेको निर्वाचनबारे समयमै मतदातालाई प्रभावकारी शिक्षा दिन जरुरी देखिन्छ।

● **सुलोचना कठायत**, बुटवल- ४, रुपन्देही

---

२१ फागुन : प्रतिष्ठाको लडाइँ

आममतदाताले स्वविवेक प्रयोग गरी मतदान गरेमा यसपटक खराब पात्रको संसद् प्रवेशमा 'ब्रेक' लाग्न सक्छ



● प्रकाश समीर

जेन-जी विद्रोहको पृष्ठभूमिमा बनेको सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारको मूल कार्यभार ६ महिनाभित्र निर्वाचन गराइसक्नु हो। यही कार्यभार पूरा गर्न अब तीन साता पनि बाँकी छैन। विगतका भन्दा यसपटकको निर्वाचन विशेष छ। ०७९ को संसदीय निर्वाचनबाट प्राप्त जनादेशले पाँच वर्षसम्म काम गर्न नसक्नुको परिणाम समयभन्दा दुई वर्षअगावै निर्वाचन गर्नुपर्ने बाध्यता आइलागेको हो।

२३ र २४ भदौको जेन-जी विद्रोह यो निर्वाचनको कारक हो। त्यही जेन-जी विद्रोहमा नवयुवाले उठाएका मागलाई यसपटकको निर्वाचनले सम्बोधन गर्न सक्छ कि सक्दैन ? अहिलेको अहं प्रश्न यही हो। यही मुद्दा लिएर वैकल्पिक राजनीतिक शक्ति भनिएका दल चुनावी मैदानमा छन्। तर, अर्कातिर त्यही जेन-जी विद्रोहलाई विदेशीको षड्यन्त्र देख्ने पनि छन्। यसकारण पनि २१ फागुनको निर्वाचन केवल सामान्य चुनावी प्रक्रिया मात्र होइन, नयाँ र पुराना भनिएका राजनीतिक शक्तिबिचको प्रतिष्ठाको लडाइँ पनि हो। नवपुस्ताको भदौरे भेलमा यसपटक पुराना भनिएका दलको शक्तिशाली सरकार ढाल्न दुई दिन पनि लागेन। आमनागरिकस्तरबाट हेर्दा युवापुस्ताका सामान्य मागलाई सरकारले सम्बोधन गर्नुको साटो गोली बर्सायो। स्कुले पोसाकमा रहेका कलिला विद्यार्थीदेखि सुरक्षाकर्मीसहित ७६ जनाले अनाहकमै ज्यान गुमाउनुपऱ्यो। अब, २१ फागुनमा मतदातासँग प्रश्न छ- '७६ जना नागरिक हत्याको दोषी को हो ? राज्यका महत्त्वपूर्ण संरचनालाई ध्वस्त पार्ने षड्यन्त्र कसको थियो ?'

तर, यसको जवाफ सायदै नयाँ र पुराना कसैसँग होला। उनीहरू अहिले एक-अर्कालाई दोषारोपण गरी आफैँलाई सफाइ दिने फैसला सार्वजनिक मञ्चबाट खुलेआम गरिरहेका छन्। यसले आमनागरिकलाई भन् अलमल्याउने दूषित प्रयास भइरहेको छ। सचेत नागरिक आफ्नो अधिकार प्रयोगबाट ती प्रश्नको जवाफका लागि २१ फागुन कुरिरहेका छन्।

यसपटकको निर्वाचन मुद्दाको सवालले मात्र होइन, उम्मेदवारको सवालमा पनि पृथक् र रोचक छ। परम्परागत राजनीतिक शक्तिलाई पाखा लगाउने दाउमा वैकल्पिक भनिएका राजनीतिक शक्तिको कसरत देखिएको छ। कांग्रेस, एमाले, नेपाली कम्युनिस्ट पार्टीलगायत उम्मेदवारलाई नयाँ दलका उम्मेदवारले टक्कर दिने निश्चित छ। तर, परिणाम कस्तो आउँछ ? कुन उम्मेदवार पाखा लाग्छन् ? कुन संसद् छिर्छन् ? त्यसका लागि २१ फागुनको मतपरिणाम कुर्नुपर्ने हुन्छ।

तर, यहाँ चर्चित उम्मेदवारबिचको रोचक प्रतिस्पर्धा हुने आकलनले धेरैको ध्यान तानेको छ। पुरानाले नयाँ दलले जित्न नसक्ने दाबी गरिरहेका छन् भने नयाँ दलले पुराना दलको समयावधि सकिएको दाबी गरिरहेका छन्। नयाँ दलले पुराना दलमाथि देश बिगारेको र नेतृत्व वृद्ध भएको तर्क गरिरहेका छन् भने पुराना दलले राज्यसत्ता सञ्चालनका लागि अनुभवी नेतृत्व चाहिने भन्दै नयाँमा त्यस्तो सम्भावना नदेखिएको तर्क अघि सारेका छन्।

भोट माग्ने बहाना जे-जे बनाए पनि अबको निर्वाचनले पनि देशलाई सही निकास दिन सक्छ त ? राजनीतिक विश्लेषक, बुद्धिजीवी र सचेत नागरिकस्तरमा यो बहसको विषय बनिरहेको छ। जेन-जी आन्दोलनले निम्त्याएको यो परिस्थितिलाई सबैले सहर्ष स्वीकार गरिसकेका छन्। अहिले चर्चामा रहेका राजनीतिक



पात्रमध्ये बालेन शाह र केपी शर्मा ओली एउटै निर्वाचन क्षेत्रबाट निर्वाचनमा होमिएका कारण उनीहरूको चर्चा अलि बढी भएको हो। उता निर्वाचनको मुखैमा आफ्नो पार्टीभित्र उथलपुथल गरेर अगाडि आएका कांग्रेसका सभापति गगनकुमार थापाको चर्चा पनि कम छैन। उनी आफूले निर्वाचन जित्दै आएको क्षेत्रलाई छाडेर तराई ओर्लिएका छन्।

नयाँ र पुराना दलका रूपमा, नयाँ र पुराना नेतृत्वका रूपमा राजनीतिलाई विभाजन गर्न खोजिएको छ। मापदण्ड केही छैन। तर, नयाँले पुरानालाई विस्थापित गर्नुपर्ने एजेन्डा बोकेका छन्, पुरानाले नयाँमा अनुभव नभएको, क्षमता नपुग्ने, राज्य सञ्चालनका लागि योग्यता चाहिने सुगारटान लगाइरहेका छन्। सिंहदरबार जलाउने र सिंहदरबार बनाउनेबिचको भिडन्त भनेर अर्को अस्त्र प्रहार भइरहेको छ। देश सक्काउने र देश बनाउनेबिच प्रतिस्पर्धा भन्दै नयाँहरू जुर्मुराइरहेका छन्।

यहाँ जसले बाजी मारे पनि, नयाँ पुराना जो आए पनि, देश फेरि पाँच वर्षका लागि प्रयोगशाला बन्ने खतरा पनि उत्तिकै छ। निर्वाचन परिणाम नयाँको हातमा गए पनि कलाकार र अभियन्ताले राजनीतिलाई प्रयोग गर्नेछन्, सिक्नेछन्, सिकाउनेछन् र बिताउनेछन् पाँच वर्ष। पुरानैहरू आए पनि उनीहरूलाई आफ्नो पुरानो शैली, रीति, थिति परिवर्तन गर्न समय लाग्नेछ। यसर्थ, निर्वाचनको रौनक राजनीतिज्ञबाट कलाकार, अभियन्तामा सरेको छ। वास्तविक जनतासम्म पुग्न सकेको छैन। जबसम्म राजनीतिले मतदातालाई छुँदैन। मतदाता कहिले दालभात, कहिले मासुभात, कहिले तरकारीभातको स्वाद फेरेजस्तै आफ्नो प्रतिनिधि फेरिरहन्छन्। तर, उपलब्धि उही हुन्छ। यथार्थ बदलिँदैन।

आममतदाताले स्वविवेक प्रयोग गरी मतदान गरेमा यसपटक खराब पात्र धेरैका लागि संसद् प्रवेशमा ब्रेक लाग्ने निश्चित छ। त्यसका लागि नागरिकले उम्मेदवारको योग्यता र क्षमतालाई जाँच्नुपर्ने हुन्छ। तब मात्र आसलाग्दा उम्मेदवार विजयी हुन सक्छन्। फेरि जेन-जी आन्दोलन नदोहोरिन सक्छ, राज्यसंयन्त्र ध्वस्त गर्ने प्रयास नहुन सक्छ। नवयुवा पुस्ताको भावनासमेत समेटिन सक्छ। कामना गरौँ, २१ फागुनको परिणामले नागरिकको मनमा नयाँ आशा जगाउनेछ।

निर्वासनदेखि ऐतिहासिक जितसम्मको यात्रामा रहमान

बंगलादेशमा सम्पन्न पछिल्लो आमनिर्वाचनको नतिजाले १७ वर्ष लामो निर्वासनबाट स्वदेश फर्किएको दुई महिनाभन्दा छोटो समयमै तारिक रहमानलाई प्रधानमन्त्री पदनजिक पुऱ्याएको छ

१७ वर्ष लामो स्व-निर्वासनपछि लन्डनबाट फर्केको दुई महिनाभन्दा छोटो समयमै तारिक रहमानले बंगलादेशको प्रधानमन्त्री बन्ने तयारीमा छन् । देशको इतिहासको सबैभन्दा महत्त्वपूर्णमध्ये एक चुनाव जितेपछि उनी पनि आफ्ना आमाबाबुजस्तै देशको नेतृत्वमा पुग्दै छन् । बंगलादेश निर्वाचन आयोगको आधिकारिक राजपत्रमा प्रकाशित नतिजाअनुसार रहमान नेतृत्वमा चुनावमा गएको 'बंगलादेश राष्ट्रवादी पार्टी (बिएनपी)'ले दुईतिहाइ मत हासिल गरेको छ ।

चुनावी परिणाम घोषणापछि शनिबार एक पत्रकार सम्मेलन आयोजना गर्दै रहमानले देशवासीलाई एकताबद्ध हुन आह्वान गरे । उनले आफ्नो पार्टीको जितलाई 'लोकतन्त्रका लागि बलिदान दिने'प्रति समर्पित गरे । 'मेरो दृढ विश्वास छ, राष्ट्रिय एकताले सामूहिक शक्ति प्रदान गर्छ भने विभाजन कमजोर बनाउँछ,' रहमानले पत्रकार सम्मेलनका क्रममा भने ।

सन् २०२४ मा जेन-जी उमेर समूहका विद्यार्थी नेतृत्वमा भएको विद्रोहले पूर्वप्रधानमन्त्री सेख हसिनालाई पदच्युत गरेको डेढ वर्षपछि बंगलादेशमा निर्वाचत भएको हो । यसले महिनौंको अस्थिरतापछि अन्ततः देशमा स्थिरता ल्याउने अपेक्षा गरिएको छ । हसिनालाई अनुपस्थितिमै आन्दोलनका क्रममा व्यापक दमन गरेको आरोपमा मृत्युदण्डको सजाय सुनाइएको छ । हाल छिमेकी भारतमा निर्वासनमा रहेकी हसिना र रहमानकी आमा खालिदा जियाले लामो समय बंगलादेशी राजनीतिमा प्रभुत्व जमाएका थिए । बंगलादेश स्वतन्त्रता संग्रामका एक अग्रणी व्यक्तित्व रहेका रहमानका पिता भने मारिनुभन्दा अघि सन् १९७७ देखि १९८१ सम्म देशका प्रधानमन्त्री थिए ।

आमनिर्वाचनको परिणामले रहमानको भाग्य बदलिदिएको छ । तत्कालीन सैन्य समर्थित कामचलाउ प्रशासनले भ्रष्टाचारविरुद्धको कारबाहीका क्रममा रहमान पक्राउ परेका थिए । सन् २००८ मा केही दिन जेलबाट छुट्दा उपचारका लनगि भन्दै उनी लन्डन गएका थिए । त्यसपछि उनी १७ वर्ष देश फर्किएनन् । मृदुभाषी ६० वर्षीय रहमान गत वर्ष डिसेम्बर २५ मा आफ्नी मुटुरोग विशेषज्ञ पत्नी र ब्यारिस्टर छोरीसहित देश फर्किएका थिए । भिडले नायकको रूपमा उनको स्वागत गरेको थियो । उनी फर्किएको पाँच दिनपछि उनकी बिरामी आमाको मृत्यु भयो । लगत्तै उनले अध्यक्षको रूपमा पार्टीको कमान्ड सम्हाले ।

चुनावी अभियानका क्रममा रहमानले बंगलादेशलाई कुनै एकल अन्तर्राष्ट्रिय शक्तिसँग धेरै नजिक नबनाई लगानी आकर्षित गर्ने वाचा गरेका छन् । जबकि, हसिनाको शासनकालमा ढाका नयाँदिल्लीसँग निकै नजिक थियो । त्यस्तै रहमान नेतृत्वको बिएनपीले विपन्न परिवारका लागि वित्तीय सहायता विस्तार गर्ने, खेलौना तथा छाला उत्पादन गर्ने उद्योगलाई प्रवर्द्धन गरेर कपडा निर्यातमा निर्भरता घटाउने बताएका छन् । त्यस्तै उनले सत्ताको निरंकुश प्रवृत्ति रोक्न एक व्यक्ति दुई कार्यकाल, १० वर्ष मात्र प्रधानमन्त्री हुने व्यवस्थाको पनि समर्थन गरेका थिए ।

> आमनिर्वाचनको परिणामले रहमानको भाग्य बदलिदिएको छ । तत्कालीन सेनासमर्थित कामचलाउ प्रशासनको भ्रष्टाचारविरुद्धको कारबाहीका क्रममा उनी पक्राउ परेका थिए । सन् २००८ मा केही दिन जेलबाट छुट्दा उपचारका लागि भन्दै उनी लन्डन गएका थिए । त्यसपछि १७ वर्ष देश फर्किएनन् ।



> बिएनपीमा रहमानको पकड बलियो देखिन्छ । वंशवादी राजनीतिको उपज भए पनि उनले आगामी दिनमा लोकतन्त्रको विकासमा काम गर्नुपर्ने हुन्छ । रहमान आफैंले पनि यसलाई प्राथमिकता दिने बताएका छन् ।

ढाकाका राजनीतिक विश्लेषक रेजाउल करिम रोनीले बिएनपीको भारी जितलाई 'लोकतान्त्रिक, मध्यमार्गी विचार राख्ने शक्तिको विजय'का रूपमा व्याख्या गरे । 'आगामी चुनौती सुशासन, कानुन र व्यवस्था तथा सार्वजनिक सुरक्षा सुनिश्चित गर्नु हुनेछ । सन् २०२४ को जनविद्रोहले उब्जाएका आकांक्षालाई केन्द्रमा राखेर अधिकारमा आधारित राज्य स्थापना गर्नु अर्को चुनौती हुनेछ,' रोनीले भने । रहमानले अब सरकार चलाउँदा कार्यकर्तामा आधारित राजनीतिबाट हटेर अधिकारमा आधारित प्रणाली स्थानान्तरण हुनुपर्ने रोनीले औंल्याए । यसले मात्र युवा पुस्ताको थप समावेशी शासनको चाहनालाई प्रतिबिम्बित गर्ने उनको ठम्याइ छ । 'कानुनी शासन, मानवीय मर्यादा र रोजगारीका अवसर सुनिश्चित गर्नु अबको जिम्मेवारी हुनेछ । तारिक रहमानले यो जिम्मेवारी कसरी सामना गर्नेछन् भन्नेमा धेरैको नजर हुनेछ,' रोनीले भने ।

रहमानको जन्म नोभेम्बर २०, १९६५ मा ढाकामा भएको थियो । उनी आमा खालिदा जिया र पिता जियाउर रहमानका जेठा सन्तान हुन् । उनीभन्दा चार वर्ष कान्छा भाइ भने सन् २०१५ मा हृदयाघातका कारण बिते । ढाका विश्वविद्यालयमा अन्तर्राष्ट्रिय सम्बन्ध विषयमा भर्ना भएका रहमानले अध्ययन पूरा नगरी कपडा र कृषि उत्पादनको व्यवसायमा हात हालेका थिए ।

लन्डनबाट फर्किएदेखि रहमानले आफूलाई देशको नेतृत्व सम्हाल्न तयार राजनेताको रूपमा प्रस्तुत गर्ने प्रयास गरिरहेका छन् । यसका लागि उनले आफूलाई विशेषतः सन् २००१-२००६ बिचको बिएनपी शासनकालको उनको पुरानो छाविबाट टाढा राख्ने प्रयास गरिरहे । त्यस अवधिको आमाको शासनमा रहमानले समानान्तर शक्ति केन्द्र चलाएको आरोप लाग्ने गर्थ्यो, जुन आरोप उनी अस्वीकार गर्ने गर्छन् ।

हसिनाको शासनकालमा रहमान भ्रष्टाचारका मुद्दाको केन्द्रीय लक्ष्य बने । उनीमाथि लागेका अधिकांश मुद्दामा उनी अनुपस्थितिमा दोषी ठहर गरिए । सन् २००४ मा हसिनाले सम्बोधन गरिरहेको एक चुनावी च्यालीमा भएको ग्रिनेड आक्रमणका लागि उनलाई सन् २०१८ मा आजीवन कारावासको सजाय पनि सुनाइएको थियो । १३ ग्रिनेड हानिएको च्यालीमा २४ जना मारिएका थिए भने पाँच सयभन्दा बढी घाइते भएका थिए । उनले ती सबै आरोपलाई अस्वीकार गर्दै आएका छन् । आफूमाथि राजनीतिक रूपमा प्रेरित भएर मुद्दा दायर गरिएको उनको दाबी छ । हसिना सत्ताच्युत भएपछि उनीमाथि परेका सबै मुद्दामा उनी निर्दोष साबित भएका छन् ।

लन्डनमा बसेर उनले आफ्नो पार्टीले एकपछि अर्को चुनाव हारेको हेरिरहे । हसिनाको शासनमा उनको पार्टीका अधिकांश शीर्ष नेतालाई जेल हालियो । कार्यकर्ता बेपत्ता पारिए । कैयौं स्थानका कार्यालय बन्द गरिए । तथापि, आफ्नो फिर्तीपछि रहमानले हसिना र उनका पार्टीप्रति चर्का अभिव्यक्ति दिएका छैनन् । उनले प्रायः भड्काउ बयानबाजीबाट टाढा रहेर संयम र मेलमिलापका लागि आह्वान गर्ने गरेको देखिइरहेका छन् । उनी प्रायः सम्बोधनमा 'राज्यमा जनताको स्वामित्व' पुनर्स्थापित गर्ने र संस्थाको पुनर्निर्माण गर्ने कुरा गर्छन् ।

बिएनपीमा रहमानको पकड बलियो देखिन्छ । पार्टीभित्रका व्यक्तिका अनुसार पछिल्लो निर्वाचनका उम्मेदवार छनोट, रणनीति र गठबन्धनसम्मका वार्तामा उनी प्रत्यक्ष संलग्न थिए ।

रहमान वंशवादी राजनीतिको उपज भए पनि आगामी दिनमा उनले लोकतन्त्रको विकासमा काम गर्नुपर्ने हुन्छ । उनी आफैंले पनि यसलाई प्राथमिकता दिने बताएका छन् । 'लोकतन्त्रको अभ्यास गरेर मात्र हामीले हाम्रो देशलाई समृद्ध र पुनर्निर्माण गर्न सक्छौं । यदि हामीले लोकतन्त्रको अभ्यास गर्यौं भने हामी जवाफदेहिता स्थापित गर्न सक्छौं,' रहमानले एक सम्बोधनमा भने, 'त्यसैले हामी लोकतन्त्रको अभ्यास गर्न चाहन्छौं, हामी हाम्रो देशको पुनर्निर्माण गर्न चाहन्छौं ।'

ढाकामा बसेर पत्रकारिता गर्ने जोनाह हलका अनुसार रहमान देश फर्किएदेखि व्यापक सक्रिय छन् । उनले 'कानुन र व्यवस्था पुनर्स्थापना, पूर्वाधार र स्वास्थ्य सेवा पुनर्निर्माणबारे धेरै ठुला वाचा' गरेको सुनियो । 'उनले चुनावी अभियानमा ठुला वाचा गरेका छन् । विशेषगरी भ्रष्टाचार नियन्त्रणमा कठोर हुने बताएका छन् । जबकि, विगतमा सरकारमा रहँदा उनकै पार्टीलाई गम्भीर भ्रष्टाचारको आरोप लाग्ने गर्थ्यो । यस्तोमा बंगलादेशमा स्वच्छ राजनीतिको नयाँ युग सुरु गर्ने उनको वाचामाथि धेरैको नजर हुनेछ,' हलले भने ।

सत्ता सम्हाल्न तयारी गर्दै गर्दा रहमान आफैंले पनि आगामी सरकारसामु गम्भीर चुनौती रहेको स्विकारेका छन् । 'हामीले देशमा लोकतन्त्र स्थापना त गरेका छौं । तर, अब हामीले हिजोको अधिनायकवादी शासनले कमजोर बनाएर छाडेको अर्थतन्त्र, संवैधानिक तथा संरचनात्मक संस्थालाई सबल बनाउने यात्रा सुरु गर्नु छ,' रहमानले भने ।

(अलजजिराबाट)

इतिहासमा आज

फेब्रुअरी १५



सन् २००३ : इतिहासमै सबैभन्दा ठुलो शान्ति प्रदर्शन । आजकै दिन विश्वभरका ६०० सहरमा तीन करोड मानिसले इराक युद्धको विरोध गर्दै शान्तिको पक्षमा प्रदर्शन गरे ।

- **सन् २९९ :** नगरका युवाको दिमाग भ्रष्ट पारेको आरोपमा एथेन्स नगरले दार्शनिक सुकरातलाई मृत्युदण्डको सजाय सुनायो ।
- **सन् १५६४ :** इटालीका प्रसिद्ध वैज्ञानिक ग्यालिलियो ग्यालिलीको जन्म । पिसा सहरमा जन्मिएका गणितज्ञ तथा दार्शनिक ग्यालिलियोको मृत्यु सन् १६४२ को ८ जनवरीमा इटालीको आर्कटेरीमा भएको थियो ।
- **सन् १८७९ :** अमेरिकी कंग्रेसले देशको सर्वोच्च अदालतमा महिला वकिललाई अभ्यास गर्न लगाएको बन्देज हटायो ।
- **सन् १९०६ :** बेलायतको प्रमुख दलमध्ये एक लेबर पार्टी स्थापना भयो ।
- **सन् १९३३ :** तत्कालीन अमेरिकी राष्ट्रपति फ्राङ्लिन डी रुजबेल्टको हत्या प्रयास । उनी बच्न सफल भए पनि उनीसँगै रहेका सिकागोका मेयर एन्टोन सेरमार्कको ज्यान गयो ।
- **सन् १९६७ :** भियतनाममा १३ वटा अमेरिकी हेलिकोप्टरलाई एकै दिन खसालिएको थियो ।
- **सन् १९७१ :** बेलायत र आयरल्यान्डद्वारा आफ्नो मुद्रालाई डेसिमल प्रणालीमा परिणत । परिवर्तनअघि एक पाउन्ड स्टर्लिङ २४० पेन्स वा २० सिलिङबराबर थियो ।
- **सन् १९८९ :** सोभियत सेनाको अन्तिम फौजले अफगानिस्तान छाडेसँगै अफगानिस्तानमाथिको सोभियत सैन्य अतिक्रमण अन्त्य भयो ।

चिनियाँ डुंगा जापानको नियन्त्रणमा

टोकियो/ भाग्न खोजेको एक चिनियाँ माछा मार्ने डुंगालाई नियन्त्रणमा लिइएको जापानी अधिकारीले बताएका छन् । टोकियोको यो कदमले बेइजिङसँग तनाव बढाउन सक्ने अनुमान गरिएको छ । देशको मत्स्यपालन एजेन्सीका अनुसार डुंगा दक्षिण-पश्चिममा रहेको नागासाकी प्रान्तको विशेष आर्थिक क्षेत्रमा तैरिरहेका बेला यसका कप्तानलाई पक्राउ गरियो ।

'डुंगाका कप्तानलाई मत्स्यपालन निरीक्षकले निरीक्षणका लागि रोक्न आदेश दिएका थिए, तर डुंगाचालकले अटेरी गरेर भाग्न खोजेकाले कप्तानलाई पक्राउ गरिएको हो,' मत्स्यपालन एजेन्सीले भन्यो । एजेन्सीले चिनियाँ माछा मार्ने डुंगा कब्जा गरेको २०२२ पछि यो पहिलोपटक हो । चीनले जापानको बयानमा अहिलेसम्म कुनै प्रतिक्रिया दिएको छैन ।

डुंगामा ४७ वर्षीय चिनियाँ कप्तानसहित ११ जना सवार रहेको विवरणमा जनाइएको छ । अधिकारीहरू र जापानी मिडियाले जफत गरिएको डुंगालाई उच्च क्षमता भएको बताएका छन् । 'विदेशी जहाजद्वारा अवैध माछा मार्ने कार्यलाई रोक्न र निरुत्साहित गर्न हामी हाम्रो कार्यान्वयन गतिविधिमा दृढतापूर्वक कारबाही जारी राख्नेछौं,' जापानका प्रमुख क्याबिनेटमन्त्री मिनोरु किहाराले भने ।

जापानकी प्रधानमन्त्री साने ताकाचीले नोभेम्बरमा बेइजिङले ताइवानलाई बलपूर्वक कब्जा गर्न खोजेमा टोकियोले सैन्य हस्तक्षेप गर्ने चेतावनी दिएर चीनलाई आक्रोशित गरेपछि दुई देशबिच तनाव बढ्दै जाँदा पछिल्लो घटना सार्वजनिक भएको हो । चीनको विदेश मन्त्रालयले 'घृणित' भनेर वर्णन गरेको ताकाइचीको टिप्पणीको प्रतिक्रियामा बेइजिङले टोकियोका राजदूतलाई बोलाएर आफ्ना नागरिकलाई जापानमा यात्रा र अध्ययन गर्नेबारे पुनर्विचार गर्न चेतावनी दिएको थियो ।

एआईको विकासमा नछुटुन् महिला

एआईले हाम्रो जीवनको लगभग हरेक पक्षलाई रूपान्तरण गरिरहेको छ, तर यो शक्तिशाली प्रविधि अघि बढ्दै जाँदा महिला भने पछि पर्दै गएका छन्



● बेटी ट्याकम्यान
लेखिका युएनडिपी चीनका आवासीय प्रतिनिधि हुन् ।



गत वर्ष लैंगिक समानताका लागि एक ऐतिहासिक वर्ष थियो । बेइजिङ घोषणापत्र र कार्य प्लेटफर्मको ३० औं वार्षिकोत्सव मनाउँदै गर्दा विश्वले लैंगिक समानताप्रतिको ऐतिहासिक विश्वव्यापी प्रतिबद्धता जनायो । यसलाई स्वीकार गर्दै विश्वव्यापी नेता र विज्ञले सन् २०२५ मा 'कमिसन अन द स्टाटस अफ वुमन' अर्थात् महिलाको स्थितिसम्बन्धी आयोगको ६९औं बैठकमा भेला भए ।

हामी सन् २०२६ मा प्रवेश गर्दै गर्दा यो ध्यान अझ समयसापेक्ष हुन सक्दैन, विशेषगरी कृत्रिम बुद्धिमत्ताको द्रुत विकासका साथ । आज, एआईले हाम्रो जीवनको लगभग हरेक पक्षलाई रूपान्तरण गरिरहेको छ । तर, यो शक्तिशाली प्रविधि अगाडि बढ्दै जाँदा महिलाहरू पछाडि पर्दै गएका छन् ।

विश्वव्यापी रूपमा एआई पेसेवरहरूको एकचौथाइभन्दा कम र एसटिइएम (विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित क्षेत्रहरूमा नवप्रवर्तन, सहकार्य र विकासलाई मार्गदर्शन र प्रेरणा दिने व्यक्ति) कामदारहरूको एकतिहाइभन्दा कम महिला छन् । यो खाडल बढ्दै गइरहेको छ ।

वास्तवमा, आजको तुलनामा सन् १९८० को दशकमा धेरै महिलाहरू प्राविधि क्षेत्रमा नेतृत्वदायी भूमिकामा थिए । नतिजा स्पष्ट छ- आजको दिनमा भोलिको उपकरणलाई आकार दिने अधिकांश निर्णय पुरुषले गरिरहेका छन् । तिनीहरू नै एआई मोडेल डिजाइन गर्छन्, तिनीहरू नै कसरी परीक्षण गरिन्छन् भनेर निर्धारण गर्छन्, प्रशिक्षण तथ्याङ्क चयन गर्छन् र हामीबाट लिइएका ती तथ्याङ्क कसरी प्रयोग गरिन्छ भनेर निर्णय गर्छन् । समानता र मानवताका लागि धेरै महिला एआई निर्णय निर्माता बन्नु महत्त्वपूर्ण छ ।

पहिलो, जब पुरुष र महिलाले सँगै एआई विकास गर्छन्, प्रविधिले सबैलाई थप सटिक रूपमा प्रतिनिधित्व गर्छ । महिलाहरूको पर्याप्त प्रयत्नविना स्वास्थ्यजस्ता महत्त्वपूर्ण मुद्दामा पनि एआई प्रायः उनीहरूका लागि गलत हुन्छ । उदाहरणका लागि, फिटबिट उपकरण छोटो प्रयोगकर्ताका लागि सही परिणाम रेकर्ड गर्न कम सक्षम छन् भनी रिपोर्ट गरिएको छ ।

दोस्रो, प्रमाणले महिलाहरूले बनाएका प्रविधि सबैप्रति बढी जवाफदेही हुने देखाउँछ । अनुसन्धानकर्ताले पत्ता लगाएका छन् कि महिलाले निर्णय लिँदा औसतमा धेरै मानिसलाई विचार गर्छन् र गलत जानकारीसहित धेरै जोखिम पनि विचार गर्छन् ।

तेस्रो, जब महिलाले एआई-सञ्चालित समाधान विकास गर्छन्, तिनीहरूले सामना गर्ने चुनौतीमा प्रायः गहिरो प्रभाव पार्छन् । दक्षिण अफ्रिकाकी १६ वर्षीया बोहले म्फाहलेलाई नै हेर्नुहोस् । उनले मानव बेचबिखन र लैंगिक हिंसाविरुद्ध लड्न गोप्य क्यामेरा र जिपिएस भएको झुम्का आविष्कार गरेकी थिइन् ।

स्पष्ट रूपमा महिलाले सबैका लागि एआईलाई बलियो बनाउन सक्छन् । तर, त्यहाँ पुग्न उनीहरूले अद्वितीय र निरन्तर अवरोधको सामना गर्छन्, जसलाई समाजले तुरुन्तै सम्बोधन गर्नुपर्छ ।

एउटा जोखिम के छ भने स्टिम (एसटिइएम) मा महिलाको न्यून प्रतिनिधित्व एआईमार्फत नै स्थापित हुन्छ । उदाहरणका लागि एल्गोरिदमले ऐतिहासिक ढाँचाबाट सिक्छन् । पुरुष सिभी प्राप्त गरेको एक दशकपछि एउटा इ-वाणिज्य फर्मको भर्ती प्रणालीले प्रायः 'महिला' शब्द समावेश गर्ने अन्यथा योग्य आवेदनलाई बहिष्कार गर्न थाल्यो । प्रणाली अन्ततः विघटन भयो । तर, कम्पनीले पूर्वाग्रहविरुद्ध सक्रिय रूपमा कार्यक्रम गरेमा मात्र एआई-सञ्चालित असमानतालाई व्यापक रूपमा उल्ट्याउन सकिन्छ (पुरानालाई बलियो नबनाई, नयाँ ढाँचालाई सक्षम बनाएर) ।

नीति र कार्यस्थल सुधारका पनि आवश्यक छ । नीति-निर्माता र रोजगारदाताले लचिलोपन विस्तार गरेर महिलालाई सहयोग गर्न सक्छन् । आवश्यक पर्दा कार्यलय नगई टाढैबाट गर्न सकिने कामका विकल्प महिलाका लागि परिवर्तनकारी हुन सक्छन् । महिलाले अझै पनि बच्चा र वृद्धवृद्धाको हेरचाहसहित पारिवारिक जिम्मेवारीको असमान हिस्सा समेट्ने भएकाले यी विकल्प प्रभावकारी हुन सक्छन् ।

धेरैजसो अवस्थामा, विशेषगरी केवल केही दिन मात्र बिदामा बस्ने पुरुषका लागि उनीहरूको अभिभावकीय बिदा विस्तार गरेर महिलाको घरायसी भार कम गर्न सकिन्छ । घरमा बढी समानता भएमा मात्र हामी काममा समानता प्राप्त गर्न सक्छौं ।

यो अझ जरुरी हुँदै गइरहेको छ, किनकि मुख्यतया महिलाका जागिर पुरुषका जागिरको तुलनामा एआईका कारण गुमाउने सम्भावना दोब्बर हुन्छ । कारिन्दा र प्रशासनिक भूमिकामा केन्द्रित धेरै महिला अहिले सबैभन्दा जोखिममा छन् । त्यसकारण महिला र केटीहरूलाई एआईले प्रतिस्थापन गर्नुको सट्टा एआईसँग बढ्न प्रशिक्षित र प्रोत्साहित गर्नुपर्छ ।

अन्तमा, परिवर्तन तलबाट पनि आउनुपर्छ । नीति-निर्माताले शैक्षिक संस्था र रोजगारदातालाई एआईमा धेरै महिलालाई तालिम दिन र भर्ती गर्न प्रोत्साहित गर्न सक्छन् । स्कुलहरूले केटीहरूलाई एआई अन्वेषण गर्न सहयोग पुऱ्याउने पाठ्यक्रम र गतिविधि विकास गरेर प्रारम्भिक सम्पर्क बढाउन सक्छन् ।

युएनडिपी स्टिम शिक्षा र रोजगारीमा लैंगिक खाडल पूरा गर्न प्रतिबद्ध छ । चीनमा हामी २०२३ देखि हाम्रो एचइआर डिजिटल फ्युचर बुटक्याम्पमा गैरसरकारी संस्था र राष्ट्र संघका स्वयंसेवकसँग साझेदारी गर्छौं । अहिलेसम्म, ९० भन्दा बढी ग्रामीण विद्यालयमा पाँच हजारभन्दा बढी केटीहरूले उदीयमान प्रविधि र फोहोर व्यवस्थापनजस्ता स्थानीय समुदायका चुनौती सम्बोधन गर्न डिजिटल समाधान कसरी डिजाइन गर्ने भन्नेबारे सिकेका छन् ।

तर, घरमा पनि मानसिकता परिवर्तन हुनुपर्छ । आमाबाबुले छोरीहरूसँग कसरी कुरा गर्छन्, उनीहरूले परिचय गराउने किताब र गतिविधि, उनीहरूलाई सुम्पिएका जिम्मेवारीहरूले जिज्ञासा र आत्मविश्वासलाई गहिरो रूपमा आकार दिन सक्छन्, जुन भविष्यका कुनै पनि प्राविधिक नेताका लागि प्रमुख गुण हुन् ।

वास्तवमा, संसारको पहिलो कम्प्युटर प्रोग्रामर एक महिला थिइन्, जसका आमाबाबुले त्यसै प्रोत्साहन गरे । आमाबाबुबाट गणित पढ्न प्रोत्साहन पाएकी एडा लभलेसले एउटा यस्तो विचार प्रस्तुत गरिन्, जसले संसारलाई परिवर्तन गरिदियो, त्यो संख्याले मात्राबाहेक अरू केही प्रतिनिधित्व गर्न सक्थ्यो । यो अन्तर्दृष्टिले गणनाबाट गणनामा क्रान्ति ल्यायो । प्रत्येक वर्ष अक्टोबरमा एडा लभलेस दिवसले स्टिममा महिलाहरूको बेवास्ता गरिएका उपलब्धिको स्मरण गराउँछ, जसले हामीलाई अझै पनि खुलासा हुन बाँकी रहेको ठुलो सम्भावनाको सम्झना गराउँछ ।

हामीलाई प्राप्त गर्न सक्ने सबै स्टिम नेता चाहिन्छ । किनभने, विज्ञान र प्रविधि ग्रहको सबैभन्दा जटिल र तत्काल चुनौतीहरू समाधान गर्न महत्त्वपूर्ण छ । दिगो विकास लक्ष्य पूरा गर्न २०३० को समयसीमा नजिकिँदै गर्दा जलवायु परिवर्तनको सबैभन्दा खराब प्रभावलाई रोक्न हाम्रो समयसीमा अन्त्य हुँदै छ । दिगो विकासमा नवप्रवर्तनसम्बन्धी लक्ष्य नौ र लैंगिक समानतासम्बन्धी लक्ष्य पाँच समावेश छन् । हाम्रो भविष्यलाई परिभाषित गर्ने प्रविधिले साँच्चै सबैको प्रतिनिधित्व गर्छ र सबैसम्म पुग्छ भन्ने कुरा सुनिश्चित गरेर स्टिममा महिला र केटीहरूलाई सशक्तीकरण गर्नाले यी सबैमा प्रगतिलाई तीव्र बनाउनेछ ।

चाइना डेलीबाट

> भविष्यलाई आकार दिने एआई प्रविधिको अधिकांश निर्णय पुरुषले गरिरहेका छन् । उनीहरू एआई मोडेल डिजाइन गर्छन्, कसरी परीक्षण गरिन्छन् भनेर निर्धारण गर्छन्, तथ्यांक जुटाउँछन् र हामीबाट लिइएका ती तथ्यांक कसरी प्रयोग गरिन्छ भनेर निर्णय गर्छन् ।

अर्थ पत्रिका

नयाँ पत्रिका
आइतबार ३ फागुन ०८२

■ मुक्तिनाथ केबलकारको वातावरणीय प्रभाव मूल्यांकनको मस्यौदा

५५ अर्ब लागतको केबलकार अघि बढाउँदा २२९ परिवार र साढे २४ हजार रुख प्रभावित हुने

कृष्ण रिजाल/नयाँ पत्रिका

पर्वतको सेराफाँटदेखि मुस्ताङको रानीपौवासम्म बन्ने प्रस्तावित नयाँपुल-मुक्तिनाथ केबलकारको वातावरणीय प्रभाव मूल्यांकन (इआइए)को मस्यौदा तयार भएको छ। ५५ अर्ब लागत अनुमान रहेको मुक्तिनाथ केबलकार अघि बढाउँदा दुई सय २९ परिवार र साढे २४ हजार रुख प्रभावित हुने देखिएको छ।

वन तथा वातावरण मन्त्रालयले मुक्तिनाथ दर्शन लिमिटेडबाट प्रस्तावित ८१.०४ किमि लामो नयाँपुल-मुक्तिनाथ केबलकार आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन अध्ययन प्रतिवेदनको मस्यौदा प्रकाशित गर्दै राय तथा सुझाव माग गरेको छ। इआइए प्रतिवेदन नेपाल इन्भाइरोन्मेन्टल एन्ड साइन्टिफिक सर्भिसेज प्रालिले तयार गरेको हो।

सरकारले मुक्तिनाथ केबलकार निर्माणका लागि १४ असोज ०७८ मा वातावरणीय प्रभाव मूल्यांकन अध्ययन गर्न सैद्धान्तिक सहमति दिएको थियो। वन तथा वातावरण मन्त्रालयले २२ असोज २०७८ मा इआइए गर्न स्वीकृति दिएको थियो।

मन्त्रालयले २७ भदौ ०७९ मा क्षेत्र निर्धारण प्रतिवेदन तथा कार्यसूची स्वीकृत गरेको थियो। सोही आधारमा तयार भएको वातावरणीय प्रभाव मूल्यांकन अध्ययन प्रतिवेदनको मस्यौदा लगानी बोर्डको कार्यालयको सिफारिससहित मन्त्रालयमा पठाइएको थियो। मन्त्रिपरिषद्को गत ८ मंसिरको नीतिगत निर्णयका आधारमा वन तथा वातावरण मन्त्रालयले २५ पुसमा नियमअनुसार इआइएको सूचना अघि बढाउने निर्णय गरेको हो। सोहीबमोजिम मन्त्रालयले इआइएको मस्यौदा सार्वजनिक गर्दै राय-सुझाव माग गरेको हो।

प्रस्तावित परियोजनाको इआइए प्रतिवेदनअनुसार निर्माणका क्रममा ९३.६१ हेक्टर वनको, ७२.६६ हेक्टर बाँझो र ४१.३४ हेक्टर नदी क्षेत्रको जग्गा प्रभावित हुनेछ। त्यस्तै, संरक्षण क्षेत्र व्यवस्थापन समितिको वनबाट २२ हजार तीन सय नौवटा, सामुदायिक वनबाट तीन सय ८६ वटा र सरकारद्वारा व्यवस्थित वनबाट एक हजार आठ सय ५५ वटा रुख प्रभावित हुने मस्यौदामा उल्लेख छ। आयोजनाका लागि ५९.७१ हेक्टर जग्गा स्थायी अधिग्रहण र प्राप्ति गर्नुपर्ने तथा ३४ भौतिक र एक सय ९५ आर्थिक रूपमा गरी दुई सय २९ घरधुरी प्रभावित हुने मस्यौदामा उल्लेख छ। कुल वातावरणीय

■ यस्तो छ प्रस्तावित केबलकार



प्रस्तावित नयाँपुल-मुक्तिनाथ केबलकार आयोजनाको तल्लो स्टेसन पर्वत जिल्लाको सेराफाँट र माथिल्लो स्टेसन मुस्ताङ जिल्लाको रानीपौवामा रहनेछ। कुल ८१.०४१ किलोमिटर लम्बाइ रहने केबलकारमा २० वटा स्टेसन तथा चार सय ४२ टावर रहनेछन्। त्यस्तै, केबलकारमा प्रतिगोन्डोला १० जना अटाउने आठ सय ७१ वटा गोन्डोला रहनेछन्। केबलकारको गति प्रतिसेकेन्ड सात मिटरको रहनेछ भने तल्लो स्टेसनबाट माथिल्लो स्टेसनमा पुग्न तीन घण्टा ३६ मिनेट समय लाग्नेछ। यस आयोजनाका लागि १३ मेगावट विद्युत् आवश्यक पर्नेछ। आयोजनाको कुल लागत ५५ अर्ब रुपैयाँ अनुमान गरिएको छ।

प्रस्तावित आयोजना निर्माण चरणमा एक हजार सात सय ६९ र सञ्चालन चरणमा चार सय ३९ व्यक्तिले रोजगारी पाउने कुरा उल्लेख गरिएको छ। यस आयोजना हालसम्म विश्वकै सबैभन्दा लामो परियोजनाका रूपमा कल्पना र डिजाइन गरिएको कम्पनीको दाबी छ।

लागत ७८ करोड १२ लाख ५२ हजार पाँच सय सात रुपैयाँ अनुमान गरिएको छ।

मस्यौदा प्रतिवेदनमा उल्लेख भएअनुसार प्रस्तावित आयोजना सञ्चालन चरणमा दैनिक १० हजार व्यक्तिको केबलकारबाट यात्रा हुनेछ। यस चरणमा दैनिक ३५ लाख लिटर पानीको आवश्यकता पर्ने र सो पानीमध्ये ३३ लाख २५ हजार लिटर फोहोर पानीका रूपमा निष्कासन हुने छ। सोको न्यूनीकरणका लागि प्रतिदिन ३० लाख लिटर प्रशोधन क्षमताको फोहोर पानी प्रशोधन प्लान्टको स्थापना गरिने उल्लेख गरिएको छ।

भारतबाट थप सय मेगावाट बिजुली किन्ने टेन्डरमा परेन एउटै आवेदन

पुरानै मूल्यमा नयाँ टेन्डर आह्वान, विद्युत् पाउने अझै अनिश्चित

मिलन विश्वकर्मा/नयाँ पत्रिका

सुक्खा यामको मागलाई व्यवस्थापन गर्न नेपाल विद्युत् प्राधिकरणलाई सकस परेको देखिएको छ। फेब्रुअरी, मार्च, अप्रिल र मे महिनामा भारतबाट थप एक-एक सय मेगावाट बिजुली किन्न प्राधिकरणले गरेको टेन्डरमा एउटै आवदेन परेन। पहिलोपटक आह्वान गरेको टेन्डरमा कुनै पनि भारतीय कम्पनी बिजुली दिन तयार नभएपछि प्राधिकरणले दोस्रोपटक टेन्डर आह्वान गरेको छ।

प्राधिकरणले भारतबाट फेब्रुअरी, मार्च, अप्रिल र मेमा थप १००-१०० मेगावाट विद्युत् खरिद गर्न जनवरी १९ देखि २८ तारिख (४ माघदेखि १४ माघ)सम्मको म्याद राखेर टेन्डर आह्वान गरेको थियो। विद्युत्को खरिद दर अधिकतम ६.९० भारु तोकिएको टेन्डरमा कुनै पनि प्रस्ताव परेन।

त्यसपछि प्राधिकरणले सोही मूल्यमै अप्रिल र मे (१८ चैतदेखि १७ जेठसम्म)मा १००-१०० मेगावाट विद्युत् खरिद गर्न शुक्रबार नयाँ टेन्डर आह्वान गरेको हो। प्रतियुनिट मूल्य ६.९० भारु नकट्ने गरी प्रस्ताव माग गरिएको छ। २४ घण्टा नै विद्युत् खरिद गर्ने गरी प्रस्ताव आह्वान गरिएको छ।

यसमा भारतका विद्युत् व्यापार कम्पनी सहभागी हुन सक्नेछन्। प्रस्ताव पेस गर्ने अवधि १० फागुन (२२ फेब्रुअरी)सम्म रहेको छ। प्रस्ताव पेस गर्ने कम्पनीले १०० मेगावाट नबढ्ने गरी न्यूनतम २५ मेगावाट र त्यसले भाग जाने परिमाणमा प्रस्ताव पेस गर्नुपर्नेछ। अर्थात्, २५ मेगावाट, ५० मेगावाट, ७५ मेगावाट वा १०० मेगावाट विद्युत् उपलब्ध गराउने गरी प्रस्ताव पेस गर्नुपर्नेछ। प्रस्ताव पेस गर्ने कम्पनीले ५० लाख भारु धरौटी पनि राख्नुपर्नेछ।

प्राधिकरणका प्रवक्ता राजन ढकालले पुरानो टेन्डरमा प्रस्ताव नपरेपछि पुनः नयाँ टेन्डर आह्वान गरेको बताए। 'अहिले पिटिसी इन्डियाबाट फिक्स रेटमा एक सय ८० मेगावाट विद्युत् आयात भइरहेको छ। त्यहाँको एक्सचेन्ज मार्केटबाट प्रतिस्पर्धी मूल्यमा ६ सय ६४ मेगावाट विद्युत् २४ घण्टा नै खरिद गर्न पाउने अनुमतिको म्याद भने मार्च मसान्तसम्म मात्रै छ। त्यसपछिको समयको हकमा भारतले विगतमा जसरी पिक आवर वा रातिको समयमा विद्युत् नदिने जोखिम पनि छ,' उनले भने, 'त्यो अवस्थामा विद्युत् आपूर्ति



सहज बनाउन पिक्स रेटमा सम्झौता गरेर २४ घण्टा नै थप विद्युत् ल्याउन खोजेका हौं।'

प्राधिकरणले महँगो दरमा विद्युत् आयात गर्ने गरी प्रस्ताव आह्वान गरेको छ। तर, त्यही मूल्यमा विद्युत् पाउन पनि



चुनौती हुने देखिएको छ। विद्युत्को आन्तरिक व्यवस्थापनका लागि यस्तो निर्णय गरिएको प्राधिकरणले बताएको छ। यद्यपि, प्राधिकरणले तोकेकै मूल्यमा बिजुली पाउनसमेत चुनौती रहेको उनले बताए। 'भारतमा अहिले नै विद्युत् बुकिङ भइसकेको छ। तर, कसैले रद्द गरेका विद्युत् सस्तो मूल्यमै पाइन्छ भन्ने आशा पनि छ,' उनले भने, 'भारतले १५-२० प्रतिशत विद्युत् रिजर्भ पनि राखेको हुन्छ। त्यस्तो विद्युत् पनि पाउन सकिने सम्भावना पनि छ।'

■ अहिले भइरहेको आयातको म्याद मे र मार्चमा सकिँदै

बर्खामा विद्युत् निर्यात गर्न सक्ने नेपाल सुक्खा याममा भने आयातमै निर्भर हुनुपर्छ। सुक्खा याममा भारतबाट विद्युत् ल्याएर आन्तरिक माग व्यवस्था गरिन्छ। अहिले पनि प्राधिकरणले भारतको पिटिसी इन्डियाबाट स्थिर मूल्यमा एक सय ८० मेगावाट विद्युत् आयात गरिरहेको छ। दैनिक २४ घण्टा नै विद्युत् खरिद गर्ने यो सम्झौताको म्याद मेसम्म छ। यसैगरी इन्डियन इनर्जी एक्सजेन्जबाट प्रतिस्पर्धी मूल्यमा ६ सय ५४ मेगावाटसम्म विद्युत् खरिद गर्न पाइन्छ। २४ घण्टा नै विद्युत् खरिद गर्न पाउने गरी भारतले दिएको यसको अनुमतिको अवधि भने १७ चैत (३१ मार्च)सम्म छ।

त्यसपछि भारतले कुन मोडेलमा विद्युत् खरिद गर्न दिन्छ भन्नेमा अन्योल छ। भारतले यसअघि रातिको समय वा पिक आवरमा विद्युत् खरिद गर्न दिने गरेको थिएन। १७ चैतसम्म २४ घण्टा नै विद्युत् खरिद गर्न पाउने भए पनि त्यसपछि कुन मोडेलमा स्वीकृति पाइन्छ भन्नेमा अन्योल छ। भारतले २४ घण्टा नै विद्युत् नदिएको अवस्थामा पिटिसी इन्डियाबाट आउने एक सय ८० मेगावाट विद्युत् पर्याप्त हुँदैन। त्यसैले गर्दा प्राधिकरणले अप्रिल र मेमा थप थप १०० मेगावाट विद्युत् २४ घण्टा नै खरिद गर्न खोजेको छ। तर, भारतबाट विद्युत् पाउनेमा चुनौती छ।

भारतमा पनि हिउँदको समयमा विद्युत् उत्पादन कम र माग बढी हुन्छ। त्यसमाथि अप्रिल-मेको समयमा भारतमा पनि विद्युत्को माग धेरै हुन्छ। त्यहाँ उपलब्ध हुने विद्युत् अहिले नै बुकिङ भइसकेको छ। त्यो वेलामा विद्युत् महँगो पनि हुन सक्छ। त्यही कारण अघिल्लो टेन्डरमा आवेदन नपरेको प्राधिकरणको विश्लेषण छ। यद्यपि, छुटपुट, मौज्दात वा रद्द भएको विद्युत् पाउने आशामा प्राधिकरणले पुरानै दरमा नयाँ टेन्डर आह्वान गरेको हो। तर, विद्युत् पाउने सम्भावना अझै पनि न्यून रहेको जानकारवाला बताउँछन्।

चालू आवको सात महिनामा सवा ४० अर्ब विदेशी लगानी

मीनराज बसन्त/नयाँ पत्रिका

चालू आर्थिक वर्षको सात महिनामा सवा ४० अर्ब रुपैयाँबराबरको वैदेशिक लगानी (एफडिआई) स्वीकृत भएको छ। उद्योग विभागको तथ्यांकअनुसार माघ मसान्तसम्म ५२४ उद्योगको ४० अर्ब २८ करोड ३३ लाख रुपैयाँबराबरको विदेशी लगानी स्वीकृत भएको हो। स्वीकृत विदेशी लगानीका उद्योगले २० हजार ८९६ जनालाई रोजगारी दिने प्रतिबद्धता गरेका छन्।

विभागका अनुसार माघमा मात्रै ४९ उद्योगका लागि एक अर्ब चार करोड ७२ लाख रुपैयाँ लगानी प्रतिबद्धता आएको छ। जसमा स्वचालित प्रणालीबाट ३७ वटा उद्योगका लागि ४४ करोड नौ लाख रुपैयाँभन्दा बढी लगानी रहनेछ। त्यसैगरी नियमित प्रक्रियामार्फत १२ उद्योगका लागि ६० करोड ६२ लाख रुपैयाँ रहेको छ।

चालू आवको सात महिना (साउन-माघ)सम्म स्वचालित प्रणालीबाट ३५१ उद्योगका लागि तीन अर्ब २५ करोड नौ लाख रुपैयाँ र नियमित प्रक्रियामार्फत १७३ उद्योगका लागि ३७ अर्ब तीन करोड २४ लाखभन्दा बढी एफडिआई प्रतिबद्धता आएको छ।

माघमा स्वीकृति भएका ४९ उद्योगमध्ये ४८ वटा साना किसिमका र एउटा ठुलो उद्योग रहेको विभागले जनाएको छ। चालू आवको सात महिनामा भने ५०७ साना, मध्यम आठ र ठुला आठ उद्योगको लगानी स्वीकृत गरिएको हो।

■ कुन क्षेत्रमा कति लगानी ?



माघ मसान्तसम्मा स्वीकृत विदेशी लगानीका उद्योगमध्ये सबैभन्दा धेरै आइसिटी क्षेत्रका छन्। आइसिटीका २८८ उद्योगका लागि १२ अर्ब ५९ करोड रुपैयाँ लगानी स्वीकृत भएको हो। त्यसैगरी पर्यटनमूलक क्षेत्रका १५० उद्योगका लागि १० अर्ब ८६ करोड, उत्पादनमूलक ३५ उद्योगका लागि दुई अर्ब ४० करोड र सेवामूलक ३४ उद्योगका लागि तीन अर्ब ५४ करोड रुपैयाँ एफडिआई स्वीकृत भएको विभागको तथ्यांक छ। साथै, कृषिमूलक १४ उद्योगका लागि २१ अर्ब ९० करोड, खनिजअन्तर्गत दुई उद्योगका लागि ११ करोड ५० लाख र ऊर्जामूलक एक उद्योगका लागि १८ करोड ४२ लाख रुपैयाँ एडडिआई स्वीकृत भएको छ।

■ मुगु-कर्णालीमा परीक्षण सुरुङको काम धमाधम



सरकारी स्वामित्वको विद्युत् उत्पादक कम्पनी लिमिटेड (भियुसिएल) प्रवर्द्धक रहेको १,९०२ मेगावाटको मुगु-कर्णाली जलविद्युत् आयोजनाको परीक्षण सुरुङ खन्ने काम धमाधम भइरहेको छ। पावरहाउस र ड्याम एक्सेसका लागि दायाँ-बायाँ करिब दुई मिटरका दुईवटा सुरुङ खन्ने काम भइरहेको परियोजनाका प्रबन्धक त्रिलोजन भट्टले जानकारी दिए। उनका अनुसार करिब १४ सय ५० मिटर लामो सुरुङ परीक्षणका लागि खनिनेछन्। तस्बिर : **गगन अयडी**/बाजुरा

८२०.८० रुपैयाँमा आइपिओ बिक्री गरेको रिलायन्सको ओपनिङ रेन्ज सयदेखि तीन सय मात्रै

निरन्तर मूल्य बढेको अवस्थामा आइपिओबराबरकै मूल्य पुग्न ११ कारोबार दिन लाग्ने

नयाँ पत्रिका

बुकबिल्डिङ विधिमार्फत सर्वसाधारणलाई प्रतिकित्ता ८२०.८० रुपैयाँमा आइपिओ बिक्री गरेको रिलायन्स स्पिनिङ मिल्सलाई नेपाल स्टक एक्सचेन्ज (नेप्से)ले पहिलो कारोबारका लागि एक सयदेखि तीन सय रुपैयाँसम्मको ओपनिङ रेन्ज तोकिदिएको छ। नेप्सेले शुक्रबार कम्पनीको एक करोड ९० लाख कित्ता सेयर सूचीकृत गर्दै आइपिको मूल्यभन्दा पाँच सय २०.८ रुपैयाँदेखि सात सय २०.८ रुपैयाँले न्यून हुने गरी ओपनिङ रेन्ज तोकिदिएको हो।

नेप्सेले अंकित मूल्य (फेस भ्यालु)का आधारमा उक्त आधार सीमा तोकेको हो। ओपनिङ रेन्जको सीमा तोक्ने सम्बन्धमा नीतिगत निर्णय गर्ने अधिकार तथा कर्तव्य नेप्सेको सञ्चालक समितिलाई छ। ०६८ सालमा सञ्चालक समितिले नेटवर्थ वा फेस भ्यालुका आधारमा ओपनिङ रेन्ज तोक्ने निर्णय गरेको थियो। सूचीकृत हुने कम्पनीको नेटवर्थ वा फेस भ्यालु जति छ, सोही विन्दुदेखि त्यसको तीन गुणा बढी विन्दुसम्मलाई पहिलो कारोबारका लागि रेन्ज तोक्ने नीतिगत निर्णय गरेको थियो।

विगतमा नेप्सेले अन्य कम्पनीलाई नेटवर्थका आधारमा ओपनिङ रेन्ज तोके पनि रिलायन्स स्पिनिङलाई भने फेस भ्यालुका आधारमा यस्तो सीमा दिएको हो। नेप्सेका प्रवक्ता मुराहरि पराजुलीले रिलायन्स स्पिनिङ मिल्सको पहिलो सेयर कारोबारका लागि फेस भ्यालुका आधारमा ओपनिङ तोकेको बताए। '०६८ सालमा सञ्चालक समितिले फेस भ्यालु वा नेटवर्थका आधारमा ओपनिङ रेन्ज तोक्ने निर्णय गरेको थियो। त्यसकै आधारमा रिलायन्स स्पिनिङ मिल्सलाई फेस भ्यालुका आधारमा ओपनिङ रेन्ज तोकिएको हो,' उनले भने, 'नेटवर्थमा द्विविधा भएका कारण यो विकल्प प्रयोग गरेका हौं।'

बुकबिल्डिङमा बजारबाटै मूल्य निर्धारण हुने हो। नियामक निकाय नेपाल धितोपत्र बोर्डले तोकेको संस्थागत लगानीकर्तामार्फत सेयरको कट अफ प्राइस तोकिन्छ। र, त्यही मूल्यमा संस्थागत लगानीकर्ताले ४० प्रतिशत आइपिओ बिक्री गरिन्छ। त्यसपछि बाँकी ६० प्रतिशत आइपिओ भने कट अफ प्राइसभन्दा १० प्रतिशत सस्तोमा सर्वसाधारणलाई बिक्री गरिन्छ।

संस्थागत लगानीकर्ताबिच भएको प्रतिस्पर्धाबाट रिलायन्सको सेयरको खरिद मूल्य प्रतिकित्ता ६ सय आठदेखि नौ सय १२ सम्म कायम भएको थियो। त्यसकै आधारमा कम्पनीले सर्वसाधारणलाई ८२०.८० रुपैयाँमा सेयर बिक्री गर्ने प्रस्ताव गरिएको थियो, जुन असार ०८१ मा धितोपत्र बोर्डले स्वीकृति गरेको छ। त्यसरी बजारदेखि निर्धारण भएको र नियामक निकायले स्वीकृति गरेको सेयर मूल्यलाई समेत बेवास्ता गरेर नेप्सेले ओपनिङ रेन्ज तोकेको हो।

नेप्सेले तोकेको ओपनिङ रेन्जको विषयमा रिलायन्सले आपत्ति जनाएको छ। कम्पनीले शुक्रबार नै विज्ञप्ति जारी गर्दै यसअघि अन्य कम्पनीहरूको सूचीकरणका क्रममा अवलम्बन गरिएका आधार र अभ्याससमेत विपरीत भएको बताएको छ।

बोर्डका पूर्वकार्यकारी निर्देशक नीरज गिरीले यसमा अन्तर्राष्ट्रिय अभ्यास हेर्नुपर्ने बताउँछन्। 'बुकबिल्डिङमा सेयर मूल्य बजारदेखि नै निर्धारण हुने हो। त्यसलाई धितोपत्र बोर्डले पनि स्वीकृति गरिसकेको हुन्छ। त्यस्ता कम्पनीको पहिलो सेयर कारोबारका सीमा कसरी तोक्ने भन्ने विषयमा नेप्सेले अन्तर्राष्ट्रिय अभ्यास हेर्नुपर्ने थियो,' उनले भने, 'यसरी परम्परागत शैलीमै ओपनिङ रेन्ज तोक्दा बुकबिल्डिङका आइपिओ किनेका लगानीकर्ता स्वतः घाटामा जान्छन्। अन्य कम्पनीलाई पनि बुकबिल्डिङमा आइपिओ निष्कासन गर्न उत्साह हुँदैन।' अब यस कम्पनीको नियमित सेयर कारोबार हुन पहिलोपटक 'स्पेसल प्रि-ओपनिङ सेसन'मा कारोबार हुनुपर्छ। जुन नियमित सेयर कारोबार खुला हुनुभन्दा १५ मिनेटअघि हुन्छ। प्रि-ओपनिङमा जुन मूल्यमा कारोबार हुन्छ। त्यसकै आधारमा नियमित कारोबार अघि बढ्छ।

यदि प्रि-ओपनमा तीन सयमा सेयर कारोबार नियमित बजारमा सोही विन्दुबाट कारोबार सुरु हुन्छ। नेप्सेको नीतिअनुसार एउटा कम्पनीको सेयर मूल्य दिनमा १० प्रतिशतले मात्रै थप-घट हुन सक्छ। यो नीतिअनुसार यो कम्पनीको स्पेसल प्रि-ओपनमा तीन सयमा कारोबार भएको अवस्थामा पहिलो दिन नियमित कारोबारमा १० प्रतिशतले मूल्य बढ्दा कम्पनीको सेयर मूल्य तीन सय ३० रुपैयाँसम्म पुग्न सक्छ। दैनिक १० प्रतिशतले मूल्य बढेको अवस्थामा ११औं कारोबार दिनमा मात्रै कम्पनीको सेयर मूल्य सर्वसाधारणले खरिद गरेको भन्दा धेरै हुन जान्छ। दैनिक १० प्रतिशतले मूल्य बढेको अवस्थामा ११औं कारोबार दिनमा कम्पनीको सेयर मूल्य ८५५.९३ प्रतिशत पुग्न सक्छ। यद्यपि, बजारमा कम्पनीको सेयर मूल्य बढ्ने वा घट्ने भन्ने ग्यारेन्टी हुँदैन। सेयर मूल्य बढ्न नसकेको अवस्थामा लगानीकर्ता घाटामा जान्छन्। ८२०.८० रुपैयाँभन्दा कममा बिक्री गर्ने लगानीकर्ता स्वतः घाटामा जान्छन्।

खोटाङमा 'बोलाओ राइडिङ' सुरु

पहिलो चरणमा १६ वटा मोटरबाइक र तीनवटा अटोमार्फत सेवा



खोटाङमा **केदार लाफा**

'बोलाओ राइडिङ एप्स'मार्फत खोटाङमा भाडा तिरेर जुनसुकै समयमा जुनसुकै ठाउँको यात्रा गर्न सकिने भएको छ। यात्रुलाई जुनसुकै समयमा जुनसुकै ठाउँको सहज, सुलभ र सुरक्षित यात्रा गराउँदै व्यवसाय गर्ने उद्देश्यले 'बोलाओ राइडिङ एप्स'ले खोटाङमा आफ्नो सेवा विस्तार गरेको हो।

यात्रुको सेवाका लागि पहिलो चरणमा १६ वटा मोटरबाइक र तीनवटा अटो तैनाथ राखिएको बोलाओ राइडिङ एप्सका खोटाङ राइडर संयोजक आश्रय राईले जानकारी दिएका छन्। 'पठाओ'जस्तै अनलाइन राइडिङ प्रणालीमा आधारित बोलाओ राइडिङ एप्सले जिल्लामा पहिलोपटक भाडा लिएर यातायात सेवा सुरु गरेको हो।

बोलाओ राइडिङ एप्सले किलोमिटरका आधारमा भाडादर स्वतः निर्धारण गर्ने र यात्रुले नगद तथा क्युआरमार्फत भुक्तानी गर्न मिल्ने व्यवस्था मिलाइएको खोटाङका सुपरभाइजर दिनेश हिङ्माडले जानकारी दिए। 'एप्समार्फत जिलाभरिका सेवाग्राहीले मोटरबाइक, अटो तथा सुमोबाट सेवा लिन सक्नेछन्। सेवा लिन चाहने सेवाग्राहीलाई जुनसुकै समयमा सेवा उपलब्ध गराउँछौं', उनले भने, 'सेवाग्राही जोकोहीले आफ्नो मोबाइलमा बोलाओ एप्स डाउनलोड गरी घरमै बसेर राइडर बोलाउन सक्नुहुन्छ। राइडर नपाएर हैरानी खेप्दै आउनुभएका यात्रुले अब बोलाओ सेवामार्फत सहज रूपमा आफ्नो गन्तव्यसम्म पुग्न सक्नुहुनेछ।'

एप्सले जिल्लाभित्रका अटो, मोटरबाइक तथा सुमोचालकले राइडिङ सेवा दिन चाहेमा दिक्तेलस्थित संगम चोकमा स्थापना गरिएको सम्पर्क कार्यालयमा गएर आवश्यक कागजातसहित आफ्नो नाम दर्ता गराउन सक्नेछन्। प्रक्रिया पूरा गरेर कार्यालयमा दर्ता भएपश्चात् कार्यालयका कर्मचारीले चालकलाई बोलाओ राइडिङ एप्ससँग जोडिदिने व्यवस्था गरिएको जनाइएको छ। राइडिङ सेवामा संलग्न चालकले अनिवार्य इन्स्योरेन्स गरेको हुनुपर्ने संयोजक राईले जानकारी दिएका छन्। 'सेवा दिन चाहने चालकले अनिवार्य इन्स्योरेन्स गरेको हुनुपर्ने व्यवस्था गरिएको छ। बिनाइन्स्योरेन्सका कोही चालक हुनेछैनन्,' उनले भने।

१७ महिनापछि सुनकोशीमा राखियो अस्थायी बेलिब्रिज

गत वर्ष असोजको बाढीले बगाएको पुलको ठाउँमा बेलिब्रिज राखेपछि पश्चिमी रामेछापमा आवतजावत गर्न सहज

रामेछापमा **दीपक भट्ट**

अस्थायी बेलिब्रिज बनेपछि पश्चिमी रामेछापमा आवतजावत खुलेको छ। गत वर्ष असोजको बाढीले खैरेनीटारस्थित सुनकोशी नदीको पुल बगाएको थियो। त्यो ठाउँमा अहिले अस्थायी रूपमा बेलिब्रिज निर्माण गरिएको छ। बेलिब्रिज निर्माण भएसँगै रामेछापको पश्चिमी क्षेत्रका नागरिकलाई आवतजावतमा सहज भएको छ।

बाढीले सिन्धुली र रामेछापको सिमाना भएर बहने नदीमा खैरेनीघाटमा मोटरेबल पुल बगाएपछि रामेछापतर्फका पश्चिमी भेगका नागरिकको बिपी राजमार्गसँग सिधा कनेक्सन टुटेको थियो। खैरेनीघाटको पुल नभएपछि वैकल्पिक रूपमा रामेछापका नागरिक काभ्रे र रामेछाप जोड्ने सिन्धुरेटारको पुल तरेर राजधानी जानुपर्ने बाध्यता थियो। केही मानिस खाँडादेवी गाउँपालिकाको भिरपानीस्थित सित्खा पुल तरेरसमेत जान बाध्य थिए। सडक विभागले बाढीले बगाएको स्थानमा १७ महिनापछि बेलिब्रिज जडान गरिदिएपछि मगंलबारबाट सबै यातायातका साधन सहज रूपले सञ्चालनमा आएको खाँडादेवी गाउँपालिका- ५ का सुकराम घिसिङले जानकारी दिए।



उनले भने, 'नदीमा भएको पुल बाढीले बगाएपछि रामेछापका धेरै नागरिकलाई समस्या थियो। पुल बगाएपछि बिपी राजमार्ग जान घुमाउरो बाटो प्रयोग गर्नुपर्ने बाध्यता थियो भने केही नागरिक काभ्रे निस्किएर राजधानी जान बाध्य थिए।' अहिले उक्त पुल निर्माण भएर सञ्चालनमा आएपछि धेरै सहज भएको घिसिङले बताए।

पुल सञ्चालनमा आएपछि पश्चिमी रामेछापका नागरिकलाई धेरै ठुलो राहत मिलेको छ। उक्त पुल हुँदै सहजै सिन्धुलीको बिपी राजमार्ग निस्केर राजधानी जान सहज हुने भएपछि पश्चिमी रामेछापका खाँडादेवी गाउँपालिका, दोरम्बा शैलुङ गाउँपालिका र सुनापति गाउँपालिका गरी तीनवटा गाउँपालिकाका नागरिकले सोही पुल प्रयोग गर्ने गर्छन्।

सिजी इलेक्ट्रोनिक्सका ४० जना विजेता मुम्बईमा

काठमाडौं/ इलेक्ट्रोनिक्स कम्पनी सिजी इलेक्ट्रोनिक्समार्फत 'वर्ल्डकप मुम्बई ट्रिप योजना'का विजेता मुम्बई पुगेका छन्। आइसिसी टी-२० पुरुष विश्वकपअन्तर्गत नेपाल र वेस्ट इन्डिजबिचको ऐतिहासिक खेल मुम्बईको वानखेडे स्टेडियमबाटै प्रत्यक्ष हेर्ने अवसर पाएका ४० जना भाग्यशाली विजेता शुक्रबार मुम्बई उडेका हुन्।



कम्पनीले गत मंसिर २९ देखि माघ १२ गते वर्ल्डकपलक्षित ग्राहक योजना सञ्चालन गरेको थियो। योजना अवधिभर सिजी इलेक्ट्रोनिक्सअन्तर्गतका लोकप्रिय ब्रान्ड एलजी, सिजी, सिजी एसडिए, टिसिएल, ब्ल्याक प्लस डेकर, गोदरेज, सेन्सेई, माइडिया, केन्ट र क्रम्प्टनका उत्पादन खरिद गरी ग्राहक योजनामा सहभागी भएका थिए। सहभागीमध्येबाट ४० जना विजेता छनोट गरिएको कम्पनीले जानकारी दिएको छ।

विजेताहरूले पाँचदिने मुम्बई भ्रमणको प्याकेज प्राप्त गरेका छन्। यस प्याकेजमा काठमाडौं-मुम्बई-काठमाडौं दुईतर्फी हवाई टिकट, मुम्बईस्थित तारे होटेलमा बसाइ तथा खानपिनको व्यवस्था गरिएको छ। साथै, विजेताहरूले मुम्बईका प्रसिद्ध स्थानहरूको अवलोकन भ्रमण (सिटी टुर) गर्नुका साथै वानखेडे स्टेडियममा नेपाल-वेस्ट इन्डिजबिचको रोमाञ्चक खेलको विशिष्ट टिकटसमेत प्राप्त गरेका छन्।

आफ्ना ग्राहकलाई गरेको वाचा पूरा गर्न पाउँदा कम्पनीले खुसी व्यक्त गरेको छ। ४० वर्षभन्दा बढी समयदेखि नेपाली बजारमा निरन्तर सेवा दिँदै आएको सिजी इलेक्ट्रोनिक्सले आगामी दिनमा पनि यस्तै रोमाञ्चक योजना ल्याइरहने प्रतिबद्धता व्यक्त गरेको छ।

किसानलाई डिजिटल कृषि सेवा दिन एनसेल र सुपर कृषकको सहकार्य

काठमाडौं/ देशभरका किसानलाई डिजिटल र प्रिमियम कृषि सेवा उपलब्ध गराउन एनसेल र डिजिटल कृषि प्लाटफर्म सुपर कृषकले सहकार्य गरेका छन्। यो सहकार्यको मुख्य उद्देश्य मोबाइल फोनमार्फत सहजै सबै किसानसम्म आधुनिक कृषि सेवा उपलब्ध गराउनु रहेको बताइएको छ। यस प्लाटफर्ममार्फत अनलाइन कृषि तालिम, कृषि डाक्टर तथा कृषि चिना (स्याटेलाइट अनुगमन)जस्ता डिजिटल उपकरण र सेवा उपलब्ध हुनेछन्। यसले किसानलाई आफ्नै मोबाइल फोनमार्फत वास्तविक समयमै कृषि परामर्श, रोगकिरा तथा बाली समस्या पहिचान, र बाली अनुगमनसम्बन्धी जानकारी प्राप्त गरी स्वमूल्यांकन गर्न सक्षम बनाउने एनसेलले जनाएको छ। उच्च पहाडदेखि तराईका फाँटसम्म अब किसानका हात-हातमा विशेषज्ञको सल्लाह-सुझाव अनि आधुनिक प्रविधिको पहुँच सुनिश्चित भएको छ।



एनसेलको बृहत् नेटवर्क पहुँच र लाखौं सक्रिय ग्राहक भएकाले अब सुपर कृषकका प्रिमियम सेवा आमकिसानलाई एक भ्यालु एडेड दूरसञ्चार सेवाका रूपमा उपलब्ध भएको कम्पनीले जनाएको छ। योसँगै नेपालमै पहिलोपटक किसानले भ्वाइस, डेटा वा एसएमएस सेवा लिएझैं सहजमै आफ्नो मोबाइल ब्यालेन्सबाटै कृषि सेवाको लाभ उठाउन सक्ने भएका छन्।

एनसेलका अनुसार किसानले सुपर कृषक एपमार्फत यो सेवा लिन सक्नेछन्। एक वर्षको प्याक किस्ताबन्दीमा लिन चाहनेले प्रत्येक तीन दिनमा १३ रुपैयाँ तिर्दै वार्षिक एक हजार पाँच सय ६० रुपैयाँ खर्चिनुपर्नेछ। त्यसै, ६ महिनाका लागि प्रत्येक तीन दिनमा १४ रुपैयाँ भुक्तानी गरी कुल आठ सय ४० रुपैयाँ तिर्नुपर्ने बताइएको छ।

एकमुस्ट भुक्तानी गर्ने किसानले भने ६ महिनाको लागि सात सय ५६ रुपैयाँ तथा एक वर्षका लागि एक हजार दुई सय ४८ रुपैयाँ तिरेर सेवा लिन सक्छन्। आफूलाई उपयुक्त सेवा लिएपछि लागू हुने शुल्क मेन ब्यालेन्सबाट कटौती हुने एनसेलले जनाएको छ।

ओप्पो रेनो १५ फाइभजी नेपाली बजारमा सार्वजनिक



काठमाडौं/ आफ्नो रेनो सिरिजअन्तर्गतको नयाँ स्मार्टफोन ओप्पो रेनो १५ फाइभजी नेपाली बजारमा सार्वजनिक भएको छ। फ्ल्यागसिपस्तरको उपकरणका रूपमा प्रस्तुत गरिएको यस स्मार्टफोनले आधुनिक प्रविधि, परिष्कृत डिजाइन र प्रयोगकर्ताकेन्द्रित विशेषतालाई समेट्दै उच्चस्तरीय स्मार्टफोन अनुभव प्रदान गर्ने लक्ष्य राखेको बताइएको छ।

फ्ल्यागसिप अपेक्षालाई ध्यानमा राखी डिजाइन गरिएको ओप्पो रेनो १५ फाइभजी ६.५९ इन्चको फुल एचडी प्लस एमोलेड डिस्प्ले १२० हर्ज रिफ्रेस रेटसहित उपलब्ध छ, जसले स्पष्ट, उज्यालो र स्मुथ दृश्य अनुभव प्रदान गर्ने कम्पनीको भनाइ छ। यस स्मार्टफोनलाई क्वालकम स्न्यापड्रागन ७ जेन ४ मोबाइल प्लेटफर्मद्वारा सञ्चालन गरिएको छ, जसले दैनिक प्रयोगदेखि बहुकार्यसम्पादनसम्म स्थिर र प्रभावकारी कार्यक्षमता सुनिश्चित गर्दछ। ६५०० एमएएच क्षमताको ब्याट्री र ८० वाट सुपरभुक द्रुत चार्जिङ प्रविधिले लामो समयसम्म प्रयोग र छिटो चार्ज हुने सुविधा प्रदान गर्ने कम्पनीले जनाएको छ।

यस फोनमा फोटोग्राफी क्षमतालाई विशेष प्राथमिकता दिँदै यसमा अप्टिकल इमेज स्टेबलाइजेसन सहितको ५० मेगापिक्सेल मुख्य क्यामेराको नेतृत्वमा ट्रिपल रियर क्यामेरा प्रणाली समावेश गरिएको छ। यसअन्तर्गत ५० मेगापिक्सेल टेलिफोटो क्यामेरा र ८ मेगापिक्सेल अल्ट्रा-वाइड क्यामेरा रहेका छन्।

नबिल बैंकको डिजिटल लाउन्ज सेवा सुरु

काठमाडौं/ नबिल बैंकले कमलादीस्थित नबिल हाउसमा आधुनिक डिजिटल लाउन्ज सेवा सुरु गरेको छ। बैंकले आफ्ना ग्राहकलाई सहज, छरितो र प्रविधिमैत्री बैंकिङ सेवा प्रदान गर्ने उद्देश्यले सेवा सुरु गरेको जनाएको छ। बैंकका अध्यक्ष निर्वाणकुमार चौधरी तथा सञ्चालक सरिता भट्ट अधिकारीले संयुक्त रूपमा डिजिटल लाउन्ज उद्घाटन गरे।



कार्यक्रममा बैंकका सञ्चालक प्रबिन टिवडेवाला, अनिलकेशरी शाह, प्रमुख कार्यकारी अधिकृत मनोजकुमार ज्ञवाली, नायब प्रमुख कार्यकारी अधिकृतद्वय भूपेन्द्र पाण्डे तथा आदर्श बजगाईं, नायब महाप्रबन्धकद्वय गणेशप्रसाद अवस्थी तथा ज्ञानेन्द्रप्रताप शाहलगायतको उपस्थिति थियो।

अध्यक्ष चौधरीले ग्राहकले अब डिजिटली २४सै घण्टा सहजै बैंकिङ कारोबार गर्न सक्ने जनाए। उनले नवप्रवर्तन र डिजिटाइजेसनमा नबिल बैंक सधैं अब्बल रहेको बताए। लाउन्जमा ग्राहकले एटिएममार्फत नगद भिक्न, क्यास डिपोजिट मेसिनबाट नगद जम्मा गर्न, कियोस्क मेसिनमार्फत चेक जम्मा गर्न सक्नेछन्।

सिइओ ज्ञवालीले एउटै स्थानमा बहुउद्देश्यीय डिजिटल सेवा उपलब्ध गराइएकाले ग्राहकको समय बचत हुनुका साथै सेवा प्रवाह अझ प्रभावकारी हुने विश्वास लिएको बताए। बैंकका यसै प्रकृतिका डिजिटल लाउन्ज यसअघि केन्द्रीय कार्यालय र इटहरीमा सञ्चालनमा आइसकेका छन्।

नेपाली रिका होटेलको आइपिओ बिक्री प्रबन्धक लक्ष्मी सन्राइज क्यापिटल



काठमाडौं/ नेपाली रिका होटेल लिमिटेडले प्राथमिक सार्वजनिक निष्कासन (आइपिओ) ल्याउने भएको छ। होटेलको सेयर निष्कासनसम्बन्धी काम गर्न बिक्री प्रबन्धकमा लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड नियुक्त भएको छ। होटेलका अध्यक्ष भोलेश्वर दुलाल र क्यापिटलका प्रमुख कार्यकारी अधिकृत विजयलाल श्रेष्ठले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्।

होटेलले ५० करोड रुपैयाँबराबरले हुन आउने प्रतिकित्ता १०० अंकित दरका ५० लाख कित्ता सर्वसाधारणमा निष्कासन गर्नेछ। नेपाली रिका होटेलको यो कदमले विकास, कम्पनीको पारदर्शिताका साथै नेपालको आतिथ्य उद्योग तथा पर्यटन विकास, विशेष गरी मोरङ प्रदेशमा लगानी अवसरको विस्तारमा प्रतिबद्धता प्रतिबिम्बित गर्ने बताइएको छ।

प्यान र इमेल अद्यावधिक गर्न एनआइसीको आग्रह

काठमाडौं/ एनआइसी एसिया बैंकले ग्राहकलाई आफ्नो खातामा स्थायी लेखा नम्बर (प्यान) र इमेल ठेगाना अद्यावधिक गर्न अनुरोध गरेको छ।

ग्राहकको खाताबाट गरिएको करकट्टीको विवरण सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभागद्वारा जारी गरिएको स्थायी लेखा नम्बर प्रणालीमा आबद्ध गर्नुपर्ने भएकाले अद्यावधिक गर्न आग्रह गरिएको हो। ग्राहकले प्यान र इमेल दुवै बैंकको वेबसाइट वा मोबाइल बैंकिङ एपबाट प्यान अद्यावधिक गर्न सक्नेछन्।

साथै, आफूलाई पायक पर्ने यस बैंकको जुनसुकै शाखा कार्यालयबाट समेत आफ्नो खातामा प्यान अद्यावधिक गर्न आवेदन दिन सकिने व्यवस्था मिलाइएको पनि बैंकले जनाएको छ।

बैंकका अनुसार निक्षेपकर्ताको ब्याज भुक्तानीबापत काटिएको कर ई-टिडिएस रेकर्डमा राख्न पनि प्यान अत्यावश्यक छ। यसले कर चुक्ता प्रमाणपत्र लिन सहज हुनुका साथै प्रमाणपत्र लिन बैंकसम्म धाउनुपर्ने अवस्था पनि अन्त्य हुने बैंकले जनाएको छ।

श्री तानादेवी (तारिणी भवानी) संरक्षण समितिको

अनुरोध

श्री तानादेवी मन्दिर परिसर मखनमा यस समितिको संरक्षकत्वमा "**श्री तानाद्यो नेवा: सांस्कृतिक पहिचान संग्रहालय**" को भवन निर्माण भई सञ्चालनको अवस्थामा रहेकाले संग्रहालयमा नेवारी जीवनमा प्रयोग गर्ने सामान र वस्तुहरू नेवारी जन्मदेखि मृत्युसम्मको प्रक्रिया, नेवारहरूको भोज/भतेर, रहन/सहन, रथजात्रा, उत्सव चाडपर्वसम्बन्धी चित्रहरूको प्रदर्शन हुने हुँदा त्यस्ता सामानहरू कुनै महानुभावहरूसँग रहे संग्रहालयलाई दान दिन/बिक्री गर्न इच्छुक हुनुभए निम्न ठेगानामा सम्पर्क गर्नहुन अनुरोध गर्दछु।

भुवन लाल श्रेष्ठ
अध्यक्ष
मखन टोल, काठमाडौं, फोन नं.: ०१-५९१४१२३, ९८४३६७४९९१/९८५१०९३५९६

नबिल बैंक लिमिटेड, सुनवल शाखा, नवलपरासीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मितिः २०८२/११/०३)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८२/०४/०९ को आर्थिक अभियान दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्यौंट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको **पन्ध्र (१५) दिन** (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपूर्वक भरी यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा सुनवल शाखा, नवलपरासी**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ। साथै, सवारी साधनको हकमा उक्त सवारी साधन बैंकको नाममा दर्ता रहेको र सो सवारी साधनको स्वामित्व बैंकमा रहेको ले कसैले अनधिकृत रुपमा प्रयोग गरिरहनुभएको छ भने यथासिघ्र बैंकमा बुझाउनु होला। अन्यथा अनधिकृत रुपमा बैंकको सवारी प्रयोग गर्नु भए उपर प्रचलित कानून बमोजिम कारवाही गर्न बैंक बाध्य हुने समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण

ऋणी फर्म : प्राइभेट फर्म दर्ता ऐन २०७६ बमोजिम प्रदेश सरकार, लुम्बिनी प्रदेश, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा मिति : २०७६/०१/२९ मा सा.फ.द.प्र.न. ९२७/१४२८/०७६ अन्तर्गत दर्ता भएको **एस एण्ड एस आल्मुनियम एण्ड मेटल फेब्रिकेशन** ।

ठेगाना : नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. १३।

ऋणी फर्मका प्रोप्राइटरः

टिकाराम भण्डारीको नाती, देव नाथ भण्डारीको छोरा रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. १० स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला सुनवल न. पा. वडा नं. १३ बस्ने, ना.प्र.नं. ३०३६स्याङ्गजा (जारी मितिः २०५८/०३/२४, स्थान रुपन्देही) भएका **तारा प्रसाद भण्डारी** ।

व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

देव नाथ भण्डारीकी बुहारी, तारा प्रसादकी श्रीमती स्याङ्गजा जिल्ला, पकवादी गा वि स वडा नं. १ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला सुनवल न. पा. वडा नं. १३ बस्ने, ना.प्र.नं. ८०३९३ (जारी मितिः २०६२/०२/२९, स्थान स्याङ्गजा) भएकी **श्याम कला भण्डारी** ।

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरणः

स्याङ्गजा जिल्ला, पकवादी गा वि स वडा नं. १ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला सुनवल न. पा. वडा नं. १३ बस्ने, **श्याम कला भण्डारी** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नवलपरासी बर्दघाट सुस्ता पश्चिम जिल्ला रामनगर गा वि स वडा नं.८ख मा अवस्थित कि.नं.२३४ र २३६ क्षेत्रफल ०-२-१९$^{३/४}$ र ०-२-१९$^{१/४}$ वि क धु जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापांत समेत ।

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम रु १०००।०० दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा सुनवल शाखा, नवलपरासी**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/११/१७ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा सुनवल शाखा, नवलपरासी**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/११/१८ गते ३:०० बजे बैंकको **सुनवल शाखा, नवलपरासी**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशत रकम बैंकमा नगदै जम्मा गरेको सक्कल भौचर वा बैंकको नाममा खिचिएको "गुड फर पेमेण्ट" अर्थात् "भुक्तानी योग्य चेक" (Good for Payment Cheque) वा ड्राफ्ट वा मेनेजर/बैंकर्स चेक वा बैंक जमानत संलग्न गरी तोकिएको म्याद भित्रैमा बैंकमा पेश गर्नु पर्नेछ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै ब्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा सुनवल शाखा, नवलपरासी**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

Kamalamai Municipality
Office Of The Municipal Executive
Bagmati Province, Nepal
Sindhuli

Re-Invitation for Sealed Quotations for the works specified in the table here under.

Date of publication: 15th February, 2026

1. **Kamalamai Municipality, Office of The Municipal Executive** invites electronic sealed quotations from Nepalese eligible suppliers for the **Procurement & Supply works specified in the table herewith under** Sealed Quotations procedures. The estimated amounts for the works are as **stated in the table herewith**.

Sealed Quotation Identification No.	Name of Works	Estimated amount excluding VAT (NRs.)	Bid Security Amount (NRs.)
KMU/SIN/Goods/ SQ/14./082/083	Procurement & Supply of Office Logistic, Kamalamai Municipality, Office of The Municipal Executive, Sindhuli.	1,761,110.00	55,000.00

2. Eligible Bidders may obtain further information from the **Kamalamai Municipality, Office of The Municipal Executive, Sindhuli, Telephone: 047-520240, Email: kamalamaimun.pidsection@gmail.com** or may visit **PPMO e-GP System web portal www.bolpatra.gov.np/egp.**
3. Bidder may download the bidding documents for e-submission from **PPMO's Web Site www.bolpatra.gov.np/egp**. Bidders should deposit the cost mentioned above of bidding document in the Office Rajaswa (revenue) account and bid security fee Dharauti (Deposit) as specified in bid documents and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of submission of the bids.

Chief Administrative Officer

का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

नयाँ पत्रिका

■ आइसिसी पुरुष टी-२० विश्वकप २०२६

वेस्ट इन्डिजलाई हराउनैपर्ने दबाबमा नेपाल

इटालीसँग १० विकेटको हार व्यहोरेको नेपालले तेस्रो खेलमा दुईपटकको विश्वविजेता वेस्ट इन्डिजको सामना गर्दै

अंक तालिका

समूह 'ए'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
भारत	२	२	०	४	३.०५
पाकिस्तान	२	२	०	४	०.९३
अमेरिका	३	१	२	२	०.५३
नेदरल्यान्ड्स	३	१	२	२	-१.३५
नामिबिया	२	०	२	०	-१.५२

समूह 'बी'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
श्रीलंका	२	२	०	४	३.१२
जिम्बावे	२	२	०	४	१.९८
अस्ट्रेलिया	२	१	१	२	१.१०
आयरल्यान्ड	३	१	२	२	-०.१५
ओमान	३	०	३	०	-४.५४

समूह 'सी'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
वेस्ट इन्डिज	२	२	०	४	१.६२
इंग्ल्यान्ड	३	२	१	४	-०.१४
स्कटल्यान्ड	३	१	२	२	०.३५
इटाली	२	१	१	२	-०.३५
नेपाल	२	०	२	०	-१.८५

समूह 'डी'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
द. अफ्रिका	३	३	०	६	१.४७
न्युजिल्यान्ड	३	२	१	४	१.७०
युएई	२	१	१	२	-१.०३
अफगानिस्तान	२	०	२	०	-०.५५
क्यानडा	२	०	२	०	-१.५२

आजका खेल

नेपाल	बिहान ११:१५ बजे	वेस्ट इन्डिज	
नामिबिया	दिउँसो ३:१५ बजे	अमेरिका	
भारत	राति ७:१५ बजे	पाकिस्तान	



वेस्ट इन्डिजको प्रदर्शन राम्रो छ

● **स्टुआर्ट ल**, प्रशिक्षक, नेपाल

हामीले इटालीविरुद्ध जुन भुल गर्‍यौं । त्यो माफी दिने किसिमको छैन । मैले इटालीसँग १० विकेटले पराजित भएपछि खेलाडीसँग बसेर समीक्षा गरेँ । यसअघि पनि वेस्ट इन्डिजसँग हामीले खेलेका थियौं । अहिले विश्वकपमा उनीहरूको प्रदर्शन राम्रो छ । हामी त्यो खेल जित्नका लागि खेल्छौं ।



नेपाललाई सामान्य रूपमा लिन मिल्दैन

● **अकिल हुसैन**, बलर, वेस्ट इन्डिज

नेपालसँग हामीले पछिल्लो समय पनि खेलेका छौं । नेपाललाई सामान्य सोच्नु हाम्रो कमजोरी हुनेछ । हामी विश्वकपमा सबै खेल जित्न आएका छौं । यो प्रतियोगितामा कुनै पनि राष्ट्र सानो र ठुलो भन्ने हुँदैन । नेपालविरुद्ध पनि जित्न नै खेल्छौं ।

मुम्बईमा **रमेश सुवेदी**

नेपालले आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिताको सुपर एटको आशा जीवितै राख्न आइतबार दुईपटकको विजेता वेस्ट इन्डिजलाई हराउनुपर्ने हुन्छ । नेपालले जितबाहेक रनरेट पनि सुधार्नुपर्ने देखिन्छ । नेपालले उत्कृष्ट फर्ममा रहेको वेस्ट इन्डिजविरुद्ध ब्याटिङ र बलिङमा सानदार प्रदर्शन गर्नुपर्ने दबाबको सामना गर्नुपर्छ । समूह 'सी'को दोस्रो खेलमा इटालीबाट १० विकेटको नमिठो हारपछि नेपाल संकटमा परेको हो ।

नेपालले पहिलो खेलमा इंग्ल्यान्डविरुद्ध सनसनी प्रदर्शन गर्दा दोस्रो खेलमा नवप्रवेशी राष्ट्र इटालीलाई सहजै हराउने अपेक्षा राखेको थियो । तर नतिजा नेपालको हकमा नभएर इटालीको पक्षमा गयो । त्यो नतिजा पनि विश्वकप इतिहासै आठौं दस विकेटको हार सामना नेपालल गर्‍यो । नयाँ दिन र नयाँ खेल भने झैं नेपालले दोस्रो खेल विर्सेर वेस्ट इन्डिजसँग प्रतिस्पर्धा गर्न तयार छ ।

समग्र टी-२० आईमा नेपाल र वेस्ट इन्डिजबिच दोस्रो भेट हो । यसअघि गत वर्षको असोजमा नेपालले युएईमा भएको टी-२० सिरिजमा वेस्ट इन्डिजविरुद्ध ऐतिहासिक २-१ को जित निकालेको थियो । त्यसबेला वेस्ट इन्डिजले नेपालसँगको सिरिजमा दोस्रो रोजाइका खेलाडी पठाएको थियो । विश्वकपमा भने वेस्ट इन्डिज पहिलो रोजाइको हो । वेस्ट इन्डिज यति बेला ब्याटिङ र बलमा फर्ममा छ । यस्तोमा नेपालले उनीहरूलाई रोक्न गाह्रो देखिन्छ ।

नेपालले वानखेडे रंगशालामा शनिबार राति प्रशिक्षण गर्दा खेलाडीहरू फरक अवस्थामा देखिए । नेपालका पूर्वकप्तान पारस खड्का सबै नतिजा बिर्सेर वेस्ट इन्डिजसँगको खेलमा केन्द्रित हुनुपर्ने बताउँछन् । 'हामीले लगातार दुई खेल हार्‍यौं । इटालीसँग सोच्दै नसोचेको नतिजा निस्कियो,' क्यानका सचिवसमेत रहेको पारसले नयाँ पत्रिकासँग भने, 'यद्यपि, सुपर ८ को स्थान बनाउन अब कठिन छ, तर बाँकी दुई खेलमै केन्द्रित हुनुपर्छ ।'

नेपालका प्रशिक्षक स्टुआर्ट लले खराब हारमा कसलाई छुट नभएको बताए । उनले इटालीसँग गरेका गल्ती वेस्ट इन्डिजविरुद्ध गर्न नहुने सल्लाह दिएकाछन् । 'हामीले इटालीविरुद्ध जुन भूल गर्‍यौं । त्यो माफी दिने किसिमको छैन,' स्टुवाटले भने, 'वेस्ट इन्डिजसँग हामीले यसअघि पनि खेलेका हौं । विश्वकपमा उनीहरूको प्रदर्शन राम्रो छ । हामी त्यो खेल जित्नै नै खेल्छौं ।' उनले इटालीसँगको हारपछि खेलको विषयमा खेलाडीसँग समीक्षा गरेको बताए । वेस्ट इन्डिजका बलर अकिल हुसैनले नेपाल कमजोर नरहेको बताउँदै सतर्क भएर खेल्ने योजना सुनाए । 'नेपालसँग हामीले प्रतिस्पर्धा गरिसकेका छौं । नेपाललाई सामान्य प्रतिद्वन्द्वीका रूपमा लिनु हाम्रो कमजोरी हुनेछ,' अकिलले भने, 'हामी विश्वकपमा सबै खेल जित्न आएका छौं । यो प्रतियोगितामा कुनै पनि राष्ट्र सानो र ठुलो भन्ने हुँदैन । नेपालविरुद्ध पनि जित नै खेल्छौं ।'

लयमा वेस्ट इन्डिज

वेस्ट इन्डिज दुईपटकको च्याम्पियन हो । पछिल्लो खेलमा वेस्ट इन्डिजले पूर्वविजेता इंग्ल्यान्डविरुद्ध सराहनीय प्रदर्शन गर्‍यो । अहिले वेस्ट इन्डिजले दुई खेलमा दबाबरहित प्रतिस्पर्धा गरिरहेको छ । ओपनिङ कमजोर हुँदा मध्यक्रमका ब्याट्सम्यानले विस्फोटक ब्याटिङ गरेका छन् । वेस्ट इन्डिजका हरेक खेलाडी व्यक्तिगत प्रदर्शनमा अब्बल छन् । बलर वा ब्याट्सम्यान एक्लै खेल जिताउन सक्ने क्षमता राख्छन् । इंग्ल्यान्डविरुद्ध ब्याटिङमा सेर्फान रुथर्फोडले ७६ रन जोड्दै इंग्ल्यान्डलाई चुनौती दिए । स्पिनर गुडाकेस मोटीले तीन विकेट लिएपछि ३० रनले विजयी भयो । वेस्ट इन्डिजले स्कटल्यान्डलाई पहिलो खेलमा ३५ रनले हराएको थियो ।

गत वर्षको सेप्टेम्बरमा नेपालविरुद्ध खेलेका वेस्ट इन्डिजको टोलीमा अकल हुसैन र ज्यासन होल्डरले प्रतिस्पर्धा गरेका थिए । यसैगरी, नेपालको 'ए'सँग प्रतिस्पर्धा गर्न आएको वेस्ट इन्डिज 'ए'का कप्तानी रास्टन चेजले गरेका थिए । यी तीनजना खेलाडी नै अहिलेको विश्वकप टोलीमा छन् ।

कप्तान रोहित बिरामी



आइसिसी टी-२० विश्वकप २०२६ अन्तर्गत नेपालले आइतबार बिहान सवा ११ बजे वेस्ट इन्डिजसँग तेस्रो खेल खेल्दै छ । शनिबार भएको अभ्यास सत्रमा नेपाली टोलीका कप्तान रोहितकुमार पौडेल अनुपस्थित रहे । उनी बिरामी परेकाले अनुपस्थित भएको नेपालका प्रशिक्षक स्टुअर्ट लले पुष्टि गरेका छन् । प्रशिक्षक स्टुअर्टले वानखेडेमा भने, 'कप्तान ठिकै छन् । उनलाई हिजो राति ज्वरो आएको थियो र औषधि खाएका छन्, त्यसैले वेस्ट इन्डिजसँगको खेलअघि कप्तान ठिक हुन्छन् होला ।' कप्तान रोहितले उनले इंग्ल्यान्ड र इटालीविरूद्धको खेल खेलेका थिए । उनले इंग्ल्यान्डविरूद्ध ३९ रन र इटालीविरूद्ध २३ रन बनाएका थिए ।



मुम्बईस्थित वानखेडे रंगशालामा शनिबार प्रशिक्षण गर्दै नेपाली खेलाडी । तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

■ दक्षिण अफ्रिकाको सात विकेटको जित



विश्वकपअन्तर्गत शनिबार समूह 'डी'को प्रतिस्पर्धामा दक्षिण अफ्रिकाले न्युजिल्यान्डलाई सात विकेटले हराएको छ । पहिलो ब्याटिङ गरेको न्युजिल्यान्डले सात विकेट गुमाएर १७५ रन बनायो । दक्षिण अफ्रिकाले १७.१ ओभरमा तीन विकेट गुमाएर १७८ रन जोड्यो । दक्षिण अफ्रिका एडेन मार्क्रामले ४४ बलमा ८६ रन जोडेका थिए ।

यस्तो पनि

नवौं र दसौं संस्करणमा धेरै खेल

आइसिसीले टी-२० विश्वकपलाई प्रतिस्पर्धात्मक बनाउन नवौं संस्करणदेखि सहभागी संख्या बढायो । सन् २०२४ मा अमेरिका र वेस्ट इन्डिजले संयुक्त रूपमा आयोजना गरेको नवौं संस्करणमा २० राष्ट्रहरूले उपाधिका लागि प्रतिस्पर्धा गरेका थिए । भारतले दक्षिण अफ्रिकलाई हराउँदै दोस्रोपटक उपाधि जित्यो । गत संस्करणमा कुल ५५ खेल भएका थिए । चार समूहमा समान पाँच राष्ट्रले प्रतिस्पर्धा गरे । समूह चरणमा ४० खेल भएका थिए । यसपटक पनि २० राष्ट्रबिच विश्वकप चलिरहँदा ५५ खेल हुनेछन् । अघिल्लो संस्करणमा जस्तै यसपटक पनि सुपर एटको प्रणाली आइसिसीले लागू गरेको छ । यसअघि सुरुवातका लगातार चार विश्वकपमा १२ राष्ट्रले २७ खेलमा प्रतिस्पर्धा गरेका थिए । त्यसपछि पाँचौं र छैटौं संस्करणमा १६ राष्ट्र सहभागी भएका थिए । उनीहरूले कुल ३५ खेल खेले ।

आयरल्यान्डको फराकिलो जितसँगै ओमान बाहिरियो

मुम्बई/ आयरल्यान्डले समूह 'बी'मा ओमानमाथि ९६ रनको फराकिलो जित निकालेको छ । जितसँगै आयरल्यान्डले पनि अंकगणितीय आधारमा सुपर एटको सम्भावना कायम राखेको छ । हारले ओमान भने भारत र श्रीलंकाले संयुक्त रूपमा आयोजना गरिरहेको टी-२० विश्वकपको समूह चरणबाटै बाहिरिने पहिलो राष्ट्र बनेको छ । कोलम्बोको प्रेमादासा रंगशालामा आयरल्यान्डले पहिलो ब्याटिङ गरी पाँच विकेट गुमाएर २३५ रनको विशाल योगफल खडा गर्‍यो । प्रत्युत्तरमा ओमान १८ ओभरमा १३९ रनमा समेटियो । ओमानले तीनवटै खेल गुमाएको छ ।

लोर्कानको नटआउट ९४ रन

आयरल्यान्डले ओमानविरुद्ध गतिलो ओपनिङ गर्न सकेन । ओपनिङबाहेक अन्य विकेटका लागि आयरल्यान्डको ब्याटिङ प्रदर्शन अब्बल रह्यो । ओपनर टिम टेक्टरले पाँच रन तथा रोस आदिरले १४ रन बटुलेका थिए । ह्यारी टेक्टरले १४ रन जोडे । आयरल्यान्डले पहिलो तीन विकेट ४.६ ओभरमा ४५ रनमा गुमाएको थियो । त्यसपछि कप्तान लोर्कान टकर र गेराथ डेलानीले पाँचौं विकेटका लागि १०१ रनको शतकीय साझेदारी गर्दै आयरल्यान्डलाई १६५-५ को बलियो स्थितिमा राखे । इनिङ्समा नटआउट रहेका लोर्कानले ५१ बलमा १० चौका र चार छक्का प्रहार गरी सर्वाधिक ९४ रन जोडे । गेराथले ३० बलमा चार छक्का र तीन चौका प्रहार गरी ५६ रन जोडे । यसैगरी, डक्रेलले केवल नौ बलमा पाँच छक्काको सहयोगमा ३५ रन जोड्दा आयरल्यान्डले ओमानविरुद्ध २३६ रनको लक्ष्य प्रस्तुत गर्‍यो ।

प्रत्युत्तरमा ओमानका लागि केवल दुई ब्याट्सम्यानले मात्र उत्कृष्ट प्रदर्शन गरेका थिए । ओपनर अमिर कालिमले २ ९ बलमा दुई छक्का र र पाँच चौकाको सहयोगमा ५० रनको योगदान दिए । चौथो क्रमका खेलाडी हमिद मिर्जाले २७ बलमा एक छक्का र ६ चौकाको मद्दतमा ४६ रन जोडेका थिए । ओमानका सात ब्याट्सम्यानले दोहोरो अंकमा रन नै बनाउन सकेनन् । आयरल्यान्डका लागि जोस लिटलले १६ रन खर्चेर तीन विकेट हात पारे ।

इंग्ल्यान्ड दोस्रो स्थानमा उक्लियो

दुईपटकको विजेता इंग्ल्यान्ड समूह 'सी'को दोस्रो स्थानमा उक्लिएको छ । प्रतियोगिताको शनिबार इर्डन गार्डेन रंगशालामा इंग्ल्यान्डले छिमेकी राष्ट्र स्कटल्यान्डलाई पाँच विकेटले हराउँदै दोस्रो स्थान रक्षा गरेको हो । पहिलो ब्याटिङ गरेको स्कटल्यान्डले १९.४ ओभरमा सबै विकेट गुमाएर १५२ रनको योगफल खडा गर्‍यो । प्रत्युत्तरमा इंग्ल्यान्डले १८.२ ओभरमा पाँच विकेटको क्षतिमा १५५ रन जोड्दै दुई अंक जोड्यो ।

इंग्ल्यान्डले तीन खेलबाट चार अंक जोड्दा दुई जित र एक हारको सामना गरेको छ । स्कटल्यान्डले तीन खेलमा एक जित र दुई हार निकाली दुई अंक जोडेको छ । स्कटल्यान्ड तेस्रो र दुई अंक जोडेको इटाली चौथो स्थानमा छ । इंग्ल्यान्डको जितमा जाकोब वेथल र टोम बन्टोनले तेस्रो विकेटका लागि ६६ रनको साझेदारी गरेका थिए । जाकोबले २८ बलमा ३२ रन बनाए । टोमले ४१ बलमा चार चौका र तीन छक्का हिर्काएर सर्वाधिक ६३ रन जोडेका थिए ।

स्कटल्यान्डको कसिलो बलिङमा इंग्ल्यान्ड मध्यक्रममा धैर्यतापूर्वक ब्याटिङ गरेको थियो । साम कुरानले २० बलमा २८ रन तथा विल ज्याक्सले १० बलमा १६ रन जोडे ।

यसअघि पहिलो ब्याटिङ गरेको स्कटल्यान्डविरुद्ध आदिल रसिदले तीन विकेट लिएका थिए र फास्टबलर जोफ्रा आर्चर र लिआम ड्वासनले समान दुई विकेट हात पारे । स्कटल्यान्डको ब्याटिङमा दोस्रो ओपनर माइकल जोनेसले २० बलमा पाँच चौकार एक छक्का प्रहार गरी ३३ रन बनाए । कप्तान रिचिए बेरिंटनले ३२ बमला ४९ रनको योगदान दिए ।



कोलम्बोमा आज भारत र पाकिस्तान भिड्दै

एजेन्सी

आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिताको महत्त्वपूर्ण खेल भारत र पाकिस्तानबिच हुन भएको छ । दुई छिमेकी मैदान मात्र नभएर बाहिर पनि राजनीति टकरावका कारण यो खेल सधैं रोमाञ्चक र तनावपूर्ण रहने गर्छ । आयोजक तथा प्रायोजकहरूले पनि भारत र पाकिस्तानलाई एकै समूहमा राखी प्रतिस्पर्धा गराउँदै करोडौं अमेरिकी डलर आर्जन गर्छन् । यसैकारण भारत र पाकिस्तानबिच टी-२० विश्वकपमा लगातार समूह चरणमै भेट भइरहेको छ । अघिल्ला नौमध्ये सात संस्करणमा दुई राष्ट्रबिच प्रतिस्पर्धा भएको देखिन्छ । जसमा भारतले पाकिस्तानलाई सात र पाकिस्तानले भारतलाई एकपटक हराएको रेकर्ड छ । पाकिस्तानको त्यो एक मात्र जित पनि सानदार रह्यो ।

सन् २०२१ को विश्वकपमा पाकिस्तानले पहिलोपटक विश्वकपमा भारतमाथि १० विकेटको सानदार जित निकालेको थियो । सो खेलमा फास्ट बलर साहिन अफ्रिदीले घातक बलिङ गरेका थिए । १० औं संस्करणमा भारत र पाकिस्तानबिच खेल लगभग नभइसकेको थियो । पाकिस्तानले आफ्ना खेलाडीको सुरक्षा तथा बंगलादेशको भारतमा गएर विश्वकप नखेल्ने निर्णय सहमति जनाउँदै विश्वकपमा भारतविरुद्ध उनीहरूको मैदान नखेल्ने घोषणा गरेको थियो ।

सहआयोजक श्रीलंकाको मैदानमा भने पाकिस्तानले भारतसँग प्रतिस्पर्धा गर्ने सहमति जनाएको थियो । तर, आइसिसीले पूर्वनिर्धारित कार्यक्रम यथावत् रहने जनायो । पाकिस्तानलाई भारतविरुद्ध खेलाउन आइसिसीले अन्तिम समयसम्म वार्ता गरेको थियो । पाकिस्तानले बंगलादेशलाई अनुशासनदेखि आर्थिक कारबाही गर्ने प्रस्ताव आइसिसीसमक्ष राखेको थियो । साथसाथै बंगलादेशलाई आइसिसीको कुनै पनि ठुलो इभेन्टको आयोजक राष्ट्र बनाउने प्रस्ताव स्वीकार गर्दा मात्र पाकिस्तानले भारतविरुद्ध खेल्ने सहमति गर्‍यो । भारतसँग प्रतिस्पर्धा नगर्दा आयोजक, आइसिसी तथा मिडिया ठुलै आर्थिक क्षति व्यहोर्नुपर्ने अवस्था आइरहेको थियो । विश्वकपको आर्थिक पक्षमा भारत र पाकिस्तानबिचको खेलमा एउटा ठुलो हिस्सा रहेको तथ्यांकले देखाएको छ ।



भारत र पाकिस्तान अपराजित

समूह 'ए'मा भारत र पाकिस्तान अपराजित रहेका छन् । दुवैले दुई-दुई खेल जितका छन् । यस खेलको विजेता सुपर एटमा पुग्नेछ । ब्याटिङ र बलिङमा भारत र पाकिस्तानले राम्रो प्रदर्शन गरिरहेको छ । भारतको बलियो पक्ष नै ब्याटिङ हो । अघिल्लो खेलमा भारतले नामिबियाविरुद्ध दुई सय रनमाथि योगफल बनाएको थियो । पाकिस्तानको ओपनिङ र मध्यक्रम बलियो छ । बलिङमा पाकिस्तान सधैं राम्रो नै मानिन्छ । कोलम्बोको पिच ब्याट्सम्यानलाई नभएर बलरलाई राम्रो मानिन्छ । यसमा पनि स्पिनर प्रभावशाली बन्नेछ ।

अहिलेसम्मका नतिजा

सन् २००७ भारतले समूह चरणमा पाकिस्तानलाई बोल्डआउटमा हराएको थियो । त्यही विश्वकपको फाइनलमा भारतले पाकिस्तानलाई पाँच रनले निराश बनायो

सन् २०१२ समूह चरणमा पुनः एकपटक प्रतिस्पर्धा हुँदा पाकिस्तान भारतसँग आठ विकेटले पराजित

सन् २०१४ समूह चरणमा भारतले एकपक्षीय जित निकाल्ने क्रममा पाकिस्तानमाथि सात विकेटको जित

सन् २०१६ समूह चरणमा पाकिस्तानको कमजोर बलिङ प्रदर्शनमा भारत ६ विकेटले विजयी

सन् २०२१ विश्वकपमा पहिलोपटक पाकिस्तानले भारतमाथि सानदार १० विकेटले जित निकाल्यो । विश्वकपमा पहिलोपटक पाकिस्तान १० विकेटले विजयी भएको थियो ।

सन् २०२२ भारतले समूह चरणमा पाकिस्तानमाथि चार विकेटको जित दर्ता गर्‍यो ।

सन् २०२४ भारत र पाकिस्तानले लगातार सातौंपटक समूह चरणमा प्रतिस्पर्धा गरे । अमेरिका र वेस्ट इन्डिजमा भएको विश्वकपमा भारतले पाकिस्तानलाई ६ रनले पाखा लगायो ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com